सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ असोज २०८२, आइतबार (12 Oct 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जेन-जी आन्दोलनमा भएको
सरकारी क्षतिको प्रारम्भिक तथ्यांक

४४० सरकारी संरचनामा डेढ खर्बको क्षति

क्षति अझै धेरै भएको छ, किनभने यो प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मन्त्रालयसहित सिंहदरबारका संरचना, मन्त्री निवासलगायत २१ कार्यालयबाहेकमा भएको क्षतिको तथ्यांक मात्र हो



जेन-जी आन्दोलनका क्रममा जलेर ध्वस्त भएको हेटौंडास्थित बागमती प्रदेश सभाको नवनिर्मित भवन। १२ करोड २९ लाखमा साढे चार वर्ष लगाएर यो भवन बनाइएको थियो। २७ साउनबाट सञ्चालनमा ल्याइएको यो भवनमा तीनवटा मात्र सभा बसेको थियो।

पवन तिमिल्सिना/नयाँ पत्रिका

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा देशभरका ४४० सरकारी भवन तथा संरचनामा डेढ खर्बबराबरको क्षति पुगेको प्रारम्भिक आकलन गरिएको छ। तर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मन्त्रालयसहित सिंहदरबारका संरचना, मन्त्री निवासलगायत २१ कार्यालयको क्षतिको विवरण भने यसमा समेटिएको छैन। संघीय सहरी विकास तथा भवन निर्माण सचिवालयमातहतका यी कार्यालयको विवरण संकलन भइरहेकाले क्षतिको हिसाब अझै बढी आउनेछ।

क्षतिग्रस्त ४४० सरकारी संरचनाको आर्थिक हिसाब निकालेको सहरी विकास मन्त्रालयले सबैभन्दा बढी कास्कीमा ७० सरकारी भवनमा क्षति पुगेको जनाएको छ। त्यस्तै, काठमाडौंमा ५६ र चितवनमा ५३ भवनमा आगजनी तथा तोडफोड भएको मन्त्रालयको तथ्यांक छ। मोरङमा ४३, कैलालीमा ३४, रुपन्देहीमा ३१, बाँकेमा २९, झापा, दाङ र पर्सामा २०-२०, धनुषामा १७ र सप्तरीमा १३ भवनमा क्षति भएको छ। त्यस्तै, डोटीमा १०, रामेछापमा आठ, सुर्खेतमा ६, धादिङमा तीन, जुम्ला र बागलुङमा दुई-दुई र ओखलढुंगामा एक सरकारी भवनमा क्षति पुगेको मन्त्रालयले जनाएको छ। भाडाको घरमा रहेका इलामको निर्वाचन कार्यालय र करदाता सेवा कार्यालयमा पनि क्षति पुगेको छ। यी क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र नयाँ निर्माणका लागि

» पृष्ठ २ मा क्रमशः

क्षतिको विस्तृत अध्ययन गर्न विदेशबाट प्राविधिक विज्ञ ल्याउने सोच छ

● **गोपाल सिग्देल,** सचिव, सहरी विकास



हालसम्म देशभर डेढ खर्बहाराहारी सरकारी भवनमा क्षति भएको अनुमान छ। यद्यपि, कति क्षति भएको छ भन्ने यकिन विवरण अध्ययनपछि मात्रै प्राप्त हुनेछ। नेपालमा आगजनीबाट हुने भवनको क्षतिपछिको पुनर्निर्माणका लागि क्षतिको अवस्था यकिन गर्ने प्राविधिक नै छैनन्। संसारभर नै यससम्बन्धी प्राविधिकको कमी रहेको बुझिएको छ। हामीले प्रारम्भिक चरणमा मर्मत गर्न सकिने सामान्य क्षति भएका भवनको अध्ययन तथा डिजाइन गर्ने तयारी गरेका छौं। आगजनीबाट भएका क्षतिको विस्तृत अध्ययन गर्न विदेशबाट प्राविधिक विज्ञ नियुक्त गर्ने सोचमा छौं।

धेरै क्षति भएका २१ कार्यालयको विवरण भने संकलन हुँदै

सहरी विकास मन्त्रालयले प्रारम्भिक आकलन गरेको क्षतिको तथ्यांकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मन्त्रालयसहित सिंहदरबारका संरचना, मन्त्री निवासलगायत २१ कार्यालयको विवरण भने समेटिएको छैन। संघीय सहरी विकास तथा भवन निर्माण सचिवालयमातहतका २१ कार्यालयको विवरण संकलन भइरहेका छ। सचिवालयले प्रधानमन्त्री कार्यालय र निवास तथा सभागृह, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र सचिवालयसहित सिंहदरबार र मातहतका मन्त्रालय, मन्त्री निवास, महान्यायाधिवक्ताको कार्यालय, गुणस्तर तथा नापतौल विभाग, यातायात व्यवस्था विभाग, राष्ट्रिय सभा उपाध्यक्ष र प्रतिनिधिसभाको उपसभामुखको निवाससमेत निर्माण र रेखदेख गर्ने गरेको छ। त्यसैले यहाँ भएको क्षति विवरण सचिवालयले नै संकलन गरिरहेको हो।

किन अल्झियो ओली र लेखकमाथि कारबाहीको उजुरी ?

मानवता र राज्यविरुद्धको अपराधका दुई-दुईवटा उजुरी विचाराधीन, प्रहरी अलमलमा

टेकराज थामी/नयाँ पत्रिका

७६ व्यक्ति मारिएको जेन-जी आन्दोलनको पहिलो दिन २३ भदौमै बानेश्वर क्षेत्रमा मात्रै १७ सहित १९ युवाको हत्या भएको थियो। छाती र टाउको ताकेर ती निहत्था नौजवानको हत्या हुँदा केपी ओली प्रधानमन्त्री र रमेश लेखक गृहमन्त्रीमा आसीन थिए। सहिदका परिवार र जेन-जी समूहले हत्याको जिम्मा ओली र लेखकले लिनुपर्ने माग गर्दै दिएको किटानी उजुरी पाँच दिन बितिसक्दा पनि दर्ता भएको छैन।

सहिद परिवारका सदस्यले २१ असोजमा जिल्ला प्रहरी परिसर काठमाडौंमा २१ असोजमा ओली र लेखकविरुद्ध किटानी उजुरी दिएका थिए। त्यस्तै, अभियन्ता सुदन गुरुङ समूहले अघिल्लै दिन २० असोजमा उजुरी दिएको थियो। तर, प्रहरीले उक्त उजुरी आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भन्दै जेन-जी आन्दोलन दमनको घटना जाँचबुझ गर्न गठित आयोगमा पठाएको थियो। तर, आयोगले फौजदारी कसुरका घटनामा प्रहरीले जुनसुकै वेला पनि अनुसन्धान गर्न सक्ने जवाफसहित बिहीबार उक्त उजुरी प्रहरी परिसरमै फिर्ता गरिदिएको थियो। यद्यपि, उक्त उजुरी दर्ता गरेर अनुसन्धान अघि बढाउने सम्बन्धमा प्रहरी अझै अलमलमै छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले आयोगबाट फिर्ता आएको जाहेरीका सम्बन्धमा कानुनी परामर्श भइरहेको

» पृष्ठ २ मा क्रमशः

● ७६ व्यक्ति मारिएको जेन-जी आन्दोलनको पहिलो दिन २३ भदौमै बानेश्वर क्षेत्रमा मात्रै १७ सहित १९ युवाको हत्या भएको थियो, छाती र टाउको ताकेर ती निहत्था नौजवानको हत्या हुँदा केपी ओली प्रधानमन्त्री र रमेश लेखक गृहमन्त्रीमा आसीन थिए। सहिदका परिवार र जेन-जी समूहले हत्याको जिम्मा ओली र लेखकले लिनुपर्ने माग गर्दै दिएको उजुरी भने अझै दर्ता भएको छैन।



ओली



लेखक

कसरी अघि बढ्ने कानुनी परामर्शमै छौं



● **पवन भट्टराई,** प्रवक्ता, काठमाडौं प्रहरी परिसर

हामीले पठाएको जाहेरी आयोगले हामीलाई नै फिर्ता गरेको छ। यस सम्बन्धमा कानुनी प्रक्रिया कसरी अघि बढाउने, कानुनको कुन दफालाई समातेर अघि बढ्ने भन्नेबारे कानुनी परामर्श भइरहेको छ। शनिबार बिदा भएकाले आइतबार कार्यालय खुलेलगत्तै परामर्श सुरु हुनेछ।

प्रहरीले हामीसँग छलफल गरेकै छैन



● **रामहरि काफ्ले,** सहन्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौं

निवर्तमान प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध परेको जाहेरी जाँचबुझ आयोग पुगेर फेरि प्रहरीमै फिर्ता भएको जानकारी छ। किनभने प्रहरीले उजुरी पठाउँदा र आयोगले फिर्ता गर्दा हामीकहाँ पनि बोधार्थ आउँछ। त्यसबाहेक कुन कसुरमा मुद्दा दर्ता गर्ने, अनुसन्धान प्रक्रिया कसरी अघि बढाउने भनेर हामीकहाँ कुनै छलफल भएको छैन। आइतबारपछि परामर्श होला कि ?

सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसी भन्छन्-

मुलुकी फौजदारी संहिता ऐनमार्फत कारबाही अघि बढाउन सकिन्छ, प्रहरीले आँट गर्नुपर्छ



२३ र २४ भदौको आन्दोलनमा मुलुकमा ७६ जना मारिए। यो नरसंहार हो। त्यसैले तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध मुलुकी फौजदारी संहिता ऐन, २०७४ कै दफा प्रयोग गरी कानुनी कारबाही अघि बढाउन सकिन्छ। उनीहरू मुलुकको संविधानभन्दा माथि छैनन्, अनुसन्धानका लागि प्रहरीले आँट गर्नुपर्छ।

जेन-जी अभियन्ता रक्षा बम भन्छिन्-

कोही व्यक्ति शक्तिमा हुँदैमा उनीहरूले गरेको कसुरविरुद्ध जाहेरी दर्ता नहुने भन्ने हुँदैन



पीडितलाई जाहेरी हाल्ने अधिकार छ, उहाँहरूको जाहेरी दर्ता हुनुपर्छ। हामी अहिले पनि सहिद परिवारसँगै छौं, परामर्श गरिरहेका छौं। कोही व्यक्ति शक्तिमा हुँदैमा उनीहरूले गरेको कसुरविरुद्ध जाहेरी दर्ता नहुने भन्ने हुँदैन। यो फौजदारी प्रकृतिको अपराध भएकाले जाँचबुझ आयोगको प्रतिवेदन कुरिरहनुपर्दैन। यसबारे आयोगले पनि स्पष्ट पारिसकेको छ।

उजुरीबारे प्रहरीले कानुनी परामर्शसम्म गरेन

प्रहरीले कानुनको कुन दफाअनुसार कारबाही प्रक्रिया अघि बढाउने भन्ने सन्दर्भमा परामर्श लिने प्रारम्भिक निकाय सम्बन्धित जिल्लास्थित जिल्ला सरकारी वकिलको कार्यालय हो। काठमाडौंको घटना भएकाले प्रहरी परिसरले काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयसँग कानुनी परामर्श लिनुपर्ने हो। योभन्दा पनि माथिल्लो निकायसँग परामर्श लिनुपर्ने अवस्था आए महान्यायाधिवक्ताको कार्यालयमा जाने हो। तर, प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले कानुनी परामर्श भइरहेको बताए पनि सरकारी वकिलको कार्यालयले भने त्यस्तो परामर्श नभएको जनाएको छ। जबकि जाँचबुझ आयोगबाट उजुरी फिर्ता आएको दुई दिन (शनिबारबाहेक) बितिसकेको छ।

शीतलनिवासमा प्रधानमन्त्री र जेन-जी प्रतिनिधिबिच छलफल

निर्वाचन र सुशासन प्रधानमन्त्रीको प्राथमिकता

सरकारको एक महिनाको काममा जेन-जी सन्तुष्ट

नयाँ पत्रिका



तपाईंहरू (जेन-जी)कै म्यान्डेटअनुसार सरकारले काम गरिरहेको छ। कानुन र संविधानसँग नबाझिने प्रकारका माग सम्बोधन गरेर अघि बढ्न सकिन्छ। संविधान संशोधनलगायत विषय चुनावपछि प्रतिनिधिसभाको दुईतिहाइ मतले गर्न सक्छ। अन्तरिम सरकारको पहिलो म्यान्डेट चुनाव गराउने हो। संविधान संशोधनको म्यान्डेट अहिलेको सरकारको होइन।

● छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, सञ्चारमन्त्री जगदीश खरेल र शिक्षामन्त्री महावीर पुन सहभागी थिए। मन्त्रीहरूले सरकारले गरिरहेको कार्यबारे जानकारी दिएको छलफलमा सहभागी जेन-जी प्रतिनिधि रक्षा बमले बताइन्। 'नागरिक सरकारको एक महिनाको कार्य सन्तोषजनक छ भन्ने हामी सबैको निष्कर्ष रह्यो,' उनले भनिन्, 'मन्त्रीहरूको ब्रिफिङ पनि सुन्यौं।'

राष्ट्रपति रामचन्द्र पौडेल अचानक अस्वस्थ भएपछि उनले बोलाएका जेन-जी प्रतिनिधिसँग प्रधानमन्त्री सुशीला कार्कीले शनिबार शीतलनिवासमा छलफल गरेकी छिन्। प्रधानमन्त्री कार्कीले २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गराउने सरकारको प्रमुख प्राथमिकता रहेको बताएकी छिन्।

एक घण्टा लामो छलफलमा जेन-जी आन्दोलनको एक महिना, चुनावी तयारी, भ्रष्टाचारविरुद्धको काम र सुशासनका लागि सरकारी कदमलगायतमा छलफल भएको छ। राष्ट्रपति पौडेलको त्रिवि शिक्षण अस्पतालमा उपचार भएको छ।

प्रधानमन्त्री र मन्त्रीहरूसमेत सम्मिलित छलफलमा २० जना जेन-जी प्रतिनिधि सहभागी थिए। छलफलमा सहभागी जेन-जी प्रतिनिधि रक्षा बमले सरकारका काम, निर्वाचन तयारी र सुशासनलगायत विषयमा छलफल भएको बताइन्। 'राष्ट्रपति बिरामी हुनुभएकाले उहाँसँग भेट भएन। प्रधानमन्त्री र मन्त्रीहरूसँग छलफल गर्‍यौं,' उनले नयाँ पत्रिकासँग भनिन्, 'सरकारले गरेका काम, प्रतिनिधिसभाको आसन्न निर्वाचन तयारी र सुशासनलगायत विषयमा छलफल भएको छ।'

छलफलमा प्रधानमन्त्री कार्कीले सरकारले जेन-जी आन्दोलनको मर्मअनुसार काम गरिरहेको प्रस्ट्याएकी छिन्।

» पृष्ठ २ मा क्रमशः

एक महिनादेखि न्यायालय ठप्प



सर्वोच्च र काठमाडौं जिल्ला अदालतले छठपछि मात्र सेवा सञ्चालन गर्ने

(विस्तृत पृष्ठ २)

महाधिवेशन मिति विवादले दुई दिन सच्यो कांग्रेस केन्द्रीय समिति

मंसिरमै नियमित महाधिवेशन गर्नुपर्ने अडानमा इतर समूह, प्रतिवादमा संस्थापन



ओली अस्वस्थ भएपछि एमाले सचिवालय बैठक पनि रोकियो

(विस्तृत पृष्ठ ३)

पुरानै ठेक्काबाट बिपी राजमार्गको पुनर्निर्माण

१७-१९ असोजको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माण पुरानै ठेक्कामा थप्ने तयारी, ठेकेदारलाई भेरिएसनको सुविधा



(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संघीयता कार्यान्वयनमा संरचनागत त्रुटि

प्रदेशमा उपसचिव रहेका पौड्याल संघमा शाखा अधिकृत !

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयमा उपसचिवमा कार्यरत देवीप्रसाद पौड्याललाई संघीय सरकारले शाखा अधिकृतका रूपमा हुम्लाको चंखेली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरुवा गरेपछि निजामती प्रशासनमा चर्चा र विवाद



सुवास भट्ट/नयाँ पत्रिका

एउटै कर्मचारी संघ र प्रदेशमा फरक-फरक तहमा ! कर्णाली प्रदेशमा उपसचिव र संघीय सरकारमा शाखा अधिकृत ! संघीयता कार्यान्वयनमा यस्तै संरचनागत त्रुटिको उदाहरण बनेका छन्- देवीप्रसाद पौड्याल। उपसचिवका रूपमा कर्णालीमा कार्यरत पौड्याललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शाखा अधिकृतको हैसियतमा गाउँपालिकामा सरुवा गरेको छ।

प्रदेश सरकारले पौड्याललाई आफ्नै ऐनअनुसार उपसचिवमा बढुवा

» पृष्ठ २ मा क्रमशः

■ प्रदेशबाट बढुवा

प्रदेश लोकसेवाले गरेको थियो उपसचिवमा बढुवा

कर्णाली प्रदेश लोकसेवा आयोगले २५ वैशाख ०८१ मा प्रकाशन गरेको प्रदेश निजामती सेवा नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको विज्ञापनमार्फत उपसचिव पदमा विज्ञापन आह्वान गरेको थियो। त्यसै विज्ञापनबाट पौड्याल ज्येष्ठतातर्फ उपसचिव पदमा बढुवा भएका थिए।




● **वीरेन्द्रबहादुर केसी,** कानुनसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कर्णाली

कर्णाली प्रदेश सरकार नै अदालत गएको छ। पौड्याल एक्लै नभएर अरू सातजनासमेत जोडिएका छन्। अहिले यस विषयमा अरू बोल्न मिल्ने अवस्था छैन, अदालतले नै टुंग्याउला।

■ संघले दिएन मान्यता

'कामकाजमा छँदा प्रदेशमा बढुवा लिन मिल्दैन'

पौड्याल समायोजन ऐन, २०७५ बमोजिम संघीय सेवामा समायोजन भएका कर्मचारी हुन्। तल्ला तहमा कर्मचारी व्यवस्थापनका लागि उक्त ऐनको व्यवस्थाबमोजिम सरकारले कर्णाली प्रदेशमा कामकाजका लागि उनलाई पठाएको थियो। कामकाजमै रहेका वेला उनी प्रदेश लोकसेवाबाट बढुवा भए। संघको तर्क छ- कामकाजमा छँदा प्रदेशमा बढुवा लिन मिल्दैन।



● **कालीप्रसाद पराजुली,** प्रवक्ता, संघीय मामिला मन्त्रालय

उहाँको दरबन्दी संघमै छ। कामकाजका लागि उहाँलाई कर्णाली पठाइएको रहेछ। उहाँ संघको रेकर्डमा शाखा अधिकृत नै हुनुहुन्छ। संघको दरबन्दीअन्तर्गतको मन्त्रालयले उहाँको सरुवा गरेको हो। प्रदेशमा समायोजन नभई बढुवा हुन मिल्दैन, छलफल हुँदै छ।

■ यस्तै प्रकृतिको पाँचौं तहको बढुवा विज्ञापनमा प्रदेश लोकसेवाले लिएन संघीय खरिदारको दरखास्त

हाल देखिएको समस्याकै प्रकृतिको अर्को घटनामा पाँचौं तहको बढुवा विज्ञापनमा प्रदेश लोकसेवाले संघीय खरिदारको दरखास्त नै लिएको छैन। २९ माघ ०८१ मा प्रदेश निजामती सेवाका पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाका लागि सूचना प्रकाशन गरिएको थियो। त्यसमा संघमा समायोजन भई ऐनबमोजिम कर्णालीमा खटिएर सेवा गरिरहेको राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार पदमा कार्यरत कर्मचारीले प्रदेश लोकसेवा आयोगमा बढुवा निवेदन साथ दरखास्त पेस गरेको थिए। तर, लोकसेवाले उनीहरू प्रदेशमा समायोजन नभएको र बढुवाका लागि योग्य नभएको भनी दरखास्त फाराम नै बुझ्न अस्वीकार गरिदिएको थियो। यसका विरुद्ध निवेदक धर्मसिंह बुढा, दीपककुमार दसौंदीसमेतले गत ७ चैतमा उच्च अदालत सुर्खेतमा रिट दायर गरे। तर, न्यायाधीशद्वय कृष्णलाल भट्टराई र मदन पोखरेलको संयुक्त इजलासले निवेदकहरू संघमा समायोजन भएका र कर्णाली प्रदेश निजामती सेवा ऐनको व्यवस्थाबमोजिम प्रदेश निजामती सेवाको पाँचौं तहमा बढुवाका लागि योग्य नभएको भनी प्रदेश लोकसेवा आयोगको निर्णय बदरभागी नभएको भन्दै रिट निवेदन खारेज गरिदिएको थियो।

प्रदेशमा उपसचिव...

पृष्ठ १ बाट क्रमशः

गरिसकेको थियो भने संघले अझै शाखा अधिकृतकै दरबन्दीमा गणना गरेको छ। यसले कर्णालीमा संघ-प्रदेशबिचको समन्वय अभाव सतहमा आएको छ र विवाद पनि सिर्जना गरेको छ।

प्रदेशबाट उपसचिव बढुवा लिइसकेका व्यक्तिलाई संघले शाखा अधिकृत भनेर सरुवा गरिदिएपछि यो विषय चर्चा र विवादमा छ। साथै मुद्दा न्यायालयसम्म पुगेको छ।

उनको बढुवादेखि सरुवासम्मको घटनाक्रम हेरेपछि मात्र कर्मचारी प्रशासन र संघीयताभित्रका दुई तहबिचको कानुनी समन्वयहीनता बुझ्न सकिन्छ। किनभने पौड्याल संघीय दरबन्दीमा रहेका कर्मचारी भए पनि प्रदेश लोकसेवा आयोगको विज्ञापनमार्फत ज्येष्ठताका आधारमा उपसचिवमा बढुवा भएका हुन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही १२ भदौमा ९७ जना शाखा अधिकृत सरुवा गर्‍यो। यही सरुवा-सूचीको ६६औँ नम्बरमा छन्, पौड्याल। कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयमा उपसचिव पदमा कार्यरत उनलाई हुम्लाको चंखेली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरुवा गरिएको छ।

कर्णाली प्रदेश लोकसेवा आयोगले २५ वैशाख ०८१ मा प्रकाशन गरेको प्रदेश निजामती सेवा नवौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको विज्ञापनमार्फत उपसचिव पदमा विज्ञापन आह्वान गरेको थियो। त्यसै विज्ञापनबाट पौड्याल ज्येष्ठतातर्फ उपसचिव पदमा बढुवा भएका थिए।

प्रदेश सेवाअन्तर्गत आफ्नो कर्मचारी भनेर प्रदेशले बढुवा गरिसकेका कर्मचारीलाई संघले सरुवा गरिदिने कुरा कानुनतः मिल्दैन। तर, यसका पछाडि लामो कहानी जोडिन्छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले संघीय दरबन्दीमा रहेका कर्मचारीलाई मन्त्रालयले सरुवा गरेको बताए। 'उहाँको दरबन्दी संघमै छ। कामकाजका लागि उहाँलाई कर्णाली पठाइएको रहेछ,' उनले नयाँ पत्रिकासँग भने, 'उहाँ संघको रेकर्डमा शाखा अधिकृत नै हुनुहुन्छ। संघको दरबन्दीअन्तर्गतको कर्मचारीलाई मन्त्रालयले सरुवा गरेको हो।' कामकाजमा कार्यरत छँदा प्रदेशमा बढुवा लिने कुरा कानुनी रूपमा नमिल्ने प्रवक्ता पराजुलीले बताए। 'प्रदेशमा समायोजन नभई बढुवा हुन मिल्दैन, यस विषयमा छलफल हुँदै छ,' उनले भने।

संघले कामकाजमा खटाएको कर्मचारीलाई प्रदेशले बढुवा गरिदिएपछि उत्पन्न विवाद अदालतमै पुगेको छ। संघले आफ्नो काममा बाधा पुर्‍याएको प्रदेशको बुझाइ छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुनसचिव वीरेन्द्रबहादुर केसीले यो विषय अहिले सर्वोच्च अदालतमा पुगेको र पौड्याल एक्लै नभएर अरू सातजनासमेत जोडिएको बताए। 'कर्णाली प्रदेश सरकार नै अदालत गएको छ। पौड्याल एक्लै नभएर अरू सातजनासमेत जोडिएका छन्। अहिले यस विषयमा अरू बोल्न मिल्ने अवस्था छैन, अदालतले नै टुंग्याउला,' उनले नयाँ पत्रिकासँग भने।

विवाद शृंखला

पौड्याल समायोजन ऐन, २०७५ बमोजिम संघीय सेवामा समायोजन भएका कर्मचारी हुन्। संघीयता कार्यान्वयनका चरणमा तल्ला तहमा कर्मचारी व्यवस्थापनका लागि उक्त ऐनको व्यवस्थाबमोजिम उनलाई सरकारले कर्णाली प्रदेशमा कामकाजका लागि भनेर पठाएको थियो। काममा खटिरहेकै वेला पौड्याल कर्णाली प्रदेशको लोकसेवा आयोगबाट नवौँ तहमा बढुवा सिफारिस भए। उनीसँगै शाखा अधिकृतहरू निर्मला रेग्मी, देवीलाल सापकोटा र प्रेमप्रसाद आचार्यले पनि एकैसाथ बढुवा लिए। तर, पौड्याललगायतलाई बढुवा गर्ने लोकसेवाले खोलेको विज्ञापनमा प्रश्न पनि उठेको छ। संघमा समायोजन भएर प्रदेशमा कामकाजमा खटिएका अन्य शाखा अधिकृतहरूको भने बढुवा विज्ञापनमा लोकसेवाले दरखास्तै नलिएको ती कर्मचारीहरूले बताएका छन्।

निजहरू संघीय सेवामा समायोजन भएको र प्रदेश निजामती सेवामा समायोजन नभएका कारण लोकसेवाले दरखास्त बुझ्न नमानेको कर्मचारीहरूको गुनासो छ। 'तर, दरखास्त बुझ्ने मिति सकिएपछि मात्र संघबाट कामकाजमा खटिएका शाखा अधिकृतहरूमध्ये चारजनाको मात्र दरखास्त बुझिएको रहेछ,' पीडित कर्मचारीले नयाँ पत्रिकासँग भने।

प्रदेश लोकसेवाले दरखास्त संकलन तथा बढुवा स्वीकृत गरी आवश्यक कारबाहीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बढुवा समितिको सचिवालयमा पठाएको थियो। प्रशासनिक तथा राजनीतिक सम्बन्धका आधारमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र समायोजन ऐनको मर्मविपरीत कामकाजमा खटिएका संघीय शाखा अधिकृतहरूले प्रदेश निजामती सेवाको उपसचिव पदमा बढुवा लिएको आरोप एक अधिकृतको छ।

कर्णाली प्रदेश निजामती सेवा ऐनको दफा ३० को अयोग्यतासम्बन्धी व्यवस्थामा दफा २५ को उपदफा १ बमोजिम 'क' र 'ख' वर्गका भौगोलिक क्षेत्रमा कम्तीमा २३३ दिनका दरले रुजु हाजिर भई न्यूनतम सेवा अवधि पूरा नगरेको व्यक्ति बढुवाका लागि अयोग्य हुने व्यवस्था छ। तर, समायोजन ऐनबमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा एकपटकका लागि स्तर वृद्धि र बढुवाका लागि बाधा नपर्ने व्यवस्था ऐनमा छ। सो व्यवस्थाबमोजिम संघमा समायोजन भएका चारैजना कर्मचारी प्रदेशमा समायोजन ऐनबमोजिम कामकाजमा खटिएको अवस्था नरहेको र तोकिएको भौगोलिक क्षेत्रमा न्यूनतम सेवा अवधि पूरा नगरेका कारण बढुवाका लागि अयोग्य देखिने दाबी प्रदेशमा कार्यरत अधिकृतहरूको छ।

अख्तियारमा समेत उजुरी

प्रदेशले गैरकानुनी बढुवा गरेको भन्दै यसविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेको छ। आधारभूत कानुनी व्यवस्थाको मर्मविपरीत चारजना संघीय शाखा अधिकृतको कर्णाली प्रदेश निजामती सेवाको उपसचिव पदमा भएको बढुवामा चलखेल भएको भन्दै अख्तियार कार्यालय सुर्खेतमा उजुरी परेको हो। उजुरीका आधारमा बढुवासँग सम्बन्धित कागजात र तत्कालीन बढुवा समिति सचिवालयमा रहेका कर्मचारीको डिभाइससमेत छानबिनका लागि अख्तियारले नियन्त्रणमा लिएको छ।

कर्णालीमा अरू पनि यस्तै विवाद

बढुवाका यस्तै विवाद कर्णाली प्रदेशमा अरू पनि देखिएका छन्। संघीय स्वास्थ्य सेवाकी वरिष्ठ नर्सिङ अधिकृत दीपा भट्टराईको संघमा दरबन्दी कायम थियो। उनलाई कर्णाली प्रदेश स्वास्थ्य सेवामा कामकाजमा खटाइएको थियो। कर्णाली प्रदेश निजामती सेवा ऐनको व्यवस्थाबमोजिम बढुवाका लागि उनको योग्यता पुगेको थिएन। तर, उनलाई नवौँ तहमा बढुवा गरियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बढुवा समितिले १६ माघ ०८१ मा ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनतर्फ बढुवा सिफारिस गर्ने गरी सूचना प्रकाशित गरेको भनी बढुवा बदरका लागि उच्च अदालत सुर्खेतमा अर्की एक कर्मचारीले रिट हालिन्। अदालतले २० चैत ०८१ मा संघीय सेवामा समायोजन भई कामकाजमा कर्णालीमा कार्यरत भट्टराईको बढुवा निर्णय बदर गरिदियो। न्यायाधीशद्वय कृष्णलाल भट्टराई र मदन पोखरेलको संयुक्त इजलासले परमादेशबाट बढुवा बदर गरिदिएको थियो।

तर, अदालतको फैसला कार्यान्वयन नभएपछि रिट निवेदकले कर्णाली प्रदेश सरकारविरुद्ध अदालतको अवहेलनामा निवेदन हालेकी थिइन्। यसपछि कर्णाली प्रदेशले उक्त फैसलाबमोजिम भट्टराईको बढुवा बदर गरिदिएको थियो।

एक महिनादेखि न्यायालय ठप्प

सर्वोच्च र काठमाडौं जिल्ला अदालतले छठपछि मात्र सेवा सञ्चालन गर्ने

नयाँ पत्रिका




जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोड गरिएका सर्वोच्च अदालत र काठमाडौं जिल्ला अदालत

जेन-जी आन्दोलनमा भवन जल्दा सर्वोच्चसहित देशका विभिन्न अदालतमा एक महिनादेखि मुद्दाको सुनुवाइ ठप्प छ। भवनसँगै अदालतको केन्द्रीय सर्भरमा समेत क्षति भएपछि तत्काल सुनुवाइ असम्भव देखिएको हो।

सर्भरका डाटा रिकभरको काम भइरहेकाले तत्काल नियमित सुनुवाइ हुने सम्भावना नभएको सर्वोच्च अदालतले जनाएको छ। सर्वोच्चले हाल बन्दी प्रत्यक्षीकरणका रिटमा मात्र सुनुवाइ गरिरहेको छ।

सर्वोच्च अदालतका सूचना अधिकारी नीराजन पाण्डे सर्भरबाट डाटा रिकभरको प्रयास भइरहेको बताउँछन्। 'आगजनीका कारण सर्भरमा समेत क्षति भएकाले रिकभरको प्रयास भइरहेको छ,' उनी भन्छन्, 'जसकारण तत्काल नियमित सुनुवाइ गर्न समस्या हुने अवस्था छ, यद्यपि प्राथमिकताका आधारमा नष्ट भएका फाइल प्रमाणीकरण गरी सुनुवाइ नियमित गर्नेबारे गृहकार्य भइरहेको छ।' अंग पुगेका मुद्दाहरूलाई प्राथमिकतामा राखेर सुनुवाइ गर्ने गरी सर्वोच्चले गृहकार्य गरिरहेको छ। यद्यपि, यसको गृहकार्य छठअघि सम्भव नभएको सर्वोच्चका अधिकारी बताउँछन्।

मुद्दाको सुनुवाइबारे बिहीबार महान्यायाधिवक्ता कार्यालय र नेपाल बार एसोसिएसनलगायत सरोकारवालासँग छलफलको तयारी गरेको थियो। जसमा नयाँ रिटको दर्ता र सुनुवाइ तत्काल सुरु गर्नुपर्नेमा बारका अधिकारीले चासो दिएका थिए भने प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले छिटो सेवा सुचारु गर्ने प्रयास भइरहेको जानकारी गराएका थिए।

सो बैठकमा सहभागी नेपाल बार एसोसिएसनका महासचिव केदार कोइराला आगजनीमा धेरै क्षति भएकाले तत्काल सर्वोच्चबाट सेवा सुरु हुने सम्भावना कम रहेको बताउँछन्। 'अदालत लामो समय बन्द हुनु राम्रो होइन, धेरैलाई मर्का परेको छ,' उनी भन्छन्, 'छठलगत्तै अदालतका सेवा सञ्चालन गर्न बारले जोड दिएको छ, अदालतले प्रयास गरिरहेको छ।'

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा सर्वोच्च अदालतको मूल भवनमा आगजनी भएको थियो। भवन खण्डहर बन्दा त्यहाँ रहेका मुद्दाका ८० प्रतिशत फाइल जलेका छन्। सूचना प्रविधि शाखा पनि आगोका कारण ध्वस्त भएपछि एक महिनासम्म पनि मुद्दाको सुनुवाइ सुरु हुन नसकेको हो। इजलासहरूसमेत जलेकाले सँगै रहेको एनेक्स भवनमा इजलासहरू बनाउने काम भइरहेको छ। त्रिपालमा इजलास राखेर बन्दी प्रत्यक्षीकरणका मुद्दाको सुनुवाइ हुने गरेको छ। अदालतको सेवा छिटो सञ्चालनका लागि सरकारबाट पनि पर्याप्त सहयोग नभएको सर्वोच्च अदालतका अधिकारी बताउँछन्।

कम्तीमा रिटको दर्ता र सुनुवाइ अघि बढाउनुपर्नेमा धेरैको जोड छ। तर, अनलाइन प्रणालीमा गइसकेको अवस्थामा डाटा रिकभर नगरी त्यो पनि तत्काल सम्भव नभएको सर्वोच्चका अधिकारी बताउँछन्। सर्वोच्चसहित काठमाडौं जिल्ला अदालत, मोरङ जिल्ला अदालत, उच्च अदालत विराटनगर र उच्च अदालत तुलसीपुरमा धेरै क्षति पुगेकाले एक महिनासम्म सेवा सञ्चालन हुन नसकेको हो। काठमाडौं जिल्ला अदालतको मुख्य भवन प्रयोग गर्नै नमिल्ने गरी जलेको छ। धेरै क्षति नभएका अदालतले भने 'म्यानुलर' रूपमा पेसी सूची निकालेर सेवा सञ्चालन गर्न थालेका छन्। तर, केन्द्रीय सर्भर सञ्चालनमा नरहेकाले सिंगो न्याय प्रणाली नै अस्तव्यस्त अवस्थामा छ।

सर्वोच्चमा आगोलगायत महत्त्वपूर्ण कम्प्युटरका हार्डडिस्कसमेत चोरी भएका छन्। कसैले योजनाबद्ध रूपमा हार्डडिस्क चोरी गरेको आशंका न्यायालयका अधिकारीको छ। तर, प्रहरीले यसतर्फ विस्तृत अनुसन्धान गर्न भ्याएको छैन।

नष्ट भएका फाइल प्राप्ति र प्रमाणीकरणका लागि निर्देशिका तयार भइसकेको र त्यहीअनुसार सबै अदालतले काम थालेको सूचना अधिकारी पाण्डे बताउँछन्। कार्यविधिमा नष्ट भएका मिसिल कागजातहरूको प्राप्तिका लागि समय तालिका बनाउने उल्लेख छ। त्यस्तै, ६० दिनको समय दिई मुद्दाका पक्ष, सरकारी वकिल कार्यालय, कानुन व्यवसायी र अन्य सम्बद्ध निकायलाई अनुरोध गर्ने उल्लेख छ।

किन अल्झियो...

पृष्ठ १ बाट क्रमशः

बताए। 'हामीले पठाएको जाहेरी आयोगले हामीलाई नै फिर्ता गरेको छ। यस सम्बन्धमा कानुनी प्रक्रिया कसरी अघि बढाउने ? कानुनको कुन दफालाई समातेर अघि बढ्ने भन्नेबारे कानुनी परामर्श भइरहेको छ,' उनले भने, 'शनिबार सार्वजनिक बिदा भएकाले परामर्श गर्न सकिएन, आइतबार कार्यालय खुलेलगत्तै परामर्श सुरु हुनेछ।'

मृतकका परिवारमध्ये पुरुषोत्तम खतिवडा, ईश्वर अधिकारी, अमेरिकाकुमारी चौधरी र गणेश चौलागाईं ओली र लेखकविरुद्ध उजुरी लिएर २१ असोजमा काठमाडौं परिसर पुगेका थिए। तर, प्रहरीले उजुरी दर्ता गरेन, बरु जाँचबुझ आयोगमा 'फरवार्ड' गरिदियो। यसबिचमा उजुरी आयोगबाट आफूकहाँ नै आइपुग्दासम्म पनि प्रहरीले कानुनी परामर्शसम्म लिएको छैन। उजुरी दर्ता गरेर कानुनको कुन दफाअनुसार कारबाही प्रक्रिया अघि बढाउने भन्ने सन्दर्भमा परामर्श लिने प्रारम्भिक निकाय सम्बन्धित जिल्लास्थित जिल्ला सरकारी वकिलको कार्यालय हो। काठमाडौंको घटना भएकाले काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयसँग प्रहरीले कानुनी परामर्श लिनुपर्ने हो। योभन्दा पनि माथिल्लो निकायसँग परामर्श लिनुपर्ने अवस्था आए महान्यायाधिवक्ताको कार्यालयमा जाने हो। तर, प्रहरी परिसर काठमाडौंका एसपी भट्टराईले कानुनी परामर्श भइरहेको बताए पनि सरकारी वकिलको कार्यालयले भने त्यस्तो परामर्श नभएको जनाएको छ। जबकि जाँचबुझ आयोगबाट उजुरी फिर्ता आएको दुई दिन (शनिबारबाहेक) बितिसकेको छ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता रामहरि काफ्लेले ओली र लेखकविरुद्ध जाहेरी दर्ता गर्ने सम्बन्धमा हालसम्म कुनै परामर्श नभएको बताए। 'निवर्तमान प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध परेको जाहेरी जाँचबुझ आयोग पुगेर फेरि प्रहरीमै फिर्ता भएको जानकारी छ। किनभने प्रहरीले उजुरी पठाउँदा र आयोगले फिर्ता गर्दा हामीकहाँ पनि बोधार्थ आउँछ। त्यसबाहेक कुन कसुरमा मुद्दा दर्ता गर्ने, अनुसन्धान प्रक्रिया कसरी अघि बढाउने भनेर हामीकहाँ कुनै छलफल भएको छैन। आइतबारपछि परामर्श होला कि ?' उनले भने।

प्रहरीका अनुसार सहिदका परिवारले ओली र लेखकविरुद्ध मानवताविरुद्धको अपराधमा संलग्न रहेको तथा राज्यविरुद्धको अपराध पनि गरेको भन्दै उजुरी दिएका छन्। तर, नेपालको कानुनमा मानवताविरुद्धको अपराधलाई स्पष्ट व्याख्या नगरेकाले उजुरी दर्ता गर्न नसकेको काठमाडौं प्रहरी परिसरका एक उच्च अधिकृत बताउँछन्। 'उहाँहरू (पीडित)ले मानवताविरुद्धको अपराधमा कारबाही हुनुपर्ने भन्नुभएको छ। हाम्रो कानुनमा यस सम्बन्धमा कतै परिभाषित भएको देखिँदैन। त्यसो हुँदा यसलाई कसरी अघि बढाउने भन्ने अन्योल छ। यसकारण हामीले उजुरी आयोगमा पठाएका थियौँ,' उनले भने।

तर, सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी ओली र लेखकविरुद्ध मुलुकी फौजदारी संहिता ऐन, २०७४ कै दफा प्रयोग गरी कानुनी कारबाही अघि बढाउन सकिने बताउँछन्। '२३ र २४ भदौको आन्दोलनमा मुलुकमा ७६ जना मारिए। यो नरसंहार हो। त्यसैले, ओली र लेखकविरुद्ध मुलुकी फौजदारी संहिता ऐन, २०७४ कै दफा प्रयोग गरी कानुनी कारबाही अघि बढाउन सकिन्छ। उनीहरू मुलुकको संविधानभन्दा माथि छैनन्, अनुसन्धान प्रक्रिया अघि बढाउन प्रहरीले आँट गर्नुपर्छ।'

मुलुकी फौजदारी संहिता ऐन, २०७४ को दफा ३८ मा मानवताविरुद्धको कसुरलाई कसुरको गम्भीरता बढाउने अवस्थाअन्तर्गत व्याख्या गरेको छ। तर, कस्तो अपराध भए मानवताविरुद्धको अपराध हुने र घटनामा संलग्नविरुद्ध हुने सजायका सम्बन्धमा व्यवस्था गरिएको छैन। राज्यविरुद्धको अपराधका सम्बन्धमा भने उक्त कानुनमा स्पष्टसँग व्याख्या गरिएको छ। मुलुकी अपराध संहिता ऐन, २०७४ भाग २ को फौजदारी कसुर परिच्छेद १ मा राज्यविरुद्धको कसुरलाई व्याख्या गरिएको छ। उक्त ऐनको दफा ४९ मा को उपदफा ४ मा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा प्रादेशिक अखण्डता, राष्ट्रिय वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पारिए राज्यविरुद्धको अपराध ठहरिन्छ।

उक्त ऐनमा भनिएको छ, 'कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै कामकारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात वा सम्प्रदायबिचको सुसम्बन्ध खलल गर्नु वा गराउनु हुँदैन।' कसैले ऐन उल्लंघन गरे कसुरदारलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्मको जरिवाना हुने भनिएको छ।

जेन-जी अभियन्ता रक्षा बमले ओली र लेखकविरुद्ध पीडितले दिएको उजुरी प्रहरीले दर्ता गरेर कारबाही प्रक्रिया अघि बढाउनुपर्ने बताइन्। 'पीडितलाई जाहेरी हाल्ने अधिकार छ, उहाँहरूको जाहेरी दर्ता हुनुपर्छ। हामी अहिले पनि सहिद परिवारसँगै छौँ, परामर्श गरिरहेका छौँ,' उनले भनिन्, 'कोही व्यक्ति शक्तिमा हुँदैमा उनीहरूले गरेको कसुरविरुद्ध जाहेरी दर्ता नहुने भन्ने हुँदैन। यो फौजदारी प्रकृतिको अपराध भएकाले जाँचबुझ आयोगको प्रतिवेदन कुरिरहनुपर्दैन। यसबारे आयोगले पनि स्पष्ट पारिसकेको छ।'

सहिदका परिवारले उजुरी दिएको भोलिपल्ट 'हामी नेपाल' संस्थाका सञ्चालक एवं जेन-जी आन्दोलनका एक अगुवा सुदन गुरुङको समूहले पनि ओली र लेखकविरुद्ध मानवताविरुद्धकै अपराधमा उजुरी दिएको थियो। यो उजुरी पनि दर्ता भएको छैन। आन्दोलनमा उत्रिएका युवालाई गोली हानी हत्या गरिएको घटना मानवताविरुद्धको अपराध रहेको भन्दै उनीहरूले ओली र लेखकलाई तत्काल पक्राउ गर्न माग गरेका छन्।

२० भदौको घटनाबारे परिसर प्रवक्ता एसपी भट्टराईले भने, 'सुदन गुरुङसहितका टोली ओली र लेखकलाई तत्काल पक्राउ गर्न भन्दै उजुरी लिएर आएका थिए। घटना सम्बन्धमा आयोगले अनुसन्धान गरिरहेको भन्दै हामीले उहाँहरूलाई सम्झायौँ। कानुनी प्रावधानबारे पनि बुझायौँ। पछि उहाँहरू आफैँ कार्यालयबाट बाहिरिनुभएको हो। त्यसपछि आउनुभएको छैन।'

बालेन र सुदनविरुद्धको उजुरी पनि 'होल्ड'

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह 'बालेन' र अभियन्ता सुदन गुरुङविरुद्ध परेका दुई उजुरी पनि प्रहरीले 'होल्ड' गरेको छ। उनीहरूविरुद्ध एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियु र युवराज पौडेल 'सफल'ले छुट्टाछुट्टै उजुरी दिएका थिए। बालेन र गुरुङ आगजनी, तोडफोड, विध्वंस र राजद्रोहमा संलग्न रहेको भन्दै अनेरास्ववियुका महासचिव दीपक धामीलगायत विद्यार्थी नेताले लगेको उजुरी २३ असोजमा लिएको प्रहरीले दर्ता भने गरेको छैन।

ओली र लेखकको राहदानी रोक

जेन-जी आन्दोलनका क्रममा भएका घटनाको जाँचबुझका लागि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले निवर्तमान प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकसहित पाँचजनाको विदेश भ्रमण गत १२ असोजबाटै रोक लगाएको छ। अनुमतिविना काठमाडौं उपत्यकासमेत छाड्न नदिन सरकारका सम्बन्धित निकायलाई भनिसकेको छ। ओली र लेखकसहित तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुत्तराज थापा र काठमाडौंका तत्कालीन सिडिओ छविराज रिजालका नाममा यस्तो व्यवस्था गरिएको हो। आयोगको जाँचबुझ अवधिभर यो नियम लागू हुनेछ। आयोगलाई तीन महिनाको कार्यावधि तोकिएको छ।

निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

'तपाईंहरू (जेन-जी)कै म्यान्डेटअनुसार सरकारले काम गरिरहेको छ। कानुन र संविधानसँग नबाझिने प्रकारका माग सम्बोधन गरेर अघि बढ्न सकिन्छ। संविधान संशोधनलगायत विषय चुनावपछि प्रतिनिधिसभाको दुईतिहाइले मतले गर्न सक्छ,' छलफलमा प्रधानमन्त्री कार्कीले भनेकी थिइन्, 'अन्तरिम सरकारको पहिलो म्यान्डेट चुनाव गराउने हो। संविधान संशोधनको म्यान्डेट अहिलेको सरकारको होइन।'

राजनीतिक दलहरू जेन-जीको भावनाअनुसार पुनर्गठित हुनुपर्ने र उनीहरू निर्वाचनमा जाने वातावरण बनाउनुपर्नेमा प्रधानमन्त्री र जेन-जी प्रतिनिधिको एउटै स्वर थियो। 'हामी अझै पनि आन्दोलनमा भएको दमनको पीडामा छौँ। तर, पार्टीहरूलाई समेटेर जानुपर्छ, उनीहरूलाई स्पेस दिएर जानुपर्छ, पार्टी सुधार हुनुपर्छ भनिरहेका छौँ, यो कुरा राख्यौँ,' बमले भनिन्, 'तपाईं नै चुनावमा जानुस्, जनताले जिताएर पठाउँछन् भने स्वीकार गर्न तयार छौँ। तर, जेन-जी विद्रोहको भावनालाई सम्बोधन गर्नुपर्छ भन्ने हाम्रो भनाइ हो। जेन-जी पुस्ता दलहरूको विरुद्धमा छैन।'

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, सञ्चारमन्त्री जगदीश खरेल र शिक्षामन्त्री महावीर पुन सहभागी थिए। मन्त्रीहरूले सरकारले गरिरहेको कार्यबारे जानकारी दिएको बमले बताइन्। 'नागरिक सरकारको एक महिनाको कार्य सन्तोषजनक छ भन्ने सबैको निष्कर्ष रह्यो,' उनले भनिन्, 'मन्त्रीहरूको बिफ्रिङ पनि सुन्यौँ।'

छलफलमा जेन-जी प्रतिनिधिले सरकारमाथि लागेका आक्षेपबारे जिज्ञासा राखेका थिए। सरकार एनजिओबाट सञ्चालित भएको विषयमा एकजनाले प्रश्न राखेका थिए। बमका अनुसार प्रधानमन्त्री कार्कीको जवाफ थियो, 'हामी एनजिओबाट परिचालित भएको कहाँ देख्नुभयो ? यस्ता कुराको पछि नलाग्नुहोला।' बैठकमा भ्रष्टाचारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही अघि बढाइरहेको विषयमा पनि छलफल भएको थियो।

यसअघि जेन-जी आन्दोलनको एक महिनाको अवसरमा प्रधानमन्त्री कार्कीले २३ असोजमा संयम राख्न र हिंसाको चक्र रोक्न सबैसँग अपिल गरेकी छिन्। एक भिडियो सन्देश जारी गर्दै उनले भविष्यको नेपाल निर्माणमा जेन-जीलाई अर्थपूर्ण रूपमा सहभागी गराउन नयाँ संयन्त्र स्थापना गर्ने प्रतिबद्धता पनि जनाएकी छिन्। प्रधानमन्त्री कार्कीले युवा पुस्ताले गरेको क्रान्तिलाई सबैले स्वीकार गर्नुपर्ने बताएकी थिइन्।

'हाम्रा युवाहरूको बलिदानका पछाडि राजनीतिक र आर्थिक सुधार देख्ने तीव्र चाहना छ। देशमा न्याय, विधिको शासनको अपेक्षा छ। देशमा भ्रष्टाचार र बेथिति उन्मूलन भएको हेर्ने चाहना छ। युवा पुस्ताले गरेको क्रान्तिलाई हामी सबैले स्वीकार गर्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भनेकी थिइन्। आफ्नो सरकार मात्र नभई भविष्यमा निर्वाचनमार्फत आउने नयाँ सरकारले पनि युवाहरूको आवाज सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो।

४४० सरकारी...

पृष्ठ १ बाट क्रमशः

कार्ययोजना बनाउन थालेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पूर्ण रूपले क्षति भएका भवनको संख्या १३४ छ। १७६ मा आंशिक र १३० भवनमा सामान्य क्षति भएको छ। मन्त्रालयका सचिव गोपाल सिग्देलले हालसम्म देशभर डेढ खर्ब रुपैयाँहाराहारीको सरकारी भवन क्षति भएको प्रारम्भिक तथ्यांक संकलन भएको जानकारी दिए।

'कति भवनमा क्षति भएको छ भन्ने यकिन विवरण पूर्ण अध्ययनपछि मात्रै प्राप्त हुनेछ,' उनले भने, 'प्रारम्भिक चरणमा मर्मत गर्न सकिने सामान्य क्षति भएका भवनको अध्ययन तथा डिजाइन गर्ने तयारी गरेका छौँ। आगजनीबाट भएका क्षतिको विस्तृत अध्ययन गर्न विदेशबाट प्राविधिक विज्ञ नियुक्त गर्ने सोचमा छौँ,' उनले भने।

पूर्ण क्षति भएका भवन १३४, सबैभन्दा बढी कास्कीमा

आन्दोलनमा १३४ सरकारी भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको सहरी विकास मन्त्रालयको तथ्यांक छ। जसमा सबैभन्दा बढी कास्कीमा २९ भवनमा पूर्ण क्षति भएको छ।

पोखरास्थित लोकसेवा कार्यालयका तीनमध्ये दुईवटा कार्यालय भवनमा पूर्ण क्षति भएको छ। परीक्षा भवनका तीनवटा कोठामा आगलागी भएको छ। कारागार कार्यालयको प्रशासनिक भवन पूर्ण रूपले जलेको छ। आन्तरिक राजस्व कार्यालयका चारवटा भवनमध्ये मूल भवन र दुईवटा एकतले ट्रस भवन पूर्ण र कर्मचारी आवास भवनमा आंशिक क्षति भएको छ। उच्च सरकारी वकिलको एउटा कार्यालय भवन जलेको छ। जिल्ला समन्वय समितिको कार्यालय पनि जलेर नष्ट भएको छ। मालपोत कार्यालयका पाँचवटा भवनमा क्षति पुगेको छ। त्यसमध्ये तीनवटा पूर्ण रूपले जलेका छन्।

त्यस्तै, शिक्षा विकास तथा समन्वय इकाइको दुई भवनमध्ये एउटा पूर्ण र अर्को आंशिक क्षति भएको छ। जिल्ला अदालतको आठ भवनमा असर परेको छ। कार्यालय भवन, इजलास भवन, तहसिल भवन, मेलमिलाप/लेखा भवन पूर्ण रूपले क्षति भएको छ। एनेक्स भवन, रजिस्ट्रार निवास, सहयोगी निवास र प्रहरी निवासमा आंशिक क्षति पुगेको छ। उच्च अदालतका तीनमध्ये प्रशासकीय भवन पूर्ण रूपले नष्ट भएका छन्। अन्य दुईमा आंशिक क्षति छ। सडक डिभिजनको भवन तोडफोड गरेर भत्काइएको छ।

विराटनगरमा १३ सरकारी भवन आगजनीमा परेको छ। सडक डिभिजन कार्यालयका दुई, उच्च अदालतका तीन, जिल्ला अदालतको एक, आन्तरिक राजस्व कार्यालयका दुई, जिल्ला प्रशासन कार्यालयका चार र भन्सार कार्यालय प्रमुखको निवासमा क्षति पुगेको हो। त्यस्तै, सुनसरीमा चार भवनमा क्षति पुगेको छ। इटहरीस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान कार्यालय र हुलाक कार्यालयका एक-एक भवनमा क्षति पुगेको छ।

धनुषाको आन्तरिक राजस्व कार्यालयका तीनमध्ये दुई भवनमा पहेँलो र एउटामा रातो स्टिकर लगाइएको छ। त्यस्तै, बाँकेका १७ भवन जिल्ला प्रशासनका चार, आन्तरिक राजस्व कार्यालयका दुई, जिल्ला अदालतका दुई, उच्च अदालतका तीन, मालपोत र नापी कार्यालयका एक-एक, भन्सार कार्यालयका दुई, राजस्व अनुसन्धान कार्यालयको एक र हुलाकको एक भवनमा क्षति पुगेको छ।

तनहुँमा पनि पाँच सरकारी भवन क्षतिग्रस्त भएका छन्। जिल्ला प्रशासन र जिल्ला समन्वय समितिका दुई-दुई र गुणस्तर तथा नापतौल कार्यालयको एउटा भवनमा क्षति पुगेको छ। त्यस्तै, रुपन्देहीमा उच्च अदालत तुलसीपुरको बुटवल इजलासको प्रशासनिक भवन र भैरहवा भन्सार कार्यालयका दुई गरी तीन भवनमा क्षति पुगेको छ।

कैलालीका १० भवनमा क्षति पुगेको छ। संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, जिल्ला प्रशासन कार्यालयको नयाँ र पुरानो एक-एक भवन, कर्मचारी आवास, जिल्ला अदालत, भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र जिल्ला समन्वय समितिको एक-एक भवनमा क्षति पुगेको छ। नापी कार्यालय, सुर्खेतको सम्पूर्ण फर्निचर र कागजातसमेत जलेर नष्ट भएको छ।

उपत्यका काठमाडौं र ललितपुरका ३१ भवनमा क्षति पुगेको छ। काठमाडौंतमा जिल्ला प्रशासन कार्यालयका दुई भवन, जिल्ला अदालतका तीन भवनमध्ये मुख्य भवनको बेसमेन्ट र भुइँतला जलेर पूर्ण नष्ट भएकाले डिडिए गर्नुपर्ने जनाइएको छ भने थप दुई भवनमा आंशिक क्षति भएको छ। नापी, मालपोत र संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयका एक-एक भवन जलेर पूर्ण क्षति भएको छ। डिल्लीबजार कारागारका दुई भवन पनि जलेर नष्ट भएका छन्।

त्यस्तै, विभिन्न आयोजनाको केन्द्रीय कार्यान्वयन इकाइ रहेका १३ भवनमा पनि क्षति पुगेको छ। उद्योग विभागपरिसरका दुई भवनमा क्षति पुगेको छ। ललितपुरको नक्खु कारागारमा रहेका ६ वटा भवनमा क्षति पुगेकोमा तीन जलेर नष्ट भएका छन् भने तीनमा आंशिक क्षति पुगेको छ।

जिल्ला अदालत, चितवनका चार भवनमा पनि क्षति पुगेको छ। आन्तरिक राजस्व कार्यालय, सिमरा र शिक्षा विकास तथा समन्वय इकाइ, चितवनका दुई-दुई भवन, आन्तरिक राजस्व कार्यालय, तुलसीपुरका तीन भवनमा क्षति पुगेको छ। सडक डिभिजन (रौतहट), करदाता सेवा कार्यालय (सप्तरी), वन कार्यालय (सप्तरी), मालपोत कार्यालय (चितवन), नापी कार्यालय (मकवानपुर) र मालपोत कार्यालय (दाङ)का भवन पनि पूर्ण रूपले क्षति भएका भवनमा वर्गीकृत भएका छन्।

Tender Notice

Youth Foundation Nepal
Imadol-4, Lalitpur
Email: youthfoundationnepal2074@gmail.com, Phone: 9761684730 (10:00 AM–5:00 PM)
Publish Date : 2082/06/26

S.N	Items	Quantity	Remarks
1	Micro PC Genuine Monitor (20inch) Original key Board & Mouse	40pcs	8 GB ram ,256 SSD i5 processor 8th /9th gen
2	Head phones	40pcs	Normal Head Phones
3	Projector	2 pcs	(luminous 3000 & lamp hour 10,000 to 12,000)
4	2:1 speaker	2 set	
5	Giga Switch (8 port)	8 pcs	Ethernet Switch
6	Cats 6 Cable	1 box	indoor semi copper
7	Projector celling mount	2 set	
8	RJ 45	1 box	pure Copper
9	Extension Cord	12pcs	Multiplug Copper
10	Laser printer 3:1	2set	Equivalent to canon 3010
11	Cartridge	2 pc	Compatible Cartridge
12	Projector screen	2set	Manual Wall Mount (FL: 70 in, SC: 67 x 51 in, BD: 1) White
13	Blower	2 pcs	750W (2 : 1)
14	Keyboard	10 pcs	Original
15	Mouse	10 pcs	Original
16	Micro PC	2pcs	i3 13th gen 16GB ram and 1 Tb SSD (without monitor)
17	HDMI cable (10Mtr)	2 pcs	Original
18	5G Secondary Router	2 pcs	Original
19	HDMI cable (1.5 meter)	10pcs	Original

Supply Location: Kathmandu
Experience: Experience in Related filed
Documents: Tax clearance, IRD registration and company registration certificate

Key Dates:
- Submission Deadline: 2082/07/11
- Selection Result: 2082/07/14
- Supply : 2082/07/23

Interested firms are requested to submit quotations and required documents via email to youthfoundationnepal2074@gmail.com within the stated deadline

सर्टिफिकेट हरायो

मिति २०८२/६/१ हरियाली पुल बाट नैकाप भन्ज्याङ सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोराको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु।

Name : Nisha Kuwar
Serial No.: M 0756054
Neb Reg. No.: 760440108
Symbol No.: 20405271
Mobile No.: 9746354008

■ महाधिवेशन मिति विवादले दुई दिन सच्यो कांग्रेस केन्द्रीय समिति

मंसिरमै नियमित महाधिवेशन गर्नुपर्ने अडानमा इतर समूह, प्रतिवादमा संस्थापन



● **गगन थापा**
महामन्त्री, कांग्रेस

यो कार्यसमितिको म्याद थप्ने प्रस्ताव लैजान्नँ। मंसिरमा नियमित महाधिवेशन हुनुपर्छ, नभए विशेष महाधिवेशन हुन्छ।



● **डा. प्रकाशशरण महत**
प्रवक्ता, कांग्रेस

समयमै महाधिवेशन होस् भन्ने चाहन्छौं। तर, व्यावहारिक समय के हुन सक्छ भन्नेमा अझै निष्कर्षमा पुग्न बाँकी छ।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेस संस्थापन र इतरसमूहका नेताबिच आगामी महाधिवेशनको मितिमा सहमति जुट्न नसकेपछि केन्द्रीय कार्य समिति बैठक दुई दिन पछि सरेको छ। आइतबार तय भएको बैठक मंगलबार सारिएको हो। मंगलबार बैठकमा केन्द्रीय कार्य समितिका पदाधिकारी र सदस्य, आमन्त्रित सदस्य र सातै प्रदेशका सभापति सहभागी हुनेछन्। जेन-जी आन्दोलनपछि कांग्रेसमा नेतृत्व हस्तान्तरणको मुद्दा थप बलियोसाथ प्रवेश गरेको छ।

कांग्रेसभित्र मंसिरमै नियमित महाधिवेशन गर्ने कि केही समय सार्ने भन्नेमा विवाद देखिएको छ। संस्थापन पक्ष विधि-प्रक्रिया पुऱ्याउँदा मंसिरमा महाधिवेशन गर्न समय नपुग्ने र केही समय सार्नुपर्ने पक्षमा छ भने इतरपक्ष मंसिरमै महाधिवेशन गर्नुपर्ने पक्षमा छ। मंसिरको सुनिश्चतता नभए विशेष महाधिवेशन गर्नुपर्ने इतरसमूहका नेताहरूको जोड छ।

शनिबार बसेको कार्यसम्पादन परामर्श समिति बैठकमा संस्थापन पक्षका नेताले केही समय सारेरै भए पनि विधि र प्रक्रिया पुऱ्याएरै महाधिवेशन गर्नुपर्ने बताएका थिए। तर, इतरपक्षका नेताले भने जसरी पनि मंसिरमै महाधिवेशन हुनुपर्ने अडान लिएका थिए।

कांग्रेसमा संस्थापन पक्षका नेता विधानले दिएको सुविधाअनुसार महाधिवेशन सार्ने पक्षमा छन्। विधानअनुसार एक वर्षसम्म म्याद थप्न पाइने भएकाले संस्थापन पक्षका नेता मंसिरमा महाधिवेशन गर्न समय नपुगेर केही समय थप्नुपर्ने पक्षमा छन्। इतरपक्ष भने मंसिरमै महाधिवेशन हुनुपर्ने अडानमा छ। कांग्रेस केन्द्रीय कार्य समितिको चारवर्षे कार्यवधि आगामी मंसिरमा सकिँदै छ।

'महाधिवेशन विधिसम्मत, प्रक्रियासम्मत र नयाँ परिस्थितिअनुसार युवासहित सबैको सहभागितामा गर्नुपर्नेछ। हामी सबै छोटो समयमै महाधिवेशन होस् भन्ने चाहन्छौं। तर, व्यावहारिक समय के हुन सक्छ भन्नेमा हामी अझै निष्कर्षमा पुग्न सकेका छैनौं,' कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने, 'सहमतिमै निर्णयमा पुग्न केन्द्रीय कार्य समिति बैठक दुई दिनपछाडि सार्ने निर्णय भएको छ। सँगसँगै जति पनि राजनीतिक विषयवस्तु र मुद्दा छन्, त्यसमा पनि पार्टीको स्पष्ट दृष्टिकोण सार्वजनिक गर्न सकौं भनेर बैठक सार्ने भनेका हौं।'

प्रवक्ता महतले केन्द्रीय कार्य समिति बैठकले विवादित विषय टुंगाउने र पार्टीको धारणा समान बताउने बताए। 'जति पनि विषयमा छलफल र निर्णय गर्नुपर्नेछ। त्यसलाई केन्द्रीय समितिमा छलफल गरेर निष्कर्षमा जाँदा एकजुट भएर पार्टीलाई परिचालन गर्ने ठाउँमा पुग्न सक्छौं,' उनले भने। उनका अनुसार केन्द्रीय समिति बैठकअघि आइतबार र सोमबार औपचारिक-अनौपचारिक छलफल हुनेछन्। 'कार्यसम्पादनका साथीहरू भोलि पनि बस्छौं। सभापतिसँग पनि छलफल हुन्छ। एजेन्डासहित केन्द्रीय समिति बैठकमा जान्छौं,' महतले भने।

कांग्रेस महामन्त्री गगन थापाले भने मंसिरमै महाधिवेशन हुनुपर्ने अडान राखेका छन्। उनले कार्यसमितिको म्याद थप्ने प्रस्ताव आफूले बैठकमा नलाने मंसिरमा नियमित महाधिवेशन नभए विशेष महाधिवेशनमा जानुपर्ने बताए। 'यो कार्यसमितिको म्याद थप्ने प्रस्ताव म लैजान्नँ,' थापाले भनेका छन् 'मंसिरमा नियमित महाधिवेशन हुनुपर्छ, नभए विशेष महाधिवेशन हुन्छ।'

वडा अधिवेशन गरेर क्षेत्रीय प्रतिनिधि चयन गर्ने र क्षेत्रीय प्रतिनिधिले महाधिवेशन प्रतिवेदन निर्वाचित गरेर महाधिवेशनमा जान सकिने संस्थापन इतरपक्षको दाबी छ। त्यसरी जाँदा मंसिरमा महाधिवेशन गर्न सकिने उनीहरू बताउँछन्। 'वडा अधिवेशन तत्काल आह्वान गरेर क्षेत्रीय प्रतिनिधि चयन गर्ने र क्षेत्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधि चयन गरेर जान सकिन्छ। त्यसरी जाने कार्यतालिकासहित अगाडि बढ्यौं भने मंसिरमा नियमित महाधिवेशन हुन सक्छ,' नेता गुरुराज घिमिरेले भने। विशेष महाधिवेश गर्दा भने अहिलेकै महाधिवेशन प्रतिनिधि कायम रहन्छन्।

कांग्रेस पूर्वमहामन्त्री डा. शशांक कोइरालाले केन्द्रीय कार्यसमिति तत्काल विघटन गरी कार्यवाहक अध्यक्ष तोकेर महाधिवेशनमा जान सुझाव दिएका छन्। पार्टी कार्यालय सानेपामा शनिबार पत्रकारहरूसँग कुरा गर्दै कोइरालाले सभापति शेरबहादुर देउवालाई कार्यवाहक सभापति तोक्न सुझाव दिएका हुन्। 'नियमित महाधिवेशन गर्नुपर्छ। त्यसका लागि वर्तमान केन्द्रीय कार्यसमिति विघटन गरेर एकजनालाई कार्यवाहक सभापति दिनुस् भनेर सभापतिलाई भनेको छु,' उनले भने, 'कार्यवाहक सभापतिले आवश्यक समिति, उपसमिति गठन गरेर मंसिरमा महाधिवेशनको वातावरण बनाउँछ।'

कांग्रेस उपसभापति धनराज गुरुङले पार्टीमा युवा सहभागिता बढाउन कोटाको व्यवस्था गर्नुपर्ने बताएका छन्। 'विधानमा हालसम्म युवालाई निश्चित कोटा छुट्याइएको छैन। महिला, जनजाति, मधेशीलगायत जस्तै अब युवाको कोटा छुट्याएर जानुपर्छ,' उनले भने। पार्टीमा युवा सहभागिताको माग गर्दै सानेपामा भेला कांग्रेसका युवा नेता तथा कार्यकर्तासँग गुरुङले युवाको मागलाई सम्बोधन गरेर जाने बताए। उनीहरूले पार्टीको युवाको प्रतिनिधित्व ग्यारेन्टीको माग गरेका थिए।

नेता अर्जुननरसिंह केसीले यथास्थितिमा कांग्रेस जनतामा जान नसक्ने बताएका छन्। युवा पिँढीको धारणा प्रतिनिधित्व गर्न नसके जनताको बिचमा स्थापित हुन नसक्ने उनले बताए। 'युवा पिँढीको धारणा प्रतिनिधित्व गर्न सकेनौं भने हामी वास्तवमा जनताको बिचमा स्थापित हुन सक्दैनौं। अहिलेको विधि, पद्धति र अनुहार लिएर हामी जनताको बिचमा जान सक्दैनौं। यसमा व्यापक परिवर्तन जरुरी छ। केन्द्रीय कार्य समिति बैठकमा यो विषय उठाउँछु,' उनले भने।



सानेपामा कांग्रेस युवाको धर्ना

कांग्रेसका विभागमा अनिवार्य ४० प्रतिशत युवाको प्रतिनिधित्व माग गर्दै कांग्रेसका युवाहरूले पार्टी कार्यालय सानेपामा धर्ना दिएका छन्। हरेक पदमा, हरेक निर्वाचनमा युवाको ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, युवाको प्रतिनिधित्व सुनिश्चित गर्न विधान संशोधन गर्नुपर्ने, परिमार्जनविनाको महाधिवेशन अमान्य हुनेलगायतका माग युवाको छ। उनीहरूले पार्टीमा युवाको प्रतिनिधित्व सुनिश्चित गर्न विधान संशोधन गर्नुपर्ने र सबै तहका निर्वाचनमा ४० प्रतिशत युवालाई उम्मेदवार बनाउने व्यवस्था विधानमै गर्न माग गरेका छन्। जेन-जी उभेर समूहका २५ प्रतिशत क्रियाशील सदस्य पुऱ्याउनुपर्ने माग पनि उनीहरूको छ। निवर्तमान समितिका सभापति, पदाधिकारी तथा सदस्यसमेत स्वतः महाधिवेशन प्रतिनिधिका रूपमा आउने व्यवस्थाको अन्त्य गर्न पनि उनीहरूले माग गरेका छन्। धर्नामा सहभागी युवा नेता आकाश उप्रेतीका अनुसार युवाको प्रतिनिधित्व सुनिश्चित गरी प्रविधिमैत्री पार्टी बनाउनुपर्ने माग गरिएको छ।

ओली अस्वस्थ भएपछि एमाले सचिवालय बैठक पनि रोकियो



काठमाडौं/ एमाले केन्द्रीय सचिवालय बैठक आइतबारका लागि सरेको छ। शनिबार बिहान ११ बजेका लागि बोलाइएको बैठक अध्यक्ष केपी ओलीको अस्वस्थताका कारण आइतबार सरेको हो। केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार ओलीलाई रुघाखोकीले सताएको छ। निवासमै आराम गर्नुपर्ने भएकाले बैठक एक दिनका लागि स्थगित गरिएको उनले बताए।

जेन-जी आन्दोलनले सत्ताच्युत गरेपछिको विकसित राजनीतिक परिस्थिति र आगामी कार्यभारका सम्बन्धमा केन्द्रीय कमिटीका लागि एजेन्डा तय गर्न शुक्रबार बैठक बसेको थियो। २९ असोजमा केन्द्रीय कमिटी बैठक बोलाइएको छ। आन्दोलनपछि १३ असोजमा बसेको बैठकमा अध्यक्ष ओलीले विकसित परिस्थितिबारे ब्रिफिङ गरेपछि नेताहरूले बोल्नेक्रम सुरु भएको छ।

१९ सदस्यीय पदाधिकारीमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित नौजना नेताले शुक्रबार सुझावसहितको धारणा राखेका थिए। उनीहरूमध्ये पोखरेलसहित ६ जना उपाध्यक्षले हिंसात्मक घटनाप्रति सरकारको नेतृत्वको हैसियतमा नैतिक जिम्मेवारी लिएर पार्टीले क्षमायाचना गर्नुपर्ने र अध्यक्षले तत्कालका लागि मार्गप्रशस्त गरेर पार्टीलाई पुनर्गठनको दिशामा लैजानुपर्ने धारणा राखेका थिए। बाँकी पदाधिकारीले आइतबारको बैठकमा धारणा राख्नेछन्। आइतबारै सचिवालय बैठक सक्ने एमालेको योजना छ।

बागलुङका ३४ प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा

बागलुङ/ कांग्रेस बागलुङका ३४ जना महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन्। कांग्रेस महासमिति सदस्य जगदीशचन्द्र उपाध्यायका अनुसार बागलुङका दुईवटै प्रतिनिधिसभा क्षेत्रका ३४ जना महाधिवेशन प्रतिनिधिको हस्ताक्षर केन्द्रीय पार्टी कार्यालयमा बुझाइएको छ। नेता उपाध्यायको नेतृत्वमा महाधिवेशन प्रतिनिधिहरू चिरञ्जीवी गौतम, प्रकाश आचार्य र कांग्रेस बागलुङ नगरपालिका सभापति एवं तरुण दल बागलुङका अध्यक्ष उमाकान्त शर्मासहितको टोलीले महाधिवेशन प्रतिनिधिको हस्ताक्षर विवरण बुझाएका हुन्। जिल्ला तहबाट हस्ताक्षर संकलन गरिएको विवरण पार्टी केन्द्रीय कार्यालयमा बुझाएका हुन्।

बागलुङबाट विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गर्नेमा प्रतिनिधि सभा क्षेत्र नम्बर १ बाट नेता उपाध्यायसहित पूर्वसभापति हरिप्रसाद श्रेष्ठ, हरिहर शर्मा, डिल्लीराम सुवेदी, शकुन्तला शर्मा, कल्पना हमाल पाठक, चिरञ्जीवी गौतम, प्रकाश आचार्य, भीम श्रीष, सीताराम रसाइली, उमाकान्त शर्मा पौडेल, कमला पराजुली, दुर्गादेवी विक, जगुपति कँडेल, प्रेम छन्त्याल, ओमकार थापा, भगवती सापकोटा, बेमकुमारी थापा, राजु थापा, टोपबहादुर मल्ल र टंकप्रसाद शर्मा कँडेललगायत छन्।

पुनः आन्दोलनमा मणिपालका तीन सय नर्स

कास्कीमा **रोहितराज पराजुली**



अस्पताल प्रशासनले सहमति पालना नगरेपछि मणिपालका नर्सहरू पुनः आन्दोलित भएका छन्। आफूहरूको श्रमशोषण गरेको भन्दै १९ असोजबाट आन्दोलित नर्सहरूलाई अस्पताल प्रशासनले एक साताभित्र माग पूरा गर्ने सहमति गरेको थियो। तर, दिएको समय शुक्रबार सकिएको र मागबारे कुनै सुनुवाइ नभएपछि नर्सहरू शनिबारदेखि पुनः आन्दोलित भएका हुन्।

अस्पतालले नर्सलाई मासिक १५ हजार रुपैयाँमा काममा लगाएपछि त्यसबाट घर नचल्ने भन्दै आन्दोलित भएका हुन्। अस्पतालमा तीन सय नर्स कार्यरत छन्। एक साताअघि आफ्नो काम जारी राख्दै आन्दोलन गरेका नर्सले यसपटक काम छाडेर आन्दोलन गरेपछि भर्ना भएका सम्पूर्ण बिरामीलाई डिस्चार्ज गरी अन्य अस्पतालमा पठाइएको छ।

नर्सहरूले '१५ हजारको कामले घर चल्दैन', 'हामीलाई न्याय दे,' 'श्रमशोषण बन्द गर,' 'हामी मेसिन होइनौं, नर्स हौं,' 'अब त अति भयो,' 'नो पे नो वर्क'लगायतका नारासँगै प्लेकार्ड बोकेका थिए। सरकारले श्रमिकका लागि तोकेको न्यूनतम पारिश्रमिक १९ हजार तीन सय रुपैयाँसमेत नपाएको, यसअघि रहेको सात घण्टाको समय बढाएर काम गर्ने समय आठ घण्टा बनाइएको, वार्षिक रूपमा पाउँदै आएको चाडपर्व बिदा, घरबिदा, बिरामी बिदालगायतका अन्य बिदा कटौती गरिएको भन्दै अस्पतालमा कार्यरत नर्स आन्दोलित भएका हुन्।

श्रमिकहरूको पाउने न्यूनतम पारिश्रमिक नदिएको, कार्यसमय बढाएको, बिदा कटौती गरेपछि नर्स मर्कामा परेको भन्दै यस सम्बन्धमा अस्पताल प्रशासनलाई पटक-पटक माग सम्बोधन गर्न र एक साताअघि एक साताभित्र माग सम्बोधन गर्ने भनी सहमति गरे पनि कार्यान्वयन नगरेपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको नर्सहरूको भनाइ छ।

यसअघि तलब वृद्धि सम्बन्धमा तत्काल माथिल्लो निकाय सिइओसँग छलफल गरी निर्णय गर्ने, विशेष क्षमता भएका नर्सहरूको विशेष कार्य दक्षताका आधारमा तलब तथा सुविधा आवश्यक छलफल गरी निर्धारण गर्ने, प्रत्येक महिनाको ५ गते तलब दिने, ओभरटाइम सम्बन्धमा सट्टा बिदा दिँदै आएकोमा बिदाको साटो पैसा दिने सम्बन्धमा छलफल गरी निर्णय गर्ने, तालिमबापत पाउँदै आएको सुविधा कसैले नपाएको भए मानव स्रोत विभागमा सम्पर्क गर्ने, नर्स र बिरामीको अनुपातका सम्बन्धमा तीन महिनाभित्र समाधान हुने गरी आवश्यक कार्य गर्ने, कर्मचारी कल्याण तथा प्रोत्साहन सम्बन्धमा पर्फर्मेन्सअनुसार गर्ने, ६ घण्टे ड्युटी सिफ्ट सम्बन्धमा सम्भाव्यता अध्ययन गरी निर्णय गर्नेलगायतका विषयमा नर्स र अस्पताल प्रशासनबिच सहमति भएको थियो। अस्पतालका सूचना अधिकारी शंकरबहादुर जिसीले नर्स काममा नफर्केको र मागका सम्बन्धमा छलफल भइरहेको बताए।

लुम्बिनी सरकारद्वारा खर्च नियन्त्रण गर्ने निर्णय

बुटवल/ देशको वर्तमान आर्थिक अवस्था र स्रोत संकुचनको सम्भावित अवस्थालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको खर्च नियन्त्रण गर्न विशेष निर्णय गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा शनिबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारको योजना तथा कार्यक्रममा विनियोजन भएको रकमको ८० प्रतिशतलाई अधिकतम सीमा मानी योजना, कार्यक्रम कार्यान्वयनमा लैजान र मितव्ययिता अपनाउन प्रदेश सरकार मातहतका निकायहरूलाई निर्देशन दिने निर्णय गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका देउखुरीमा सम्पन्न बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन र नेपाल सरकारका निर्देशनका अतिरिक्त खर्च व्यवस्थापनमा थप व्यवस्था मिलाउने निर्णय गरेको छ।

बैठकले चालू आर्थिक वर्ष ०८२/८३ मा कार्यान्वयन हुने बजेटका क्रममा दोहोरो प्रविष्टि भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमध्ये एउटा मात्र कार्यान्वयन गरी बाँकी रोक्का गर्न र विभिन्न शीर्षकमा २० प्रतिशत रकम रोक्का गर्न निर्देशन दिएको छ।

पुँजीगत खर्च शीर्षकमा समपूरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडकतर्फको नियमित मर्मत-सम्भार शीर्षकबाहेकका आयोजनामा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ।

संक्षेप

प्रतिबन्धित औषधि बिक्री गर्ने भेट कम्पनीका सञ्चालक पक्राउ

काठमाडौं/ सरकारले प्रतिबन्ध लगाएका पशुसम्बन्धी औषधि विदेशबाट आयात गरी बिक्री वितरण गर्दै आएको एक भेट कम्पनीमाथि प्रहरीले छानबिन थालेको छ। कान्तिपुर भेट डिस्ट्रिब्युटर्सकी अध्यक्ष सुना सुवेदी बडाललाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेर अनुसन्धान थालेको हो। सो कम्पनीले नक्कली पत्र खडा गरी प्रतिबन्धित औषधि आयात गरी बिक्री वितरण गर्दै आएको सिआइबीका एसएसपी शिवकुमार श्रेष्ठले बताए। शुक्रबार पक्राउ परेकी सुनालाई सिआइबीले लिखित किर्ते कसुरमा अनुसन्धान अघि बढाएको छ। सो कम्पनीका मुख्य सञ्चालक सुनाका श्रीमान् ऋषि बडाल हुन्, जसले सत्ताको आडमा वर्षौंदेखि गैरकानुनी काम गर्दै आएको स्रोत बताउँछ। बडालले ब्रोइलर कुखुरालाई दिइने प्रतिबन्धित औषधि उनले आयात गरेर बिक्री गर्दै आएका थिए। कम्पनीले औषधि व्यवस्था विभागमा दर्ता नभएका पशुपन्छीको फुड सप्लिमेन्ट, प्रो-बायोटिक्स, भिटामिन, मिनरल, टक्सिन वाइन्डर फरक नाममा आयात गरेर बिक्री गर्दै आएको थियो।

उच्च अदालत तुलसीपुरले आजदेखि सेवा सुरु गर्ने

दाङ/ उच्च अदालत तुलसीपुरले आइतबारदेखि मुद्दा दर्ता तथा सुनुवाइ सुरु गर्ने भएको छ। अदालतका रजिस्ट्रार यमप्रसाद बाँस्कोटाका अनुसार मुद्दा दर्ता, रिट, निषेधाज्ञाको निवेदन, मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन दर्ता गर्ने र सुनुवाइ हुनेछ। यसअघि बन्दी प्रत्यक्षीकरणको निवेदन मात्रै लिने गरिन्थ्यो। २४ भदौसम्म चालू अवस्थामा रहेका मुद्दाको कामकारबाही नियमित गर्ने र नयाँ पुनरावेदन पत्र दर्ता गरी सेवा प्रवाहलाई नियमित गर्ने सम्बन्धमा अर्को सूचना प्रकाशन गरेर मात्रै जानकारी दिइने रजिस्ट्रार बाँस्कोटाले बताए। उनका अनुसार म्याद, हदम्याद र तारेख नगुज्रिने तथा नियमित रूपमा सेवाप्रवाह गर्नेसम्बन्धी अर्को सूचना प्रकाशन गरेर जानकारी दिइनेछ। जेन-जी आन्दोलनका क्रममा अदालतमा भएको आगजनीले नियमित सेवा अगाडि बढ्न सकेको थिएन।

खाद्य कार्यालय सञ्चालनका लागि उपकरण र फर्निचर सहयोग

लहान/ सिराहाको लहान नगरपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी मुख्य शाखा कार्यालय सञ्चालनका लागि विद्युतीय उपकरणसहित फर्निचरका सामग्री सहयोग गरेको छ। जेन-जी आन्दोलनको नाउँमा लुटपाट, आगजनी र तोडफोड भएको खाद्यलाई दैनिक कार्यालय सञ्चालनका लागि सहयोग पुऱ्याउन नगरपालिकाले कम्प्युटर, प्रिन्टर, कुर्सी, टेबललगायतका सामग्री उपब्ध गराएको हो। नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार खाद्यका प्रमुख दीपक सुनार, वरिष्ठ सहायक अनिलकुमार महतोलाई एक-एक थान कम्प्युटर र प्रिन्टर सेट, १०-१० वटा प्लास्टिकका कुर्सी र टेबल, चारवटा अन्य टेबल हस्तान्तरण गरेका हुन्। 'आन्दोलनपछि कार्यालय कोठा, फर्निचर, इन्टरनेट नहुँदा करिब एक महिनादेखि ठप्प रहेको कार्यालय सञ्चालनका लागि सहयोग गरिएको हो,' नगरप्रमुख चौधरीले भने, 'क्षतिग्रस्त भवनको झ्याल, ढोकाको मर्मतसहित कार्यालयअन्तर्गतका कोठाहरूमा नगरपालिकाले विद्युतीकरण गर्न पनि सघाउनेछ।'

■ बाढीपहिरो प्रभावित इलाममा मन्त्री घिसिङ

पुनर्स्थापना गर्न प्रभावितको माग, मेची राजमार्ग आजदेखि खुलाउने तयारी

झापामा **चिरञ्जीवी घिमिरे**

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ बाढीपहिरो प्रभावित इलाम पुगेका छन्। इलाम पुगेर उनले शनिबार बाढीपहिरोले क्षति पुऱ्याएको संरचना अनुगमन गर्नुका सथै बाढीपहिरो प्रभावितसँग पनि भेट गरेका छन्।

विभिन्न मन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, विभागीय प्रमुखसहितका कर्मचारी लिएर इलाम पुगेका हुन्। पहिरोले अवरुद्ध बनाएको मेची राजमार्गअन्तर्गतको राजदुवाली सडकखण्डको करिब दुई किलोमिटर पैदल हिँडेर पार गर्दै उनी सदरमुकाम पुगेका थिए। घिसिङले पहिरोले क्षति पुऱ्याएको राजमार्ग अवलोकन गर्नुका साथै प्रभावितहरूको गुनासोसमेत सुनेका थिए। उनी जिल्ला विपत् व्यवस्थापन समितिको बैठकमा समेत सहभागी भए।

मन्त्रीसँग भेटको क्रममा बाढी प्रभावितहरूले घर पुनर्निर्माणमा सहयोग गर्न आग्रह गरेका थिए। उनीहरूले अब राज्यसँग प्रभावितको आशा रहेको बताएका थिए। मन्त्री घिसिङले सरकारले इलामलाई प्राथमिकतामा राखेर पुनर्निर्माणको काम थालिने बताए। उनले इलामलाई विपत् संकटग्रस्त जिल्ला घोषणा गरिएकाले पुनर्निर्माण गरिने बताए। इलाममा ठुलो प्राकृतिक विपत्ति आएको भन्दै मन्त्री घिसिङले सरकारले तत्काल राहत र उद्धारसमेत गरेको बताए। राहत र पुनर्स्थापनाको काम तीनवटै सरकारको समन्वयमा तत्काल अघि बढ्ने उनको भनाइ थियो।

घिसिङले मेची राजमार्गअन्तर्गत इलाम सदरमुकामनजिकै राजदुवालीको अवरोध हटाएर तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिए। मन्त्री घिसिङले सडकलाई दीर्घकालीन स्थायित्व दिन अध्ययन गरेर विकल्प खोजिने बताए।



बाढी प्रभावित क्षेत्र इलामको अनुगमनमा मन्त्री घिसिङ। तस्बिर : नयाँ पत्रिका

इलाममा गत साता गएको बाढीपहिरोमा परी ३९ जनाले ज्यान गुमाएका थिए। एकजना अझै बेपत्ता छन्। सरकारले विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेको इलाममा हालसम्म १५१ घर बाढीपहिरोले पूर्ण रूपमा बगाएको इलामकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन्। ३२७ घरमा आंशिक क्षति पुगेको छ। 'हामीलाई विवरण संकलनमा निकै कठिनाइ भएको छ। सडक क्षतविक्षत भएका कारण स्थानीय तहले पनि विवरण दिन सक्नुभएको छैन,' उनले भनिन्, 'यो प्रहरी र जनप्रतिनिधि पुगेको ठाउँबाट आएको विवरण हो।' उनले जिल्लाभर पक्की, बेलिब्रिज र झोलुंगे पुल गरेर ३० वटा पुलमा क्षति पुगेको जानकारी दिइन्। सूर्योदय, माई, देउमाई माइसेबुङ, फाकफोकथुम र माइजोगमाई सदरमुकामसँगको सडक सञ्जालबाहिरै रहेको उनको भनाइ छ।

■ के हुन्छ विपत् संकटग्रस्त क्षेत्र घोषणापछि ?

सरकारले केही दिनअघि इलामलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। पुनर्निर्माण र इलामको जनजीवनलाई पुरानै अवस्थामा फर्काउन सरकारले इलामलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गरिएको हो।

पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत दिनेश भट्टले इलामलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेपछि राज्यका सबै निकायको ध्यान इलाममा हुने बताए। उनले इलामको जनजीवनलाई पुरानै अवस्थामा ल्याउन विपत् संकटग्रस्त क्षेत्र घोषणा गरिएको बताए। 'विपत् संकटग्रस्त क्षेत्र घोषणा भएपछि राज्यका निकायको ध्यान केन्द्रित हुनेछ। सडक खानेपानीलगायतको संरचना बिग्रिएको छ। यसको मर्मत र पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण हुन्छ। यहाँका मानिस आपतमा छन् भन्ने कुरा संकटग्रस्त क्षेत्र घोषणाले बुझिन्छ,' उनले भने, 'विपत् संकटग्रस्त क्षेत्र घोषणापछि युएन एजेन्सी, गैरसरकारी संस्था पनि परिचालित भएर छिटोभन्दा छिटो पहिलाको अवस्थामा जनजीवन लैजान प्रयास हुन्छ।' उनले इलामको बाढी र पहिरोबाट घर गुमाएका प्रभावितलाई तत्कालका लागि सरकारले ५० हजार रुपैयाँ उपलब्ध गराउने बताए। यसका लागि स्थानीय तहले लाभग्राही छुट्याएर पठाउनुपर्ने उनको भनाइ छ।

मेची राजमार्गअन्तर्गत इलाम सदरमुकाम जोड्ने इलाम नगरपालिका-१० को राजदुवाली खण्डको पहिरो हटाएर आइतबारदेखि सञ्चालनमा ल्याउने तयारी भएको छ। करिब सात सय मिटरको विभिन्न ठाउँमा रहेको पहिरो पन्छाउने र सडक मर्मतको काम भइरहेकाले आइतबारदेखि सञ्चालन गर्ने प्रयासमा रहेको सडक डिभिजन इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए। राजदुवालीको चार ठाउँमा काम गरेर पहिरो पन्छाउने काम भइरहेको उनको भनाइ छ। यो सडक पहिरोका कारण कतै भासिएको छ भने कतै अवरुद्ध भएको छ। 'हामी सडक खोल्ने प्रयासमा छौं। रातभर काम गरिरहेका छौं। शनिबार पनि रातभर काम गरेर आइतबारबाट सडक सञ्चालन गर्ने तयारी छ,' उनले भने, 'मुख्य समस्या पहिचान गरेर काम गरिरहेका छौं। तर, अहिले बनायो फेरि बिग्रने भइरहेको छ। एक ठाउँमा काम राम्रो हुन्छ अर्को ठाउँमा पानी निस्कन्छ।'

भ्रष्टाचारले खोक्रो बनेको देश र जेन–जी आक्रोश

भ्रष्टाचारबाट आजित युवा तथा जेन-जी पुस्ताले आफू सडकमा सामान्य माग लिएर उत्रिँदा सरकारले नरसंहार गर्ला भनेर कल्पना गरेका थिएनन्



● बलराम केसी

अग्रलेख

फरक विचारधारा र सिद्धान्त बोकेका नेपालका तीन ठुला राजनीति दल अन्य मुद्दामा पक्ष-विपक्षमा बाँडिए पनि भ्रष्टाचार गर्न र सुधार नगर्नमा एक ठाउँमा हुन्छन्। भ्रष्टाचारविरुद्ध उठेको आन्दोलनपछि सिर्जित वर्तमान संवैधानिक संकट भित्र्याउन यी तीनै दलको भूमिका छ। यी तीन दलले गर्दा गणतन्त्र र संविधानमाथि प्रश्न उठेको छ। भ्रष्टाचारीले विकराल रूप लिएकै कारण वाक्क भएका युवा विद्रोहमा उठेका हुन्। यत्रो बदनाम हुँदा पनि गल्ती भएछ, राजनीतिबाट बाहिरिने कुरा गरेका छैनन् दलका प्रमुख नेताले। बरु, फेरि फर्किने खेल खेल्दै छन्।

यी दलको संरक्षणमा ठुल्ठुला भ्रष्टाचार काण्ड भए। 'गिरिबन्धु'को जग्गा प्लटिङ गरेर बेच्न अध्यादेश पारित गर्ने यिनै थिए। कोरोनाको मारमा देश प्रताडित हुँदासमेत तिनले महँगो भाउमा औषधी आयात गरेर भ्रष्टाचार गरे। यहाँसम्म कि नेपालीलाई भुटानी बनाएर मानव तस्करीसमेत गर्न छाडेनन्। गोकर्ण रिसोर्टलाई विनाप्रतिस्पर्धा एक व्यक्तिलाई २५ वर्षको एकाधिकार दिनेदेखि अर्बौंको विद्युत् महसुल नउठाउन आदेश दिनेसम्मको प्रकरण भए। भ्रष्टाचारका कारण देशको राजस्वसमेत नेताहरूको ढुकुटीमा जान थाल्यो। पछिल्लो समय नेताहरूको जलेको घरको भग्नावशेषले तिनै अकुत सम्पत्ति देखियो। सरकारमा बस्दा भन्न त भ्रष्टाचारलाई सहँदैनौं भन्थे। तर, व्यवहारमा भने उल्टो।


राजावादीहरूले यसअघि तीनकुनेमा गरेको आन्दोलनमै राज्यबाट भएको व्यापक दमनको विरोध गरिनुपर्ने थियो। त्यो नगरिँदा भाद्र २३ को अवस्था आयो। भ्रष्टाचारविरोधी मूल नारा राखेर निस्केको विरोध प्रदर्शनमा दमनको चरम रूप प्रयोग हुँदा दुई दिनमै ७६ जना युवा मारिए। त्यस नरसंहारमा मुख्य नाइके तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई उन्मुक्ति दिइनुहुँदैन। तर, अहिले जाहेरी गर्ने, दर्ता नगर्ने, प्रहरी र आयोगमध्ये कसले हेर्ने भन्ने कुरामा भुलिँदै छ।

दोस्रो जनआन्दोलनपछि संवैधानिक निकाय कार्यकर्ता भर्तीकेन्द्र बनाइयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कमजोर र निष्प्रभावी गराइयो। सुरक्षा निकायमा समेत नेताको आशीर्वादविना उन्नति नहुने मानसिकता विकास गराइयो। मिडिया दलगत रूपमा बाँडिए। एकपछि अर्को सरकारले भ्रष्टाचारलाई मलजल गर्दै लग्यो। यी सबै देखेभोगेको युवा पुस्ता निराश थिए। सबैभन्दा ऊर्जावान् जेन-जी समूहलाई असह्य हुँदै थियो। यही पृष्ठभूमिमा उठेको थियो, जेन-जी आन्दोलन, जसबाट भ्रष्ट नेताहरू निकै भयभीत भए।

नेता-जीहरूको जलेको घरको भग्नावशेषबाट भ्रष्टाचार सगरमाथा छुने उचाइमा पुगेको देखियो। अन्यथा प्रमाणित नभइन्जेल नेताहरूको घरमा भेटिएका पैसाको ठुलो परिमाण भ्रष्टाचारको कमाइ हो भन्ने मानिन्छ। कुनै वेला तात्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाले संसद्मा 'घर बनाउँदा काठ किन्न नसकिएको' बताएकी थिइन्। तर, काठ किन्न नसक्ने व्यक्तिको घरमा करोडौंको नोट देखियो। त्यसको स्रोत के होला ? कतै सरकारको ढुकुटीमा जानुपर्ने रकम नेताजीहरूको ढुकुटीमा गइरहेको त थिएन ? अब सबै नेताको सम्पत्ति कुन स्रोतबाट आएका थिए, छानबिन हुनुपर्छ।

गणतन्त्रपछि नेताहरूले सत्तालाई कमाइ खाने भाँडो बनाए। मन्त्री पद पुस्तौंपुस्तालाई खर्च उठाउने माध्यम बन्यो। फेरि छानबिन गर्ने अख्तियारजस्ता निकायमा आफ्नो मान्छेलाई जागिर दिएपछि ढुक्कै भइहाल्यो। संवैधानिक परिषद् त भर्तीकेन्द्र बनाएका थिए, नेताहरूले। त्यसैको परिणाम हो, नेताजीको अकुत आय। भ्रष्टाचारबाट आजित युवा तथा जेन-जी पुस्ताले आफू सडकमा सामान्य माग लिएर उत्रिँदा सरकारले नरसंहार गर्ला भनेर कल्पना गरेका थिएनन्। तर, सरकार नरसंहारकारी देखियो। सरकार भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि बनेकै थिएन। त्यो त बरु भ्रष्टाचार गर्ने, भ्रष्टाचारी जोगाउने उपक्रममा थियो। त्यसैले, उसले भ्रष्टाचार रोक्न माग गर्ने युवालाई शत्रु देखे। त्यसैले त त्यति ठुलो बल प्रयोग गरियो। युवा आवाज दबाएरै आफ्नो लुटको संसार जोगाउने सोचेका थिए होलान्।

पहिलो दिन एकै घानमा १९ जनाको नरसंहार भयो। समाचारमा आएका खबरअनुसार सेनाका प्रमुखलगायतले १९ जना मरिसके प्रधानमन्त्रीले राजीनामा गर्न सल्लाह दिँदासमेत ओलीजीले सुनेनन्। संकटको कारण तत्कालीन प्रधानमन्त्रीको सत्तामोह र सत्ता जोगाउन हिंसाको सहारा लिनु नै थियो। पहिलो त युवाहरूको दैनिकी बनेको सामाजिक सञ्जाल बन्द गरिएको थियो। जेन-जीको माग सामाजिक सञ्जाल खुला गर्नुपर्ने र सिंहदरबारदेखि तल्लो तहसम्म व्याप्त भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ भन्ने त थियो। तर, प्रधानमन्त्री ओलीले सडकमा उत्रिएका युवाहरूलाई सत्तामाथि खतरा ठाने। ओलीको अहंका कारण देश अहिले संवैधानिक संकटमा पुगेको छ। ७६ जनाको नरसंहार मारिएका मृतक परिवारलाई ओलीले अहिलेसम्म सहानुभूतिसमेत दिएका छैनन्। बरु, पछिल्लो समय सत्ता गएको पीडा भइरहेको देखिन्छ। त्यसैले, उनी अहिले ७६ जनाको शोकाकुल परिवारको आलो घाउमा नुन-खोर्सानी छर्ने बोली बोल्दै छन्।



> दोस्रो जनआन्दोलनपछि संवैधानिक निकाय कार्यकर्ता भर्तीकेन्द्र बनाइयो। भ्रष्टाचार अनुसन्धान गर्ने निकायलाई कमजोर र निष्प्रभावी गराइयो। एकपछि अर्को सरकारले भ्रष्टाचारलाई मलजल गर्दै लगे। यी सबैले देश खोक्रो बन्दै गएको देखे-भोगेको युवा पुस्ता निराश थियो।

वेलैमा राजीनामा गरेको भए ७६ युवाको नरसंहार हुने थिएन। ७६ युवाको हत्याराको बिल्ला भिरेर हिँड्नुपर्दैनथ्यो। संवैधानिक संकट पनि आउने थिएन। अहिले ओलीलगायत नरसंहारका प्रमुख जिम्मेवार प्रत्यक्ष संलग्न देखिएका पाँच नेताको पासपोर्ट रद्द गरिएको छ। ओलीले वर्तमान सरकारलाई 'हाहाहुहुको सरकार' भनेर युवाहरूको त्यागलाई अपमानित गरिरहेका छन्। पदमुक्त हुनासाथ उनले आगो ओकलेर राजनीतिक माहोल नै मुठभेडको दिशामा लाँदै छन्। गुन्डुलाई आधार बनाएर ओलीजीले देशको माहोल थप तित्क्त बनाउँदै छन्।

उनी वर्तमान सरकारलाई असंवैधानिक भन्दै छन्। वर्तमान सरकारले युवामाथि भएको दमनको अनुसन्धान गर्न गठन गरेको आयोगलाई नमान्ने भन्दै छन्। के यति भनेर उनले उन्मुक्ति पाउने सोचेका हुन् ? गल्ती गर्ने सबै कानुनको कठघरामा उभिनुपर्छ। कोही प्रधानमन्त्री भएकै आधारमा उसले अपराध गर्दा पनि छुट पाउने भन्ने हुँदैन। फ्रान्सका पूर्वराष्ट्रपति सार्कोजी र ब्राजिलका पूर्वराष्ट्रपति बोल्सानारोलाई जेल सजाय दिइएको छ। प्रजातन्त्रमा यस्तो हुन्छ, नेपालमा पनि दोषी नेताले उन्मुक्ति पाउनुहुँदैन।

तीन ठुला दलका नेताले पालैपालो सञ्चालन गरेका सरकारको १० वर्ष र कार्की सरकारको एक महिनाको कार्यसम्पादन आकाश-जमिनको फरक छ। कार्की सरकारले सत्ता सम्हालेको एक महिनाभित्र फजुल खर्च बन्द गरेर डेढ खर्ब रुपैयाँ सरकारी ढुकुटीमा दाखिला गरिसक्यो। जबकि, अघिल्ला प्रधानमन्त्रीले गैरकानुनी तरिकाले दिएको पूर्वविशिष्टहरूलाई समेत ठुलो खर्चमा सुविधा दिइरहेको थियो। त्यसमा मात्र राज्यको करोडौंको खर्च हुने गर्थ्यो। त्यस्तै, नेताका स्वकीय सचिवले पाइराखेको करोडौं रुपैयाँ बन्द गरिएको छ। विमानस्थलमा भिआइपीसँग छिरेर भिआइपी रुमबाट हुने तस्करी बन्द भएको छ। अन्य धेरै अनावश्यक खर्च कटौती भएका छन्। सरकारले पूर्वप्रधानमन्त्रीहरूले गैरकानुनी रूपमा लिइरहेका गाडी, इन्धन, घरभाडालगाय सुविधा खारेज गरेको छ। ती सुविधा कानुनले दिएको थिएन।

वर्तमान सरकारले चुनाव फागुन २१ पछि नसार्ने र चुनाव सम्पन्न भएपछि एक दिन पनि पदमा नबस्ने भनेको छ। भ्रष्टाचारको सबै फाइल खोलिने प्रतिज्ञा गरिएको छ। २०४७ सालयताका नेताहरूको सम्पत्तिको स्रोतका लागि पनि शक्तिशाली आयोगको गठन गरिने चर्चा छ। उसो त ७६ जना युवाको हत्या र आगजनीको कारण छानबिन गर्न आयोग गठन भइसकेको छ। जबकि, ओली तथा उनीअघिका प्रधानमन्त्री भने भ्यू टावर, रंगशाला, शिलान्यास, उद्घाटनमै समय खर्चेर बिताउँथे।

गत वर्ष पनि असोजमा ठुलो बाढीपहिरो आएको थियो। त्यति वेला ओली सरकार जनताको सहयोगमा कतै देखिएको थिएन। विपत्मा ओली अमेरिका थिए। देशमा विपत् हुँदा विदेशको भ्रमण नछोट्याएको भनेर विमानस्थलमा पत्रकारले सोधेको प्रश्नमा ओलीले 'यही ठाउँमा बाढी-पहिरो जान्छ' भनेर कसैले भन्न नसक्ने' भन्दै पन्छिएका थिए। तर, देशमा रहेका उनका सरकारका मन्त्रीले पनि उद्धार र राहत वितरणमा खासै चासो देखएका थिएनन्। जबकि, यसपटकको बाढीपहिरोविरुद्ध सरकारले मौसम भविष्यवाणीअनुसार क्षति रोक्न ठुलो सक्रियता देखायो। प्रभावित क्षेत्रमा मन्त्री स्वयं उपस्थित भए। त्यस्तै राहत, उद्धार र पुनर्स्थापनामा पनि उदाहरणीय देखिएको चर्चा भइरहेको छ।

आज देश अत्यन्त नाजुक अवस्थामा छ। यो अवस्था ओलीजीकै कारण आएको हो। देशभक्त नेपाली चुनाव भएन भने के होला भन्ने चिन्तामा छन्। तर, पूर्वप्रधानमन्त्री भइसकेको व्यक्ति केपी शर्मा ओलजीलाई अझै यस्तो चिन्ताले छोएको छैन। ओलीजी संसद् पुनर्स्थापना गर्ने भन्दै छन्। उनलाई संसद् पुनर्स्थापित भए फेरि प्रधानमन्त्री बन्न पाइन्छ भन्ने लोभ लागेको हेाला। आगामी चुनावमा सम्पूर्ण नेपाली मतदाताले भाद्र २३ र २४ को नरसंहार भएको घटना र नेताहरूको विलासी घरको भग्नावशेष सम्झेर आफ्नो मत सही बाकसमा प्रयोग गर्नुहुनेछ। त्यस्तो गर्न सके मात्र यी बाजे पुस्ताका नेता आफैं पाखा लाग्नेछन्।

लेखक पूर्वन्यायाधीश हुन्

---

३ प्रश्न



नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई

'टी-२० विश्वकप' छनोट प्रक्रियामा नेपाली टोलीको प्रदर्शन कस्तो रह्यो ?

हामीले विश्वकप छनोटका सुरुका दुवै खेलमा जित निकालेका छौं। दुवै खेल समग्रमा राम्रो थियो। तथापि, ब्याटिङ भने हामीले अपेक्षा गरेजस्तो राम्रो रहेन। बलिङ र फिल्डिङमा निकै राम्रो भएको छ। यसअघि वेष्ट इन्डिजसँग खेल्यौं। भारत, पाकिस्तान, दक्षिण अफ्रिकाजस्ता देशसँग खेलिसकेको अनुभव भएर पनि हामीलाई सहज भएको छ।

सुपर-६ को यात्रा कस्तो रहला ? कुन पक्षमा सुधार गर्नुपर्छ जस्तो लाग्छ ?

समूह चरणबाटै हामीले दुई अंक पाइसकेका छौं। त्यसैले पनि हामीलाई सुपर-६ मा सहज हुन सक्छ। तर, हामीले ब्याटिङमा निकै मजबुत प्रदर्शन गर्न सक्नुपर्छ। बलिङ र फिल्डिङको अवस्था अहिले पनि ठिक छ। हामीलाई युएई र ओमानजस्ता टिमसँग गाह्रो हुन्छ। समग्रमा कुनै टिमलाई सहज लिनुहुँदैन। जापानजस्तो टिमले निकै राम्रो खेल्यो। एकजना खेलाडीले मात्र खेल जिताउन सक्दैन। तर्सिहाल्नुपर्ने अवस्था भने छैन।

हामी विश्वकप खेल्न तयार छौं ? टेस्ट राष्ट्रसँग खेल्न पहिला के-के कुरामा ध्यान दिनुपर्ला ?

मलाई लाग्छ, हामी सहजै विश्वकपमा स्थान बनाउनेछौं। एक त यो छनोट प्रक्रिया पहिलाको भन्दा सहज छ। यसपटकको क्रिकेट विश्वकप दक्षिण एसियाली देशहरू श्रीलंका र भारतमा हुँदै छ। त्यसैले हामी छनोट भइहाल्यौं भने लगत्तै भारतमा धेरैभन्दा धेरै मैत्रीपूर्ण खेल खेल्नुपर्ने हुन्छ। त्यहाँको वातावरणले हामीलाई धेरै फाइदा गर्छ।

प्रेरक प्रसंग

सुगाको बोली

एकपटक एक राजा आफ्ना सहयोगीका साथ जंगलमा सिकार खेल्न गए। सिकार नभेटिएपछि उनी जंगलको निकै भित्री भागसम्म पुगे। जंगलमा राजालाई देख्नासाथ अचानक त्यहाँ नजिकैको एउटा रुखमा बसेको सुगाले चिच्याउँदै भन्यो- साथीहरू राजा आइरहेको छ। योसँगै धेरै धन छ। यसलाई उम्किन नदेओ। आओ, लुट। राजा भाग्न नपाओस्।



सुगाको आवाज सुनेपछि जंगलको चारैतिरबाट डाकुहरूको समूह हातहातमा हतियार बोकेर राजा भएको ठाउँतिर अगाडि बढे। राजाले आफ्नो सानो समूहले त्यहाँका डाँकुसित लड्नु सम्भव देखेनन्। त्यसैले, उनी जसोतसो गरेर त्यहाँबाट ज्यान जोगाएर भाग्न सफल भए।

भाग्दाभाग्दा राजा र उनको समूह डाकुहरूको समूहबाट निकै टाढा पुग्यो। थकित राजा एउटा रुखको फेदमा एकैछिन सुस्ताए। उनी रुखको शीतल छायामा बस्नासाथ रुखमा बसेको एक सुगाले बडो मधुर स्वरमा भन्यो- आउनुहोस् महाराज ! हाम्रा साधु महाराजको कुटीमा हजुरलाई स्वागत छ। भित्र आउनुहोस्, चिसो पानी पिउनुहोस् र विश्राम गर्नुहोस्।

दोस्रो सुगाको बोली सुनेर छक्क परेका राजा साधुको कुटीमा गए र साधुलाई प्रणाम गरेर आफूमाथि घटेका सबै घटना सुनाए। उनले साधुसित प्रश्न गरे- हे साधु महाराज ! यी दुवै सुगाको व्यवहार र बोलीमा किन यति ठुलो अन्तर ?

साधुले शान्त हुँदै भने- महाराज ! यो सबै संगतको प्रभाव हो। पहिलो सुगा डाँकुहरूको संगतमा हुर्किएको हुनाले उसले डाँकुहरूकै भाषा बोल्यो। दोस्रो सुगाले आश्रममा आउने साधु, महात्मा र ऋषिहरूको संगत पायो। त्यसैले उसले उनीहरूकै भाषा बोल्यो। हे महाराज ! हरेक प्राणीको जीवनमा संगतको निकै ठुलो प्रभाव परेको हुन्छ। त्यसैले, हामी सबैले खराब संगतबाट टाढै बस्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ओली र बालेनलाई एउटै डालोमा नहालौं

अहिले एक-अर्कोविरुद्ध मुद्दा दायर गर्ने ट्रेन्ड चलेको छ। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र उनको सरकारका गृहमन्त्री रमेश लेखकलाई जेन-जी आन्दोलनकारी मारेको मुद्दा दायर गरेपछि काठमाडौंका मेयर बालेनलगायतविरुद्ध सिंहदरबार आगजनी गर्न उक्साएको अभियोगमा मुद्दा हालिएको छ। बालेन र सुदन गुरुङले सिंहदरबार जलाउन उक्साएको हल्लाका कुरा हुन्, कुनै प्रमाण भेटिँदैन। तर, ७६ जना नेपालीलाई गोली हानेको दृश्य र प्रमाण भने सबैले देखेकै छन्। गोली हानिँदा देशमा को प्रधानमन्त्री थिए ? गृहमन्त्री को थिए ? र, उनीहरूले पदमा बसेको हिसाबले त्यसको दायित्व बोक्नुपदैन ? ७६ जनाको हत्या हुँदा पनि जाहेरी नलेऊ भनेर उन्मुक्ति दिन कुनै पनि सभ्य राज्यले मिल्छ ? यस्तो कार्यले दण्डहीनता बढाउँछ कि बढाउँदैन ?

सिंहदरबार जलेको विषयमा अनुसन्धान हुनुपर्छ, हुँदै जाला। तर, अहिले ओली र लेखकविरुद्ध तत्काल जाहेरी लिएर पक्राउ गरी मुद्दा अगाडि बढाउनुपर्छ। अनि मात्र मृतक ७६ जनाको आत्माले शान्ति पाउँछ। त्यस्तै, वर्तमान सुशीला कार्कीको सरकारले अन्य जेन-जीको मागअनुरूप २५ अनियमित काण्डको फाइल तत्काल खोलेर आमजनतालाई सुशासनतर्फ अघि बढेको सन्देश दिनुपर्छ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं

राजावादीको च्याँखे दाउ

राजावादीले राजाको माग गर्दै समाखुसीमा प्रदर्शन गरेछन्। वास्तवमा देशका लागि सबभन्दा घातक समूह यही हो। यिनलाई जनाधिकार, परिश्रम र विधिको शासनबाट हुने प्रगतिमा विश्वास हुँदैन। बरु यी राजा, ठालु, आदिको हुकुमी बाटोबाट रातारात केही कुम्ल्याउने दाउमा हुन्छन्। इतिहासदेखि नै यिनले आमजनताको संघर्ष र बलिदानीले आएका अधिकार र उपलब्धिलाई सकेसम्म कमजोर बनाउने, जनतालाई एक-अर्कोसँग लडाउने-भिडाउने गर्दै आएका छन्। पानी धमिल्याएर, दाउ खेल्ने यिनको पुरानै चरित्र हो। अहिलेको अस्थिर अवस्थामा च्याँखे दाउ गरिरहेकाहरूबाट जेन-जी साथीहरू होसियार !

● **आकाश आचार्य**, काठमाडौं

एमालेभित्रको सुषुप्त आवाज

एमालेमा पहिलोपटक केपी ओलीविरुद्ध पदाधिकारी बहुमत भएछन्। उसो त विगतमा एमाले भनेको विचारको मन्थन गर्ने र सामूहिक नेतृत्वबाट चल्ने पार्टी थियो। केपी ओलीको आगमनपछि मात्र विचार पछि पऱ्यो र उनका चुटुकिला र अति ज्ञानले प्राथमिकता पाए। पार्टीभित्रका उग्र नेतालाई काखी च्यापेर लामै समय अरूलाई निषेध गरेपछि पार्टी आजको अवस्थामा आइपुगेको हो। पार्टीमा विचार राख्ने नेताभन्दा ओलीनजिकका नेता शक्तिशाली भए। ओलीलाई 'बा'का रूपमा स्थापित गर्ने प्रयास गरियो। उनलाई 'बा'का रूपमा नभएर 'कमरेड'का रूपमा व्यवहार गर्नेहरू कमजोर पारिए।

● **प्रकाशदत्त सुवेदी**, महेन्द्रनगर

कठिन मोडमा देश

देश आज कठिन मोडमा छ। यस अवस्थामा पुऱ्याउनमा मुख्य दुई दल जिम्मेवार छन्। ठुला दलको जिम्मेवारी भनेको देशलाई सुशासन र विकास मार्गमा अघि बढाउने हुनुपर्ने हो। तर, तिनले त पार्टीभित्रका भ्रष्टलाई जोगाउने, उन्मुक्ति दिने, राज्यका सबै प्रमुख अंगमा आफूअनुकूलको व्यक्तिलाई नियुक्ति दिने काममा व्यस्त रहे। प्रमुख दलको यी कदमका कारण देश चरम भ्रष्टाचारस्थल बन्यो। नयाँ दल वा नेता आउँदा ससाना आरोप लगाएर प्रतिशोधपूर्ण मुद्दामा जेलमा सडाउनेतिर उनीहरू लागे। यसले आज देश विदेशी शक्तिको क्रिडास्थल बनेको छ। यो अवस्थाबाट अब देशलाई बाहिर निकाल्न सबै लाग्नुपर्छ।

● **जयराम पौडेल**, चितवन

युद्धको माग गर्नेलाई नोबेल शान्ति पुरस्कार !

विगतमा ट्रम्पलाई भेनेजुयलामाथि आक्रमणका लागि आह्वान गर्दै आएकी मचाडोले नोबेल पुरस्कार पनि ट्रम्पलाई समर्पित गरेकी छिन्

देश / विदेश

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत चाहना गरेका कारण यो वर्षको नोबेल शान्ति पुरस्कार घोषणा हुनुअघि धेरैले चासो दिएका थिए। हुन पनि ट्रम्पले पटक-पटक कैयौं युद्ध रोकेकाले आफू पुरस्कारका लागि सबैभन्दा योग्य भएको दाबी गरिरहेका थिए। संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गर्ने क्रममा समेत उनले विश्वका विभिन्न भागका सात युद्ध रोकेको बताए र नोबेल पुरस्कारको उल्लेख गरे।

शुक्रबार विजेता घोषणा गर्नुअघि ट्रम्प नचुनिए पुरस्कार दिने देश नर्वेमाथि अमेरिकी भन्सार शुल्क बढ्न सक्ने वा नेटोमा गर्दै आएको खर्च बढाउन दबाब पर्ने वा नर्वेलाई ट्रम्पले शत्रु घोषणा गर्न सक्नेसम्म चर्चा हुन थालिसकेको थियो। अन्ततः नोबेल कमिटीले भेनेजुएलाकी विपक्षी राजनीतिज्ञ मारिया कोरिना मचाडोलाई विजेताका रूपमा छनोट गरेर ट्रम्पलाई हिस्स बनाइदियो। अमेरिकी राष्ट्रपति ट्रम्पको पुरस्कार जित्ने आशा चकनाचुर भए पनि कमिटीले चुनेको विजेता मचाडोले भेनेजुयलामा सुरु हुन लागेको ट्रम्पको युद्ध अघि बढाउन भने सघाउन सक्छिन्।

मचाडोले 'भेनेजुयलाका जनताको लोकतान्त्रिक अधिकारको प्रवर्द्धनका लागि गरेको अथक प्रयास र तानाशाहीबाट लोकतन्त्रतर्फ न्यायपूर्ण तथा शान्तिपूर्ण संक्रमण गराउन गरेको संघर्षका लागि' पुरस्कार दिइएको नोबेल कमिटीले भनेको छ।

तथापि, मचाडोको छवि त्यतिमै सीमित भने छैन। उनै त्यस्ती नेतृ हुन्, जसले गत महिना भेनेजुयला तटीय क्षेत्रमा सोही देशका डुंगाहरूमाथि भएका अमेरिकी हवाई आक्रमणको स्वागत गरेकी थिइन्। अमेरिकाले ती डुंगा 'लागुऔषध तस्करहरू'को भएको दाबी गर्ने गरेको छ।

तटनजिक अमेरिकी सैन्य उपस्थिति बढेपछि भेनेजुयलामा केही विपक्षी नेताले समेत अमेरिकी सैन्य हस्तक्षेपको खतराको चिन्ता व्यक्त गरिरहँदा माचाडोले भने हस्तक्षेपको लागि ट्रम्पलाई आह्वान गरिरहेकी छिन्। यो क्रुरा उनले आफ्नो नोबेल पुरस्कार जितलाई अमेरिकी राष्ट्रपतिलाई समर्पित गरेर पनि प्रदर्शन गरिसकेकी छन्।



नोबेल शान्ति पुरस्कारका विजेताको रूपमा मचाडोको चयनको समय पनि ख्याल गर्नुपर्छ। उनलाई त्यस्तो समय पुरस्कार दिइएको छ, जब संयुक्त राज्य अमेरिकाले भेनेजुयलालाई लक्षित गरेर क्यारिबियन क्षेत्रमा युद्धपोत र चार हजार सशस्त्र बल तैनाथ गरिसकेको छ।

भन्न त अमेरिकाले भेनेजुयलाबाट अमेरिका लागुपदार्थ बोक्ने जहाज बढेकाले सुरक्षा बढाइएको दाबी गरेको छ। तर, वासिंटनको उद्देश्य मदुरो सरकार परिवर्तनसम्म रहेको विश्लेषण भइरहेको छ।

ट्रम्प प्रशासनले भेनेजुयलाका राष्ट्रपति निकोलस मदुरोलाई लागुपदार्थ तस्करको आरोप लगाउँदै उनको टाउकोको मूल्य तोकिएको छ। यसले शासन परिवर्तनलाई प्रभाव पार्ने उद्देश्यले मदुरोको हत्या प्रयास हुने डरसमेत बढाएको छ।

भेनेजुयला पछिल्लो केही वर्षभित्रै अपेक्षाकृत लोकतान्त्रिक र समृद्ध देशबाट मानवीय र आर्थिक संकटबाट पीडित राज्यमा रूपान्तरण भएको सबैले देखेकै छन्। संकटबिच लगभग ८० लाख मानिस देश छाडेर भागिसके। मदुरो सरकारविरुद्ध पटक-पटक विपक्षीले आन्दोलन गरिसके। यस्तै एक आन्दोलनको नेतृत्व गरेकाले मचाडोलाई गत वर्षदेखि भूमिगत रहन बाध्य पारिएको नोबेल कमिटीले बताएको छ।

'आफ्नो जीवनमाथि नै गम्भीर खतरा आइपर्दा समेत मचाडो देशमै रहेर लाखौं मानिस लोकतन्त्रप्रति प्रेरित गरिरहेकी छिन् र अत्यन्त विभाजित विपक्षीलाई एकसाथ ल्याएको कमिटीले पुरस्कार घोषणामा भनेको छ। 'उनी भेनेजुयला समाजको सैन्यीकरणको प्रतिरोध गर्न कहिल्यै डगमगाइनन्। उनी लोकतन्त्रमा शान्तिपूर्ण संक्रमणका लागि आफ्नो समर्थनमा दृढ रहेकी छिन्,' पुरस्कार घोषणाका क्रममा भनिएको छ।

मचाडो 'सुमाटे' नामक संस्थाकी संस्थापक हुन्, जसले आफूलाई लोकतान्त्रिक विकासमा समर्पित संस्थाको रूपमा व्याख्या गर्छ। उनले २० वर्षभन्दा लामो समयदेखि स्वतन्त्र र निष्पक्ष चुनावको माग उठाउँदै आएकी छिन्। त्यसअतिरिक्त उनले वर्षौंदेखि न्यायिक स्वतन्त्रता, मानव अधिकार र स्वच्छ निर्वाचनको वकालत गर्दै आएकी छिन्।

सन् २०२४ मा सम्पन्न पछिल्लो राष्ट्रपतीय चुनावअघि मचाडोलाई विपक्षी गठबन्धनले राष्ट्रपति उम्मेदवार बनाएको थियो। तर, मदुरो नेतृत्वको सत्ताले उनलाई उम्मेदवार हुन अयोग्य घोषित गऱ्यो। त्यसपछि उनले फरक पार्टीका नेता एड्मन्डो गोन्जालेज उरुटियाको उम्मेदवारीलाई समर्थन गरिन् र उनका पछाडि लाखौं स्वयंसेवक परिचालन गर्ने कामको सहजीकरण गरिन्।

'स्थायी शान्तिका लागि लोकतन्त्र पूर्वसर्त हो। यद्यपि, हामी बाँचिरहेका विश्वमा लोकतन्त्रमा ठुलो क्षय हुँदै गएको छ। धेरैभन्दा धेरै अधिनायकवादी शासनले लोकतान्त्रिक मान्यतालाई चुनौती दिइरहेका छन्। हिंसालाई शासनको माध्यम बनाएका छन्। भेनेजुयलाका शासकको सत्तालिप्सा र जनसंख्याको कठोर दमन संसारमा नयाँ होइन। अहिले विश्वव्यापी रूपमा यही प्रवृत्ति देख्छौं। सत्तामा रहेकाहरूबाट कानुनी शासनको दुरुपयोग, स्वतन्त्र मिडियाको दमन, आलोचकको धरपकड र समाजको सैन्यीकरण। सन् २०२४ मा विगतको कुनै समयमा भन्दा बढी चुनाव सम्पन्न भए। तर, तीमध्ये थोरै मात्र निष्पक्ष भए,' नोबेल समितिले पुरस्कार घोषणा गर्दा उल्लेख गरेको छ।

द वायरबाट

जापानमा पुरानो राजनीतिक समूहबाट उदाएकी नयाँ नेतृ ताकाइचीका चुनौती

ताकाइचीलाई छनोट गरेर एलडिपीले इतिहास रचे पनि पार्टीमा रूपान्तरणको सट्टा केवल निरन्तरतालाई संकेत गरेको छ



● गुरजित सिंह

सिंह जर्मनी, इन्डोनेसिया, इथियोपिया, आसियान र अफ्रिकी संघका लागि पूर्वराजदूत हुन्



ताकाइची तत्कालीन प्रधानमन्त्री सिन्जो आबेको वैचारिक क्याम्पसँग दृढतापूर्वक मिल्ने एक कट्टर रुढिवादी मानिन्छिन् । विवादास्पद यासुकुनी तीर्थस्थलको नियमित आगन्तुक उनले चीन र दक्षिण कोरियाको कडा आलोचनाका बाबजुद आफ्नो राष्ट्रवादी पहिचानलाई बलियो बनाएकी छिन् । तस्बिर : एपी

युद्धपछिको इतिहासमा जापानले पहिलोपटक महिलालाई प्रधानमन्त्रीको रूपमा निर्वाचित गर्दै छ । अनुभवी रुढिवादी राजनीतिज्ञ साने ताकाइचीले सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को अध्यक्षता सुरक्षित गरिन् । यदि डाइट (जापानको संसद्) ले प्रधानमन्त्री पदका लागि अनुमोदन गऱ्यो भने उनले लगभग आठ दशकदेखिको अवरोध तोड्नेछिन् । विभिन्न जनमत सर्वेक्षणले युवा कृषिमन्त्री तथा सुधारवादी स्टार कोइजुमी सिन्जिरो अग्रपंक्तिमा देखा पर्ने अनुमानका बाबजुद एलडिपीको अध्यक्ष पदमा उनको विजय धेरैका लागि अचम्मको विषय थियो । पुस्तागत नवीकरणको प्रतिनिधित्व गरेकी कोइजुमीले बलियो समर्थन प्राप्त गरेकी थिइन् । तैपनि, एलडिपीको गुटगत अंकगणित, तल्लो तहको बफादारी र रुढिवादी प्रवृत्तिले फरक नतिजा ल्यायो । एलडिपीको अध्यक्ष पद दुई चरणको प्रतिस्पर्धामा तय हुन्छ । पहिलो चरणमा संसद् सदस्य (२९५ मत) र देशभरका तल्लो तहका सदस्य (२९५ मत) दुवैले मतदान गर्छन् । यदि कुनै पनि उम्मेदवारले बहुमत प्राप्त गर्न सकेनन् भने शीर्ष दुईजना दोस्रो चरणमा अगाडि बढ्छन् । यस दोस्रो चरणमा सांसदहरूले फेरि मतदान गर्छन् भने तल्लो तहको भूमिका ४७ मतमा संकुचित हुन्छ ।

कोइजुमीले आफ्नो सुधारवादी छविमार्फत संसद् सदस्य र सहरी मतदातालाई अपिल गरे, तर ताकाइचीले पार्टीको मेरुदण्ड मानिने रुढिवादी प्रिफेक्चरल (प्रान्त)को बफादारी सुरक्षित गरिन् । तथापि, ताकाइचीको विजय जापानी राजनीतिमा लैंगिक क्रान्तिको प्रमाण होइन । बरु, यसले हालैका चुनावी झट्कापछि पार्टीको एकीकरणको आवश्यकतालाई प्रतिबिम्बित गर्छ । एलडिपी एकजना यस्तो नेतातर्फ फर्कियो, जसले आफ्नो रुढिवादी आधारलाई कायम राख्न सक्छ र सान्केई-टु जस्ता लोकप्रिय प्रतिद्वन्द्वी दललाई रोक्न सक्छ । ताकाइचीलाई छनोट गरेर एलडिपीले इतिहास रचे पनि रुपान्तरणको सट्टा निरन्तरताको संकेत गऱ्यो । अब उनको चुनौती भनेको लोकप्रिय प्रतिद्वन्द्वीलाई रोक्न गुटहरूलाई एकताबद्ध गर्नु र कोइजुमी शैलीको सुधारवादलाई बढी आकर्षक ठान्ने युवा र सहरिया मतदाताको मन जित्नु रहेको छ ।

ताकाइचीलाई स्वर्गीय प्रधानमन्त्री सिन्जो आबेको वैचारिक क्याम्पसँग दृढतापूर्वक मिल्ने एक कट्टर रुढीवादी मानिन्छिन् । विवादास्पद यासुकुनी तीर्थस्थलको नियमित आगन्तुक ताकाइचीले चीन र दक्षिण कोरियाबाट कडा आलोचनाका बाबजुद आफ्नो राष्ट्रवादी पहिचानलाई बलियो बनाएकी छिन् । रक्षाको सन्दर्भमा उनले जापानलाई कुल गार्हस्थ उत्पादन (जिडिपी) को कम्तीमा दुई प्रतिशत खर्च गर्न आह्वान गर्छिन्, यसको लामो समयदेखिको एक प्रतिशत सीमा दोब्बर बनाउँछिन् र घरेलु हतियार उद्योगको विकासलाई समर्थन गर्छिन् । आर्थिक रूपमा ताकाइची आक्रामक घाटा खर्चका लागि आफ्नो पूर्ववत् समर्थनबाट थप सतर्क अडानमा सरेकी छिन् । उनी एलडिपीको विश्वसनीयता पुनर्स्थापित गर्न र बढ्दो जीवनयापन लागत र रोजगारीको असुरक्षाबारे मतदाताको चिन्तालाई सम्बोधन गर्न जोड दिन्छिन् । 'कार्य र जीवनबिचको सन्तुलन'लाई अस्वीकार गर्दै उनी मन्त्रिपरिषद्बाट समान प्रतिबद्धताको माग गर्छिन् । उनको यस बकबास शैलीले काम गर्ने उमेरका नागरिक र वृद्धवृद्धा दुवैलाई अपिल गर्दछ ।

> ताकाइचीले कडा अडान लिने संकेत गरेकी छिन् । व्यापार सम्झौताले जापानलाई फाइदा पुऱ्याउनुपर्छ भन्ने उनको जोड छ । ताकाइचीको पहिलो कूटनीतिक परीक्षण क्वालालम्पुरमा हुने पूर्वी एसिया शिखर सम्मेलनमा हुनेछ, जहाँ उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य क्षेत्रीय नेतालाई भेट्नेछिन् ।

राष्ट्रवादी विषयवस्तुहरू पनि बलियो रूपमा प्रस्तुत गरिएका छन् । उनले अनियन्त्रित आप्रवासन र सामूहिक पर्यटनविरुद्ध चेतावनी दिएकी छिन् । विशेषगरी उनको निर्वाचन क्षेत्रमा प्रचार गरिएको यस नाराले सांस्कृतिक स्थललाई तनावपूर्ण बनाएको छ । यस नाराका कारण देशबाहिर अलग्गिने सम्भावना भए पनि यस्तो बयानबाजीले घरेलु मतदाता लोकप्रिय विकल्पतर्फ झुक्न सक्छन् । विदेश नीतिमा अमेरिकी गठबन्धन जापानको सुरक्षाको आधारशिला बनेको छ । तैपनि, ट्रम्प प्रशासनअन्तर्गत सम्बन्ध तनावपूर्ण छ (विशेषगरी शुल्क र रक्षा बोझ बाँडफाँडमा) । प्रधानमन्त्री कार्यालयमा ताकाइचीका पूर्ववर्ती सिगेरु इसिबाले शुल्क राहतको बदलामा जापानी लगानीमा ५५० अर्ब डलर समावेश गर्ने व्यापार प्याकेजमा वार्ता गरेका थिए, तर कार्यान्वयनमा देखा परेका विवाद कायमै छन् ।

ताकाइचीले कडा अडान लिने संकेत गरेकी छिन् । उनी व्यापार सम्झौताले जापानलाई फाइदा पुऱ्याउनुपर्छ भन्ने कुरामा जोड दिन्छिन् । उनको पहिलो कूटनीतिक परीक्षण क्वालालम्पुरमा हुने पूर्वी एसिया शिखर सम्मेलनमा हुनेछ, जहाँ उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य क्षेत्रीय नेतालाई भेट्नेछिन् । ताकाइचीले जापानको प्रमुख 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' (एफओआइपी) रणनीतिलाई बलियो बनाउने वाचा गरेकी छिन् । उनले कुनै पनि सम्भावित अमेरिका-चीन सम्झौताबाट जापानलाई किनारा नलागोस् भन्ने सुनिश्चित गर्ने चुनौतीको सामना गर्छिन् । भारत, अस्ट्रेलिया र दक्षिणपूर्वी एसियाली साझेदारसँग सुरक्षा र आर्थिक सम्बन्धलाई बलियो बनाउनु उनको दृष्टिकोणको केन्द्रबिन्दु हुनेछ ।


यद्यपि, उनको हक्की स्वभावले चीन र दक्षिण कोरियासँगको सम्बन्धलाई जटिल बनाउनेछ । प्रधानमन्त्रीको रूपमा उनले केही इसारालाई नरम पार्न सके भए पनि उनको राजनीतिक आधारले उनले राष्ट्रवादी अडान कायम राख्ने अपेक्षा गर्छ । क्षेत्रीय कूटनीतिसँग घरेलु वैधता सन्तुलन गर्नाले उनको नेतृत्वको परीक्षा हुनेछ । भारत र जापानले पूर्वाधार, डिजिटल प्रविधि र श्रम गतिशीलतालाई समेटेर आफ्नो रणनीतिक साझेदारीलाई निरन्तर गहिरो बनाएका छन् । अगस्टमा इसिबा र मोदीले पाँच वर्षमा पाँच लाख भारतीय कामदारलाई तालिम दिने र पचास हजारलाई जापान आउने सहमति जनाए । विदेशी कामदारप्रति ताकाचीको शंकाले कार्यक्रमको भविष्यबारे प्रश्न उठाउँछ । विश्लेषक उनको चिन्ता मुख्यतया चिनियाँ आप्रवासीमा निर्देशित रहेको बताउँछन्, तर अनिश्चितता यथावत् छ । कहिल्यै भारत भ्रमण नगरे पनि उनले टोकियोस्थित भारतीय दूतावाससँग घनिष्ठ सम्पर्क कायम राखेकी छिन् । एफओआइपीप्रति उनको प्रतिबद्धताले उनी नेतृत्वको जापानको रणनीतिक गणनामा भारत केन्द्रबिन्दु रहने कुरालाई सुनिश्चित गर्दछ ।

प्रतीकात्मक रूपमा ताकाइचीको विजय अभूतपूर्व छ । यसले केवल एक हठी, रुढिवादी महिलाले अनिश्चित समयमा स्थिरता प्रस्तुत गर्न सक्छिन् भन्ने एलडिपीको गणनालाई प्रतिबिम्बित गर्दछ । उनले प्रतीकात्मकतालाई प्रभावकारी शासनमा परिणत गर्न सक्छिन् कि सक्दिनन् भन्ने कुराले उनको विरासत मात्र होइन, आगामी दशकमा जापानी राजनीतिको मार्ग पनि परिभाषित गर्नेछ ।

- द हिन्दुस्तान टाइम्सबाट

इतिहासमा आज

अक्टोबर १२



सन् २००१ : नोबेल शान्ति पुरस्कार संयुक्त राष्ट्र संघ र संगठनका महासचिव कोफी अन्नानलाई प्रदान गरिएको छ ।

१८९६ : १९७५ मा साहित्यको लागि नोबेल पुरस्कार जित्ने इटालियन कवि, गद्य लेखक, सम्पादक र अनुवादक युजेनियो मोन्टालेको जन्मदिन ।

१९०१ : राष्ट्रपति थियोडोर रुजवेल्टले आधिकारिक रूपमा वासिंटन डिसीमा १६०० पेन्सिलभेनिया एभिन्यूमा रहेको राष्ट्रपति निवासको नाम कार्यकारी हवेलीबाट ह्वाइट हाउसमा परिवर्तन गरे ।

१९१५ : प्रथम विश्वयुद्धको समयमा जर्मन-कब्जा गरिएको बेल्जियमबाट भाग्न सहयोगी सैनिकलाई सहयोग गरेकोमा अंग्रेजी नर्स एडिथ क्याभेललाई मृत्युदण्ड दिइयो ।

१९६८ : इक्वेटोरियल गिनीले स्पेनबाट स्वतन्त्रता प्राप्त गऱ्यो ।

१९९९ : खेलको इतिहासमा सबैभन्दा ठुला आक्रामक खेलाडीमध्ये एक मानिने अमेरिकी बास्केटबल खेलाडी विल्ट चेम्बरलेनको ६३ वर्षको उमेरमा निधन भयो ।

२००० : यमनको एडेन बन्दरगाहमा इन्धन भर्ने तयारी गर्दा अमेरिकी नौसेना विनाशक युएसएस कोलमा अल-कायदासँग सम्बन्धित आत्मघाती बमवर्षकले आक्रमण गर्दा १७ नाबिक मारिए ।

श्रीलंकामा दैनिक ९३८ मेट्रिकटन प्लास्टिकजन्य फोहोर उत्पादन



कोलम्बो / प्लास्टिकजन्य फोहोर विश्वव्यापी रूपमा बढ्दो समस्या हो । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमका अनुसार पृथ्वीमा हामीले बिताएको प्रत्येक मिनेटमा एक ट्रक प्लास्टिक फोहोर समुद्रमा प्रवेश गर्छ । हालैका अध्ययनहरूले श्रीलंकाले हरेक दिन लगभग ९३८ मेट्रिकटन प्लास्टिक फोहोर उत्पादन गर्ने देखाएको छ । उत्पादित फोहरमध्ये चार प्रतिशत मात्रै पुनः प्रयोगमा ल्याउन मिल्ने खालको हुने गरेको छ । देशको वातावरण, प्राकृतिक स्रोत तथा दिगो विकाससम्बन्धी क्षेत्रीय अनुगमन समितिका अनुसार उत्पादित फोहोरमध्ये ३२ प्रतिशत मात्रै फोहोर संकलन हुने गरेको छ ।

सो समितिले वातावरणीय अधिकारीहरूलाई प्लास्टिक संकलनका लागि दिइने प्रोत्साहन कार्यक्रम बढाउन निर्देशनसमेत दिएको छ । श्रीलंकाले वार्षिक चार लाख मेट्रिकटन प्लास्टिक कच्चा पदार्थ र २० हजार मेट्रिकटन फोहोरजन्य प्लास्टिक आयात गर्ने गरेको त्यहाँको सञ्चार विभागले जनाएको छ । श्रीलंकामा पछिल्लो समय प्लास्टिकजन्य फोहोर गम्भीर समस्याको रूपमा देखापरेको छ । समस्या विकराल बन्दै गएपछि सरकारले पुनः प्रयोगमा ल्याउन नमिल्ने खालका प्लास्टिकको जथाभावी प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

अफगानिस्तानका छिमेकीले एउटै स्वरमा भने- बग्राम एयरबेस अमेरिकालाई फिर्ता गर्न हुँदैन

तालिबान सरकारका विदेशमन्त्री अमिर खान मुत्ताकी नयाँदिल्लीको ऐतिहासिक भ्रमणमा

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले 'बग्राम एयरबेस'माथि पुनः अमेरिकी नियन्त्रण कामय हुनुपर्ने भन्दै दबाब दिइरहेका वेला भारतलगायत अफगानिस्तानका सबै छिमेकीले त्यसलाई नस्विकार्ने बताएका छन् । अफगानिस्तानमा 'सैन्य पूर्वाधार' तैनाथ गर्ने विदेशी प्रयासविरुद्ध उसका सबै छिमेकीले दुर्लभ एकता प्रदर्शन गरेका छन् ।

मंगलबार अफगानिस्तानका छिमेकी देशहरूको क्षेत्रीय समूह 'मस्को फर्म्याट अफ कन्सल्टेसन अन अफगानिस्तान'ले एक संयुक्त विज्ञप्ति जारी गर्दै 'स्वतन्त्र, एकताबद्ध र शान्तिपूर्ण अफगानिस्तानको निर्माणप्रति आफ्नो अटल समर्थन' दोहोऱ्याए । समूहमा अफगानिस्तानसहित रुस, चीन, इरान, भारत, पाकिस्तान र मध्य-एसियाली राष्ट्र सामेल छन् । मध्य-एसियाली देशमा कजाखस्तान, किर्गिजस्थान, ताजिकस्थान, उज्बेकिस्तान छन् । ती सबैले अफगानिस्तानमा कुनै प्रकारको अमेरिकी फिर्तीको कडा विरोध गर्ने बताएका छन् ।

'बाह्य देशले अफगानिस्तान र छिमेकी राज्यमा आफ्नो सैन्य पूर्वाधार तैनाथ गर्ने प्रयासलाई अस्वीकार्य मान्छौं । किनकि, यसले क्षेत्रीय शान्ति र स्थायित्व गर्दैन,' वक्तव्यमा भनिएको छ । एक वर्षकै भाषा प्रतिध्वनित भएको यस वक्तव्यले ट्रम्पको बग्राम फिर्ता लिने प्रयासविरुद्ध व्यापक क्षेत्रीय विरोध रहेको संकेत गर्छ । जबकि, ट्रम्प आफैंले पाँच वर्षअघि अमेरिकी सेना काबुलबाट फिर्ता गर्न मार्गप्रशस्त गर्ने सर्तमा तालिबानलाई हस्तान्तरण गरेका थिए ।

यसपटकको वक्तव्यमा लामो समयदेखिको अमेरिकी सहयोगी देश भारतले समेत समर्थन जनाएको छ । उसो त पछिल्लो समय नयाँदिल्ली र वासिंटनबिचको सम्बन्ध केही चिसिएको छ । आफूले लामो समयदेखि विरोध गर्दै आएको तालिबानसँग भारतले पछिल्लो समय सम्बन्ध विकास गरेको छ । यसै अनुरूप तालिबानका विदेशमन्त्री अमिर खान मुत्ताकी अक्टोबर ९ देखि १६ सम्म नयाँदिल्लीको ऐतिहासिक पहिलो भ्रमणमा छन् ।

मस्को फोरममा समेत भाग लिएका, मुत्ताकीले पनि अफगानिस्तानले कुनै पनि विदेशी सैन्य उपस्थिति नस्विकार्ने बताए । 'अफगानिस्तान एक स्वतन्त्र र स्वाधीन देश हो । इतिहासभरि यसले विदेशी सैन्य उपस्थितिलाई कहिल्यै स्विकारेको छैन । हाम्रो निर्णय र नीति अफगानिस्तानलाई स्वतन्त्र र स्वाधीन राख्ने नै रहनेछ,' मुत्ताकीले भने ।

गत महिना ट्रम्पले बग्राम फिर्ता नगरेमा अफगानिस्तानलाई 'धेरै नराम्रो' हुने धम्की दिएका थिए । र, तालिबानले चीननजिक रहेको यस रणनीतिक स्थानलाई फिर्ता गर्ने ट्रम्पको आह्वानलाई अस्वीकार गरेको छ ।

चीनको सिमानाबाट ८०० किमि टाढा रहेको बग्राम एयरबेस सिनजियाङस्थित सबैभन्दा नजिकैको चिनियाँ मिसाइल कारखानाबाट लगभग दुई हजार ४०० किलोमिटर मात्रै पर छ । ट्रम्पले बग्राममाथिको नियन्त्रण पुनः प्राप्त गर्न चाहनुको प्रमुख कारण नै चीनसँगको नजदिकी भएको उल्लेख गरेका छन् । गत महिना लन्डनमा एक भेलामा सम्बोधन गर्ने क्रममा ट्रम्पले भनेका थिए, 'बग्राम आधार चीनले आफ्नो आणविक हतियार बनाउने ठाउँबाट जम्मा एक घण्टा मात्र टाढा छ ।'

तथापि, वर्तमान र पूर्वअमेरिकी अधिकारीले ट्रम्पको लक्ष्यमाथि शंका व्यक्त गर्दै आएका छन् । बग्राममाथि पुनः अमेरिकी पकड कायम गर्न ठुलो स्तरको आक्रमण गर्नुपर्ने र त्यो पुनः अफगान अतिक्रमण हुने तिनले बताएका छन् । यस अभियानमा १० हजारभन्दा बढी सेनाका साथै उन्नत हवाई प्रतिरक्षा तैनाथीको आवश्यकता पर्न सक्ने सुरक्षा विज्ञको अनुमान छ ।

'सो एयरबेस हस्तान्तरणको हुने वार्ता र फौज पुनः परिचालनको परिणाम निकै चुनौतीपूर्ण र लामो हुनेछ । साथै, त्यसले दुईमध्ये कुनै पक्षलाई रणनीतिक हित गर्नेमा शंका छ,' जेनेभामा मुख्यालय रहेको 'सेन्टर अन आर्म्ड ग्रुप्स'का सह-निर्देशक एस्ले ज्याक्सनले भने ।

सेप्टेम्बर ११, २००१ मा अलकायदाले न्युयोर्क र वासिंटनका विभिन्न स्थानमा आतंकवादी आक्रमण गरेपछि सुरु भएको दुई दशक लामो युद्धको समयमा बग्राम एयरबेस स्थापना गरिएको थियो । विशाल क्षेत्र ओगटेको यो एयरबेस अफगानिस्तानमा अमेरिकी सेनाको मुख्य अड्डा थियो ।

अमेरिकी सेनाको नेतृत्वमा भएको तथाकथित 'आतंकवादविरुद्धको युद्ध'का क्रममा हजारौं मानिसलाई कुनै आरोप वा मुद्दाविना नै उक्त स्थानमा वर्षौंसम्म कैद गरिएको थियो । कैद गरिएकामध्ये अधिकांशले आफूमाथि दुर्व्यवहार भएको वा यातना दिएको बयान दिएका थिए ।

ट्रम्पले राष्ट्रपतिका रूपमा आफ्नो पहिलो कार्यकालमा पहिलोपटक कार्यान्वयन गरेको अमेरिकी फिर्ती र ह्वाइट हाउसमा जो बाइडेनसँगै अफगान सरकारको पतनपछि सन् २०२१ मा अमेरिका समर्थित सरकारको पतनपछि तालिबानले त्यस एयरबेस पुनः कब्जा गरेको थियो ।

ट्रम्पले पहिलो कार्यकालमा अमेरिकी सेनाको अफगान फिर्ती प्रक्रिया सुरु गरेका थिए, जसलाई उनीपछि राष्ट्रपति बनेका जो बाइडेनले पनि निरन्तरता दिएका थिए । पूरै अमेरिकी सेना फर्किइनसक्दै तालिबानले काबुल कब्जा गरिसकेको थियो ।



> ११ सेप्टेम्बर २००१ मा अलकायदाले न्युयोर्क र वासिंटनका विभिन्न स्थानमा आतंकवादी आक्रमण गरेपछि सुरु भएको दुई दशक लामो युद्धको समयमा बग्राम एयरबेस स्थापना गरिएको थियो । विशाल क्षेत्र ओगटेको यो एयरबेस अफगानिस्तानमा अमेरिकी सेनाको मुख्य अड्डा थियो ।

-अल जजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २६ असोज ०८२

मनसुनमा भरिएन कुलेखानीको इन्द्रसरोवर



मकवानपुरमा **पोष्टराज अधिकारी**

इन्द्रसरोवर गाउँपालिकामा रहेको देशकै एक मात्र जलाशययुक्त जलविद्युत् आयोजना कुलेखानीको जलाधार क्षेत्रमा पर्याप्त पानी नपर्दा इन्द्रसरोवरमा पानी भरिएको छैन । कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टका अनुसार बिहीबारसम्म जलाशयमा पानीको सतह एक हजार ५१.०७ मिटर रहेको छ ।

विद्युत् प्राधिकरणको 'ब्याकअप'का रूपमा रहेको कुलेखानी जलाशयमा पानी भरिन अझै १८ मिटर बाँकी छ । मनसुन सकिँदा पनि जलाधार क्षेत्रमा पर्याप्त पानी नपर्दा जलाशयमा पानीको सतह पर्याप्त मात्रामा बढ्न नसकेको प्रमुख भट्टले बताए । जलाशय पूर्ण रूपमा भरिँदा करिब ८५ लाख घनमिटर पानी जम्मा हुने उनको भनाइ छ ।

प्रमुख भट्टका अनुसार १७ र १८ असोजमा परेको पानीले जलाशयमा पछिल्लो समय पानीको सतह बढेको हो । यसअघि १३ असोजमा जलाशयमा जम्मा एक हजार पाँच सय चार मिटर मात्रै पानी भरिएको थियो । उनले भने, 'यस वर्ष इन्द्रसरोवरको जलाधार क्षेत्रमा पर्याप्त पानी नपर्दा जलाशयको सतह सोचेअनुरूप बढ्न सकेको छैन ।'

गत वर्ष साउनदेखि असोजसम्म दैनिक ५० देखि ७५ सेन्टिमिटरसम्म सतह बढ्ने गरेकोमा यस वर्ष मुस्किलले २० सेन्टिमिटर मात्र बढेको आयोजना प्रमुख भट्टले बताए । उनका अनुसार गत वर्ष ११ असोजमा मात्रै पाँच मिटरले सतह बढेको थियो । जलाशयमा पानी जम्मा हुने अधिकतम सीमा समुद्री सतहबाट एक हजार पाँच सय ३० मिटर हो भने यसको न्यूनतम सीमा एक हजार चार सय ८४ मिटर हो । गत वर्ष भदौ पहिलो सातामा इन्द्रसरोवरमा पानीको सतह एक हजार पाँच सय १३ मिटर पुगेको थियो भने असोज ११ र १२ गतेको अविरल वर्षाले जलाशय भरिएर ओभर फ्लो भएपछि पानी निकासका लागि जलाशयको ढोका खोल्नुपरेको थियो ।

मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाको दामन, पालुङ, बज्रवाराही, चित्लाङ एवं इन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल क्षेत्र इन्द्रसरोवर जलाशयको जलाधार क्षेत्र हुन् । प्रमुख भट्टले यस वर्षको १७ र १८ असोजमा परेको पानीले जलाधार क्षेत्रमा मूल फुटेकाले बिस्तारै जलाशयमा पानी थपिँदै जाने विश्वास व्यक्त गरे । उनले हिउँदमा हुने वर्षाले पनि जलाशयको सतह बढ्ने भएकाले विद्युत् आपूर्तिमा त्यति समस्या नहुने बताए ।

'यस वर्ष असोज १७ र १८ मा परेको पानीले इन्द्रसरोवरको जलाधार क्षेत्रका नदी र खोल्साखोल्सीमा मूल फुटेको छ, जसले गर्दा पानीको स्रोत नियमित रूपमा बढिरहन्छ, उनले भने, 'यसैगरी हिउँदमा हुने वर्षाले पनि जलाशयको पानीको सतह बढाउन मद्दत गर्छ ।'

नेपाल विद्युत् प्राधिकरणको 'ब्याकअप'का रूपमा रहेको कुलेखानी जलविद्युत् आयोजना विशेष गरी सुक्खा र गर्मी याममा नदी तथा खोलामा पानीको बहाव कम हुँदा विद्युत् आपूर्ति सन्तुलन गर्न र अधिक माग भएको समयमा तथा भोल्टेज तलमाथि हुँदा वितरण प्रणाली व्यवस्थित गर्न सञ्चालन गर्ने गरिएको छ ।

अझै पानी पर्ने समय बाँकी नै रहेकाले अहिले नै हिउँदमा विद्युत् आपूर्तिमा समस्या हुन्छ कि भनेर आत्तिनुपर्ने अवस्था नरहेको आयोजना प्रमुख भट्टले बताए । उनका अनुसार कुलेखानी प्रथमबाट ६० मेगावाट, दोस्रोबाट ३२ मेगावाट र तेस्रो बाट १४ मेगावाट गरी कुल एक सय ६ मेगावाट विद्युत् उत्पादन गर्न सकिने क्षमता रहेको छ ।

पुरानै ठेक्काबाट बिपी राजमार्गको पुनर्निर्माण

१७-१९ असोजको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माण पुरानै ठेक्कामा थप्ने तयारी, ठेकेदारलाई भेरिएसनको सुविधा

सडक विभागका प्रवक्ता श्यामबहादुर खड्का भन्छन्-



बाढीले डाइभर्सन सडक नै बगाएको छ । स्थायी सडकमा क्षति पुगेको छैन । यो बाढीले पुरानो ठेक्कालाई केही असर गर्छ । तर, भेरिएसनको सुविधा दिएर पुरानै ठेक्काबाट काम लगाउने तयारीमा छौं । पुरानो ठेक्काबाट काम गर्ने भन्दैमा रकम पनि पुरानो हुँदैन । यसबाट सिर्जना दायित्वबापत भेरिएसनको सुविधा दिन्छौं । पछिल्लो वस्तु परिस्थितिलाई दृष्टिगत गर्दै पुरानो ठेक्का सम्झौतामा आवश्यकताअनुसार संशोधन गर्न सकिन्छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत १७-१९ असोजको बाढीले थप क्षतिग्रस्त भएको बिपी राजमार्गका विभिन्न खण्डको पुनर्निर्माण पुरानै ठेक्काअन्तर्गत गरिने भएको छ । १७, १८ र १९ असोजको वर्षासँगै आएको बाढीपहिरोबाट उक्त राजमार्गको काभ्रे र सिन्धुलीका विभिन्न १३ ठाउँमा गरेर चार किलोमिटर सडक बगाएको थियो । त्यसमा अधिकांश वैकल्पिक (डाइभर्सन) र आंशिक स्थायी सडक छन् ।

डाइभर्सन सडक बनाएर शुक्रबार साँझदेखि बिपी राजमार्गमा सवारी आगमन खुला गरिएको छ । तर, त्यहाँ स्थायी रूपमै सडक पुनर्निर्माण गर्न पुरानै ठेक्काअन्तर्गत अघि बढाउने तयारीमा सडक विभाग छ ।

विभागको संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयका सुपरिटेन्डिङ इन्जिनियर शुभराज न्यौपानेले पुरानै ठेक्काअन्तर्गत बिपी राजमार्गको पुनर्निर्माण अघि बढ्ने बताए । बिपी राजमार्ग मधेश र कोशी प्रदेशलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो र उपयुक्त राजमार्ग हो । एक सय ६० किमि लामो बिपी राजमार्ग जापानको २६ अर्ब यान आर्थिक र प्राविधिक सहयोगमा निर्माण गरिएको थियो । ०५३/५४ देखि सुरु भएको यसको निर्माण ०७२ सालमा सम्पन्न भएको थियो, जुन सडक गत वर्ष ०८१ को असोज १०-१२ मा रोशी खोलामा आएको बाढीले पनि प्रभावित भएको थियो । एक वर्षमै उक्त सडक बाढीले थप प्रभावित बनाए पनि क्षति भने धेरै नभएको विभागको भनाइ छ ।

गत वर्षको बाढीले काभ्रेपलाञ्चोकको रोशीदेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न ठाउँमा गरी १३ किलोमिटर सडकखण्ड क्षतिग्रस्त बनाएको थियो । त्यसमा ८.५ किमि सडकको नामोनिसान नै थिएन । गत वर्षको बाढीले प्रभावित भएपछि अस्थायी डाइभर्सन नै बनाएर सडक सञ्चालनमा ल्याइएको थियो । गत आवको बाढीबाट प्रभावित



तस्बिर : संजित परियार

भएको सहित गरेर झन्डै ३० किमि सडक पुनर्निर्माण तथा मर्मत गर्नुपर्ने भएको थियो ।

त्यसको पुनर्निर्माण प्रक्रिया यसअघि नै अघि बढिसकेको छ । नेपालले पुनर्निर्माण गर्नेतर्फ चार प्याकेजअन्तर्गत तीन प्याकेजको ठेक्का सम्झौता यसअघि नै भइसकेको छ ।

भकुन्डेबेँसीदेखि चारसयबेँसीसम्म ११ किमि लामो सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीसँग एक अर्ब १४ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ । चारसयबेँसीदेखि डालाबेँसीसम्मको नौ किमि लामो सडक बनाउन भने खानी-कमलजित-एवान जेभीसँग एक अर्ब २२ करोड रुपैयाँमा ठेक्का सम्झौता गरिएको छ । काभ्रे जिल्लामा पर्ने यो खण्डको पुनर्निर्माणका लागि गत असारमै ठेक्का सम्झौता भएको थियो ।

सिन्धुली जिल्लामा पर्ने बर्खेखोलादेखि नेपालथोकसम्मको पाँच किमि लामो सडक पुनर्निर्माण गर्न भने खरीढुंगा-घिसिङ-क्षितिज जेभीसँग ५५ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । गत असारमै यसको ठेक्का सम्झौता भएको हो । दुई वर्षमा काम सक्ने गरी यी तीन ठेक्का सम्झौता भएका छन् । यद्यपि, काम सुरु भइसकेको अवस्था भने छैन ।

यता सिन्धुली-काभ्रेपलाञ्चोक सीमा क्षेत्र बर्खेखोलादेखि काभ्रेपलाञ्चोकको डल्लाबेँसीसम्मको खण्ड भने जापानले पुनर्निर्माण गर्ने भनेको थियो । त्यसमा पछि जापानले पिप्लेदेखि बर्खेखोलासम्मको ३.२ किमि लामो सडक पुनर्निर्माण गर्ने गरी प्रक्रिया अघि बढाएको छ । जापानले अस्वीकार गरेको पिप्लेदेखि डालाबेँसीसम्मको २.३ किमि लामो सडकको पुनर्निर्माणको प्रक्रिया भने विभागले अघि बढाएको छ, अहिले त्यसमा ठेकेदार कम्पनी छनोट गर्ने मूल्यांकनको काम भइरहेको छ । त्यो अवस्थामा यसपालिको बाढीले पुनः त्यो सडक क्षतिग्रस्त बनाएको हो । काभ्रे र सिन्धुलीका विभिन्न १३ ठाउँमा गरेर चार किलोमिटर लामो सडक बगाएको थियो । त्यसमा अधिकांश वैकल्पिक (डाइभर्सन) र आंशिक स्थायी सडक छन् ।



विभागका अनुसार यसपालिको बाढीले गत आवको बाढीपछि निर्माण गरिएको अस्थायी सडक नै बगाएको छ । यद्यपि, बालुवा क्षेत्रमा झन्डै दुई सय मिटर सडक बाढीले क्षतिग्रस्त भएको छ । यसैगरी कालढुंगामा २५ मिटर, डाप्चा पुलमा २० मिटर र माथिल्लो मम्तीमा २० मिटर स्थायी सडक क्षतिग्रस्त भएको छ । बाढीले गरेको नयाँ क्षति करिब थिनै हुन् । यीबाहेक बाढीले क्षतिग्रस्त बनाएको खण्ड गत वर्षको बाढीले क्षतिग्रस्त बनाएको ठाउँ र त्यहाँ निर्माण गरिएको अस्थायी सडक हो । स्थायी रूपमा सडक निर्माणको काम सुरु नहुँदै यो वर्ष बाढी आई सडक थप प्रभावित भएको हो । तसर्थ, पुरानै ठेक्काअन्तर्गत पुनर्निर्माणको काम गर्न सकिने विभागका सुपरिटेन्डिङ इन्जिनियर न्यौपानले बताए ।

'गत वर्षको बाढीपहिरोले जुन ठाउँको सडक क्षतिग्रस्त गराएको थियो, यसपालिको बाढीपहिरोले पनि त्यही खण्डमा क्षति पुऱ्याएको छ । त्यसमा पनि अधिकांश अस्थायी सडक अर्थात् डाइभर्सन छन् । बाढीले केही ठाउँमा मात्रै स्थायी सडक बगाएको छ,' उनले भने, 'तर, त्यो पनि पुनर्निर्माणका लागि अघि बढाएको ठेक्काको खण्डभित्रै पर्छन् । तसर्थ, बाढीले क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माण पुरानै ठेक्काअन्तर्गत अघि बढाउन सकिन्छ । आवश्यक अध्ययन गरी थप प्रक्रिया पूरा गरेर अहिलेको बाढीबाट क्षतिग्रस्त भएको सडकको पुनर्निर्माण पनि पुरानै ठेक्कामार्फत अघि बढाउँछौं ।'

विभागले त्यस क्षेत्रको साढे ३० किमि सडकको पुनर्निर्माणको प्रक्रिया यसअघि नै अघि बढाएको छ । त्यसको डिजाइनसमेत बनिसकेको छ । अहिले बाढीले पनि त्यही खण्डभित्रका सडक प्रभावित बनाएको हो ।

'डिजाइन बनिसकेको छ । अब एकपटक क्षतिग्रस्त सडकको अध्ययन तथा अवलोकन गर्छौं । त्यसका आधारमा डिजाइन परिमार्जन गर्छौं,' न्यौपानेले भने, 'त्यसपछि त्यहीअनुसार पुनर्निर्माणको काम गर्न ठेकेदार कम्पनीलाई भन्छौं । पुरानै ठेक्काबाट काम गर्ने हाम्रो योजना हो ।'

सडक विभागका प्रवक्ता श्यामबहादुर खड्काले पनि पुरानै ठेक्काबाट पुनर्निर्माण अघि बढ्ने बताए । 'बाढीले डाइभर्सन सडक नै बगाएको हो । स्थायी सडकमा क्षति पुगेको छैन । यो बाढीले पुरानो ठेक्कालाई केही असर गर्छ । तर, भेरिएसनको सुविधा दिएर पुरानै ठेक्काबाट काम लगाउने तयारीमा छौं,' उनले भने, 'पुरानो ठेक्काबाट काम गर्ने भन्दैमा रकम पनि पुरानो हुँदैन । यसबाट सिर्जना दायित्वबापत भेरिएसनको सुविधा दिन्छौं ।' पछिल्लो वस्तु परिस्थितिलाई दृष्टिगत गर्दै पुरानो ठेक्का सम्झौतामा आवश्यकताअनुसार संशोधन गर्न सकिने उनले बताए ।

'कुन-कुन ठाउँमा क्षति भएको छ । त्यसको सूची तयार गर्छौं । ठेक्का सम्झौता गर्दा र अहिलेको अवस्था फरक छ । अब कहाँ-कहाँ के के गर्नुपर्छ, त्यो हेर्छौं,' उनले भने, 'सोहीअनुसार पुरानो ठेक्का सम्झौता पनि संशोधन हुन सक्छ । भेरिएसनको सुविधा पनि दिन सक्छौं ।' जापानले जिम्मा लिएको खण्डअन्तर्गत भने जापानले नै पुनर्निर्माण गर्नेछ ।

सरकारले निर्यातमा दिँदै आएको नगद अनुदान रोक्यो

नयाँ पत्रिका

सरकारले निर्यात प्रोत्साहनका लागि दिँदै आएको नगद अनुदान रोकेको छ । चालू आर्थिक वर्षका लागि दायित्व हुने गरी निर्यातमा नगद अनुदान नदिने भएको हो ।

सरकारले निर्यातमा नगद अनुदानसम्बन्धी कार्यविधि, २०७५ अनुसार निर्यातमा पाँच प्रतिशतसम्म नगद अनुदान दिँदै आएको छ । तर, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्रअनुसार उद्योग विभागले चालू आर्थिक वर्षका लागि नगद अनुदानको प्रक्रिया रोकेको सूचना प्रकाशन गरेको छ ।

विभागले २३ असोजमा प्रकाशित सूचनामा भनिएको छ, 'मन्त्रालयको ५ असोजको पत्रबाट चालू आर्थिक वर्षमा थप दायित्व सिर्जना गर्ने गरी निवेदन लिन उपयुक्त नदेखिएको भनी लेखिआएको हुँदा आर्थिक वर्ष ०८१/८२ को स्वघोषणाको विवरण उद्योग विभागमा पेस नगर्ने व्यवस्था हुने सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना जारी गरिएको छ ।'

सरकारले चालू आर्थिक वर्षको बजेटमा पनि निर्यातमा नगद अनुदान दिने विषय केही उल्लेख छैन । सोही कारण पनि निर्यातमा नगद अनुदान के होला भन्ने अन्योलमा थियो । अहिले स्रोतमा संकुचन भएको भन्दै सरकारले नगद अनुदान रोकेको हो । यद्यपि, निजी क्षेत्रले भने यसलाई रोक्न नहुने बताउँदै आएका छन् । निर्यातमा नगद अनुदान नदिने निर्णय सच्याउनुपर्ने उनीहरूको माग छ ।

■ नेपाल उद्योग वाणिज्य महासंघका निर्यात प्रवर्द्धन समितिका सभापति नरेशलाल श्रेष्ठ भन्छन्-



नगद अनुदान रोक्दा निर्यात प्रभावित हुन सक्छ । अहिले सरकारले स्रोतमा संकुचन आएको कारण देखाउँदै निर्यातमा नगद अनुदान नदिने निर्णय गरेको छ, जुन उचित होइन । अहिले उद्यम-व्यवसायमा समस्या परेका वेला, निर्यातलाई अझ प्रोत्साहन गर्नुपर्ने वेला सुविधा कटौती गर्नुहुँदैन । राज्यले स्रोत-साधन जुटाएर यस्ता प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिनुपर्छ ।

नेपाल उद्योग वाणिज्य महासंघका निर्यात प्रवर्द्धन समितिका सभापति नरेशलाल श्रेष्ठले नगद अनुदान रोक्दा निर्यात प्रभावित हुन सक्ने बताए । 'अहिले सरकारले स्रोतमा संकुचन आएको कारण देखाउँदै निर्यातमा नगद अनुदान नदिने निर्णय गरेको छ, जुन उचित होइन,' उनले भने, 'अहिले उद्यम-व्यवसायमा समस्या परेका वेला, निर्यातलाई अझ प्रोत्साहन गर्नुपर्ने वेला सुविधा कटौती गर्नुहुँदैन ।' राज्यले स्रोत-साधन जुटाएर यस्ता प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने उनको भनाइ छ ।

निर्यातमा नगद अनुदान कटौतीको विषयमा आइतबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा वार्ता एवं छलफलसमेत गर्ने तयारी भइरहेको श्रेष्ठले जानकारी दिए । 'सरकारले दिने नगद अनुदानले वस्तुको मार्केटिङलगायतमा योगदान पुग्दै आएको छ, यसलाई निरन्तरता दिनुपर्छ भन्ने हाम्रो माग हो,' उनले भने, 'अब आइतबार वार्ता गर्ने तय भएको छ ।'

फड्केले जोड्यो मलंगवासँग तीन पालिका

सर्लाहीमा **श्रवण थापा**



लखन्देहीमा आएको बाढीले टुटाएको हुलाकी सडक बाँसको फड्केले जोडिएको छ । अविरल वर्षापछि लखन्देखी खोलामा आएको बाढीले आइतबार जिल्लाको कौडेना गाउँपालिका- ३ मा एक सय ५० मिटर हुलाकी सडक बगाएको थियो । सडक बगाएपछि जिल्लाको दक्षिण-पश्चिक क्षेत्रको सदरमुकाम मलंगवासँगै सम्पर्कविच्छेद भएको थियो । उक्त स्थानमा पालिकाको सहयोगमा सुरक्षाकर्मीले बाँसको फड्के तयार गरिदिएका हुन् ।

फड्के तयार भएसँगै कौडेना, गोडैता, बलरा, रामनगरलगायत पालिकाका नागरिकलाई सदरमुकाम मलंगवासम्म पुग्न सहज भएको छ । तत्काललाई फड्केबाट पैदलयात्री र साइकल, मोटरसाइकल वारपार गर्न सकिने गाउँपालिका अध्यक्ष रुपेश कुमारले बताए । सडक बाढीले बगाएपछि निकै लामो वैकल्पिक मार्ग प्रयोग गर्नुपरेको गुनासो गरेका थिए ।

सोही स्थानमा केही स्थानीयले बाँसको अस्थायी फड्के बनाएर चर्को पैसा उठाएको गुनासो आएपछि पालिका आफैंले पहल गरेर फड्के तयार गरेको उनको भनाइ थियो । स्थानीय केही व्यक्तिले मानिस, साइकल, मोटरसाइकल वारपार गरेको १० रुपैयाँदेखि एक सय रुपैयाँसम्म लिएका थिए । यात्रुहरूको गुनासोपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले तत्काललाई पैदल यात्रु, साइकल र मोटरसाइकल सञ्चालन हुने गरी बाँसको फड्के तयार गरेको हो ।

पालिकाको सक्रियतामा आवश्यक सामग्री जुटाएर बाँसको फड्के निर्माण गरिएको जिल्ला प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए । फड्के निर्माणपछि उक्त सडक भएर हिँड्ने यात्रुहरूले केही राहत महसुस गरेका कौडेना गाउँपालिका अध्यक्ष रूपेश कुमारले बताए । पालिकाको तर्फबाट सडकको छेउबाट डाइभर्सनसमेत निर्माण गरिरहेको बताए । 'हामीले सडक बगाएको ठाउँमा तत्काल डाइभर्सन तयार गरिरहेका छौं,' उनले भने, 'जग्गाधनीले केही आनाकानी गर्दा थोरै ढिला भयो ।'

Biruwa Rural Municipality
Office of The Rural Municipal Executive
Biruwa, Syangja
Gandaki Province, Nepal

Invitation for Bid

First Date of publication: 12th October 2025

1. Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja invites electronic bids only from Nepalese eligible bidders for the contract given in the table below under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures.

SN	Contract Identification No.	Name of Project	Avg. Annual Construction Turnover	Work Experience of similar size & Nature	Bid Security Amount	Cost of Bid Document	Bid Validity Period
1	NCB/BRM/WORKS/ 009/2082-83	Upgrading of Biruwa Lalang Tarle Kushumbhanjyang Road	Nrs. 49.5 Millions	NRs. 24.157 Millions	NRs. 1510000	NRs. 5000.00	90 Days

Activity	Date	Time
Submission of Bid	11th - November -2025	On or Before 12:00 Hrs
Opening of Bid	11th - November -2025	14:00 Hours.
Rajaswa (Revenue) Account No:	**06300106200003** (Everest Bank Ltd, Biruwa Branch) **sutrarevenue.fcgo.gov.np**	
Dharauti Account No:	**006300105200050** (Everest Bank Ltd, Biruwa Branch)	
Rajaswa Shirshak No:	**142290401** (Office Code No: 80443505300)	

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
4. Bid Security period shall be **30 days beyond** the bid validity period. For further details bidders may visit PPMO website:- www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)
बबरमहल, काठमाडौं ।

सूचना

मिति : २०८२/०६/२६

मिति २०८२ साल भाद्र २३ र २४ गते (जेन जी) ले गरेको आन्दोलनको क्रममा यस कार्यालयमा तोडफोड तथा आगजनी भई भौतिक संरचना लगायत कार्यालयमा रहेका अभिलेखहरु जलेर नष्ट भएको हुँदा सम्पूर्ण निर्माण व्यवसायी तथा परामर्शदाता, आपूर्तीकर्ता तथा अन्य सरोकारवालाले आ-आफ्नो आयोजनाको आफुसँग भएका तपशिलका कागजातहरु पेश गरिदिनु हुन यो सूचना सबैको जानकारीको लागि अनुरोध छ ।

तपशिल:

1. Bid Response Document
2. Agreement Document
3. Technical Specification
4. Approved Design & Drawings
5. Performance Bank Guarantee, Advance Payment Guarantee, Retention Money Guarantee, Insurance Policies (CAR / GPA)
6. भुक्तानी भएका IPC हरु (ठेक्का बिल, Abstract of Cost, Measurement Sheet
7. Variation Order (VO) भए VO Chart, measurement Sheet
8. म्याद थप सम्बन्धी निर्णय पत्राचार लगायतका कागजातहरु
9. ठेक्कासँग सम्बन्धित अन्य कागजातहरु

विद्युतीय सार्वजनिक यातायात प्रवर्द्धन गर्न कुमारी बैंक र जिआइजेडबिच सम्झौता



काठमाडौं/ नेपालमा दिगो विद्युतीय सार्वजनिक यातायात प्रवर्द्धन गरिने भएको छ। यसका लागि कुमारी बैंक लिमिटेड र जिआइजेड नेपाल संस्थाबिच सम्झौता भएको छ। यो सम्झौता 'नेपालका लागि दिगो विद्युतीय सार्वजनिक यातायात' (सेट अफर नेपाल) परियोजनाअन्तर्गत भएको बताइएको छ। यो सहकार्यले सार्वजनिक यातायात सञ्चालकहरूलाई किफायती वित्तीय पहुँच उपलब्ध गराउनेछ।

साथै, परियोजनाले सार्वजनिक यातायात व्यवसाय गर्नेहरूलाई विद्युतीय माइक्रो र मिनीबस प्रयोग गर्न सहज बनाउनेछ। यसका लागि कुमारी बैंकले विशेष वित्तीय योजना र प्रारम्भिक डाउन पेमेन्ट अनुदानको व्यवस्था गर्नेछ, जसले गर्दा सवारी खरिदको लागत कम हुनेछ र यसलाई आर्थिक रूपमा पनि सहज बनाउने बताइएको छ।

विद्युतीय सार्वजनिक यातायात विशेष गरी विद्युतीय माइक्रो तथा मिनीबसको स्वीकृति र सञ्चालनलाई तीव्र बनाउन लक्षित वित्तीय संयन्त्र र डिजिटल नवप्रवर्तनलाई सहयोग पुर्‍याउने विश्वास गरिएको छ। यो परियोजना न्यूनीकरण कार्य सुविधा (एमएएफ)को आर्थिक सहयोगमा सञ्चालन भइरहेको छ। कार्यक्रमले करिब तीन हजार पाँच सय विद्युतीय मिनीबस सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ। जसले नेपालको सार्वजनिक यातायात प्रणालीलाई थप सफा, हरित र दिगो बनाउन योगदान पुर्‍याउने बताइएको छ।

बैंकले देशभर रहेका तीन सय दुई शाखा सञ्जाल, ५० एक्सटेन्सन काउन्टर, ४८ शाखारहित बैंकिङ इकाइ तथा तीन सय १७ एटिएममार्फत सेवा दिइरहेको छ।

नबिल इन्भेस्टमेन्टको २६.३१ प्रतिशत लाभांश पारित

काठमाडौं/ नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडको साधारणसभाबाट लाभांश पारित गरिएको छ। शुक्रबार सम्पन्न कम्पनीको १६औँ सभाबाट सेयरधनीलाई दिने कुल २६.३१ प्रतिशत लाभांश पारित भएको हो। जसमध्ये २५ प्रतिशत अर्थात् आठ करोड १० लाख रुपैयाँबराबरको बोनस सेयर तथा कर प्रयोजनार्थ १.३१ अर्थात् ४२ लाख ६३ हजार एक सय ५७ रुपैयाँबराबरको नगद लाभांश रहेको छ। सभामा कम्पनीका अध्यक्ष सुजितकुमार शाक्यका साथै सञ्चालक समितिका सदस्यलगायतको उपस्थिति थियो।

Government of Nepal
Office of the Prime Minister and Council of Ministers
National Statistics Office
Thapathali, Kathmandu

Invitation for Sealed Quotation

Date of first publication: 2025-10-12

National Statistics Office invites electronic bid submission for the following services.

SQ No.	Description	Bid price	Bid security amount and validity	Last date and time of submission	Bid opening date and time
NSO/GOODS/ SQ/01/2082-83	Supply and delivery of stationery and office items	NPR. 1,000/- (non-refundable)	NPR. 50,000/- (Fifty thousand) with 75 days validity after the bid opening	Before 12:00 pm on 2025-11-03	At 02:00 pm on 2025-11-03

Further information can be obtained from the e-GP portal www.bolpatra.gov.np/egp .

गोदरेज अप्लायन्सेस र सिजी इलेक्ट्रोनिक्सले थाले व्यावसायिक यात्रा



काठमाडौं/ गोदरेज इन्टरप्राइजेज ग्रुपअन्तर्गतको गोदरेज अप्लायन्सेस र चौधरी ग्रुप (सिजी इलेक्ट्रोनिक्स)ले नयाँ व्यावसायिक वर्षको सुरुवात गरेका छन्। 'ब्रेक्रिङ बाउन्डरिज-२०८२' विषयक बिजनेस पार्टनर्स मिट कार्यक्रममार्फत दुवैले व्यावसायिक यात्रा थालेका हुन्। नेपालभरिका डेढ सयभन्दा बढी च्यानल पार्टनरहरूको उपस्थितिमा बजार नेतृत्वलाई नयाँ परिभाषा दिने र उपभोक्ता अप्लायन्सेस उद्योगमा नयाँ आयाम थप्ने दृष्टिकोण प्रस्तुत गरिएको थियो।

सम्मेलनको उद्घाटन चौधरी ग्रुप (सिजी)का प्रबन्ध निर्देशक निर्वाण चौधरी र गोदरेज अप्लायन्सेसका एक्सपोर्टस् हेड तथा प्रोडक्ट ग्रुप हेड (हेल्थकेयर) जयशंकर नटराजनले गरे। कार्यक्रममा नटराजनले भने, 'ब्रेकिङ बाउन्डरिज विषयवस्तु मात्र होइन, हाम्रो सिमाना चुनौती दिने र नयाँ अवसर सिर्जना गर्ने प्रतिबद्धता पनि हो। हामी पार्टनरसँगै नेपाली बजारमा सम्भावनाको नयाँ क्षितिज तोड्नेछौँ।'

त्यसैगरी, सिजी ग्रुपका प्रबन्ध निर्देशक चौधरीले दुवै कम्पनीको साझा लक्ष्य परम्परागत सिमाना नाघ्नु रहेको बताए। नवप्रवर्तन, सहकार्य र महत्त्वाकांक्षी वृद्धिलाई जोड दिइएको उक्त कार्यक्रममा अत्याधुनिक उत्पादनहरू, भविष्यमुखी व्यावसायिक रणनीतिहरू प्रदर्शन गरिनुका साथै बजारमा नयाँ आयाम सिर्जना गरिरहेका पार्टनरलाई सम्मान गरिएको थियो।

कामना सेवाको १५.७८% लाभांश



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडको १९औँ वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ। बैंकको सञ्चालक समितिका अध्यक्ष सुदीप आचार्यको अध्यक्षतामा सम्पन्न उक्त वार्षिक साधारणसभाबाट १० प्रतिशत बोनस सेयर तथा ५.७८९५ प्रतिशत नगद लाभांश (करसमेत) गरी कुल १५.७८९५ प्रतिशत लाभांश पारित गरेको छ। साथै, उक्त साधारणसभाबाट लेखा परीक्षकको प्रतिवेदनसहित गत आर्थिक वर्षको वार्षिक वित्तीय विवरण छलफल गरी सर्वसम्मतिले पारित गरेको छ। त्यसैगरी, सभाबाट आगामी चार वर्षका लागि संस्थापक समूहअन्तर्गत सुदीप आचार्य, भीमप्रसाद तुलाचन, चतुराखर अधिकारी र सर्वसाधारण समूहअन्तर्गत बलराम बराल, विश्वेश्वर सुवेदी र डा. पवनकुमार शर्मा निर्विरोध निर्वाचित भए।

उक्त साधारणसभाले चालू आवका लागि लेखा परीक्षक नियुक्ति पनि गरेको छ। साधारणसभामा सेयरधनीको जिज्ञासाको जवाफ बैंकका अध्यक्ष सुदीप आचार्य र प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले दिएका थिए।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई र्‍याडिसन एयरपोर्ट लाउन्जमा छुट



काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थ (टिआइए)मा रहेको र्‍याडिसन एयरपोर्ट लाउन्जसँग छुट सम्झौता गरेको छ। बैंकले र्‍याडिसन होटेल लाजिम्पाट, काठमाडौंसँगको सहकार्यमा टिआइएमा रहेको र्‍याडिसन एयरपोर्ट लाउन्जमा विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरेको हो। सम्झौताअनुसार यस बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले उक्त होटेलले र्‍याडिसन एयरपोर्ट लाउन्जमा प्रदान गर्ने सेवासहित विभिन्न सेवामा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

र्‍याडिसन एयरपोर्ट लाउन्ज सेवामा १५ प्रतिशत, खाद्य तथा पेय पदार्थमा (इजाकाया होकाइडो होटेलसमेत) २० प्रतिशत, पेस्ट्री खरिद र ट्र्यानक्विलिटी स्पा सेवामा १५-१५ प्रतिशत तथा र्‍याडिसन फिटनेस सेन्टर (जिम)मा २० प्रतिशत छुट हुने सम्झौता उल्लेख छ।

Tender Notice

Youth Foundation Nepal
Imadol-4, Lalitpur
Email: youthfoundationnepal2074@gmail.com
Phone: 9761684730 (10:00 AM–5:00 PM)
Publish Date : 2082/06/26

S.N	Items	Quantity	Remarks
1	Mono crystalline Solar Panels 450 watt	16 pcs	Equivalent to Vikram
2	Jel Battery (100AH)	24 pcs	Equivalent to Excide
3	Hydride Inverter	2pcs	5.5 KVA 48V MPPT
4	Solar Support Structure	2 Sites	8 panels per site
5	Cable and Accessories	2 sites	For 2 site including all equipment
6	Earthing & lighting Protection	2 sites	Chemical bag 2 rods each for lightning & Earthing
7	Installation Cost	2 sites	Each System of 3.6KW

Project Site : Tripurasundari Municipality, Dolpa
Supply Location : Kathmandu
Technicians : Travel, food, and accommodation covered by YFN
Experience : Prior solar installation experience is required
Documents : Tax clearance, IRD registration and company registration certificate

Key Dates:
- Submission Deadline: 2082/07/11
- Selection Result: 2082/07/14
- Supply : 2082/07/23

Interested firms are requested to submit quotations and required documents via email to youthfoundationnepal2074@gmail.com within the stated deadline.

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सूचना

प्रकाशित मितिः २०८२/०६/२६, आइतबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं. — ऋणी तथा जमानी दिनेहरूको नाम

बर्दिबास शाखा

१. **राजेश कार्की**
ना.प्र.प.नं.:२०२०१०४०/१२७/५४२३, सिन्धुली
जारी मिति : २०६५/०६/०९
बाबुको नाम : हृदय कुमार कार्की
बाजेको नाम : लोक बहादुर कार्की
ठेगाना : भीमस्थान गा.वि.स. वडा नं. १, सिन्धुली हाल तीनपाटन गा.पा. वडा नं. ०२, सिन्धुली

व्यक्तिगत धनजमानी दिने
१. दुर्गादेवी पौडेल
ना.प्र.प.नं. : २७३०१९/४८, काठमाण्डौं
जारी मिति : २०७०/०२/२७
बाबुको नाम : रोज कुमार पौडेल
पतिको नाम : राजेश कार्की
ससुराको नाम : हृदय कुमार कार्की
ठेगाना : काठमाण्डौं जिल्ला कपन गा.वि.स. वडा नं. ०३, हाल बुढानिलकण्ठ न.पा वडा नं. १०, काठमाण्डौं

२. यमुना कार्की
ना.प्र.प.नं. : ०३०७०५८७, सिन्धुली
जारी मिति : २०६१/१०/१२
बाबुको नाम : प्रेम बहादुर खड्का
पतिको नाम : सानुराम कार्की
ससुराको नाम : लोक बहादुर कार्कि
ठेगाना : तीनपाटन गा.पा. वडा नं. ०२, सिन्धुली हाल कमलामाई न.पा. वडा नं.०२, सिन्धुली

३. टेक राज कार्की
ना.प्र.प.नं. : २०१०४१/२५१/६३, सिन्धुली
जारी मिति : २०६६/०७/२४
बाबुको नाम : हृदय कुमार कार्की
बाजेको नाम : लोक बहादुर कार्की
ठेगाना : तीनपाटन गा.पा. वडा नं. ०२, सिन्धुली

धितोको विवरण
लोक बहादुर कार्कीको नाति, हृदय कुमार कार्कीको छोरा राजेश कार्कीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला, साविक पाटनदेवी गा.वि.स वडा नं ७/क हाल तिनपाटन गा.पा वडा नं. २ स्थित कि.नं. ५०२ को क्षेत्रफल ०-०-९-० (बि-क-धु-क) को घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. **काजी कुमर**
ना.प्र.प.नं. : २०३०४५/१२१८, सिन्धुली
जारी मिति : २०६३/११/०९
बाबुको नाम : सतोना कुमर
बाजेको नाम : हरिहर कुमर
ठेगाना : दुधौली गा.वि.स. वडा नं.७, सिन्धुली हाल दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

व्यक्तिगत धनजमानी दिने
१. मानवती थारु
ना.प्र.नं. : २०-०१-७७-००४४०, सिन्धुली
जारी मिति : २०७७/०५/२६
बाबुको नाम : रामदेव थारु दनुवार
पतिको नाम : काजी कुमर
ससुराको नाम : सतोना कुमर
ठेगाना : दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

२. सतोना कुमर
ना.प्र.प.नं. : १६१९/२९२०, सिन्धुली
जारी मिति : २०४४/११/०५
बाबुको नाम : हरिहर कुमर
बाजेको नाम : कानु कुमर
ठेगाना : दुधौली गा.वि.स. वडा नं.७, सिन्धुली हाल दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

३. सुकुम कुमारी कुमर
ना.प्र.प.नं. : १५६९/२९२१, सिन्धुली
जारी मिति : २०४४/११/०५
बाबुको नाम : अवधा कुमर
पतिको नाम : सतोना कुमर
ससुराको नाम : हरिहर कुमर
ठेगाना : दुधौली गा.वि.स. वडा नं.७, सिन्धुली हाल दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

४. कुमार कुमर दनुवार
ना.प्र.प.नं. : २०१०४५/१६९, सिन्धुली
जारी मिति : २०६७/११/०४
बाबुको नाम : सतोना कुमर दनुवार
बाजेको नाम : हरिहर कुमर
ठेगाना : सिन्धुली हाल दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

५. प्रताप कुमर
ना.प्र.प.नं. : २०-०१-६९-००१०७, सिन्धुली
जारी मिति : २०६९/०६/१४
बाबुको नाम : सतोना कुमर
बाजेको नाम : हरिहर कुमर
ठेगाना : दुधौली गा.वि.स. वडा नं.७, सिन्धुली हाल दुधौली न.पा. वडा नं. ०९, सिन्धुली

धितोको विवरण
कानु कुमरको नाति, हरिहर कुमरको छोरा सतोना कुमरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स वडा नं ५/क स्थित कि.नं. ७७३ को क्षेत्रफल ०-६-१०-० (बि-क-धु-क) को घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

लालबन्दी शाखा

३. **विवेक माछा पालन फर्म, प्रो. देवेन्द्र यादव**
दर्ता नं.८७३५/०७७/०७८
मिति २०७७/०५/२६ मा घरेलु तथा साना उद्योग कार्यालय सर्लाही मलंगवाबाट जारी भएको
प्यान नं.६१३६२०८०८, मिति २०७७/०५/२६ आन्तरिक राजस्व कार्यालय जनकपुरबाट जारी भएको
ठेगानाः जिल्ला सर्लाही ईश्वरपुर न.पा. वडा नं. ३, भक्तिपुर ।

संस्थागत धनजमानी दिने
१. देवेन्द्र यादव
ना.प्र.प.नं. ६४६५५२७, सर्लाही
जारी मिति : २०४४/१२/१५
बाबुको नाम : राम लक्षन राय यादव
बाजेको नाम : सुभ नारायण राय यादव
ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा.वडा नं.०३, सर्लाही

व्यक्तिगत धनजमानी दिने
१. प्रमिला देवी
ना.प्र.प.नं. ६४६५७८९, सर्लाही
जारी मिति : २०४४/१२/२२
बाबुको नाम : झल्लु राय यादव
पतिको नाम : देवेन्द्र राय यादव
ससुराको नाम : राम लक्षन राय यादव
ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ०३, सर्लाही

२. विवेक कुमार यादव
ना.प्र.प.नं. १९१०५१/१५८, सर्लाही
जारी मिति : २०६७/०३/२५
बाबुको नाम : देवेन्द्र यादव
बाजेको नाम : राम लक्षन राय यादव
ठेगाना : साविक भक्तिपुर गा.वि.स वडा नं.०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ०३, सर्लाही

धितोको विवरण
१. राम लक्षन राय यादवको बुहारी देवेन्द्र राय यादवको पत्नी भक्तिपुर गा.वि.स वडा नं. ०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ३ बस्ने प्रमिला देवीको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोक्नाहा गा.वि.स वडा नं. ८ क स्थित कि.नं. ६२४ को क्षेत्रफल ०-६-८.५-० (बि-क-धु-क) र कि.नं. ३३२ को क्षेत्रफल ०-४-१५-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. सुभ नारायण राय यादवको नाती राम लक्षन राय यादवको छोरा भक्तिपुर गा.वि.स वडा नं. ०७, सर्लाही हाल ईश्वरपुर न.पा. वडा नं. ३ बस्ने देवेन्द्र यादवको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोक्नाहा गा.वि.स वडा नं.८ क स्थित कि.नं. ३३६ को क्षेत्रफल ०-१३-० (बि-क-धु-क), कि.नं. ३३३ को क्षेत्रफल ०-९-१ (बि-क-धु-क) र सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ स्थित कि.नं. २३४ को क्षेत्रफल १२६.५० व.मि. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. **श्री राम कृषि तथा पशुपंछी फर्म, प्रो. पजेव देवि**
दर्ता नं.९९९३/०७७/०७८
मिति २०७७/१०/२१ मा घरेलु तथा साना उद्योग कार्यालय सर्लाही मलंगवाबाट जारी भएको
प्यान नं.६१५०७३८१३ मिति २०७७/१०/२५ आन्तरिक राजस्व कार्यालय जनकपुरबाट जारी भएको
ठेगानाः जिल्ला सर्लाही लालबन्दी न.पा. वडा नं. २, बीटोल

संस्थागत धनजमानी दिने
१. पजेव देवी
ना.प्र.प.नं. ४७८/३९९२/३११४, सर्लाही
जारी मिति : २०४६/०३/१६
बाबुको नाम : मरना पासवान
पतिको नाम : रतिया पासवान
ससुराको नाम : हिरुवा पासवान
ठेगाना : नेत्रगंज गा.वि.स वडा नं.०१, सर्लाही हाल लालबन्दी न.पा. वडा नं.२ सर्लाही

व्यक्तिगत धनजमानी दिने
१. मलारचन पासवान
ना.प्र.प.नं. १९३०९७/५३६, सर्लाही
जारी मिति : २०६३/१२/२१
बाबुको नाम : रतिया पासवान
बाजेको नाम : हिरुवा पासवान
ठेगाना : नेत्रगंज गा.वि.स वडा नं.०१, सर्लाही हाल लालबन्दी न.पा. वडा नं.२ सर्लाही

२. दुलारचन पासवान
ना.प्र.नं. ६६४८०९२२, सर्लाही
जारी मिति : २०६१/०८/१४
बाबुको नाम : रतिया पासवान
बाजेको नाम : हिरुवा पासवान
ठेगाना : नेत्रगंज गा.वि.स वडा नं.०१, सर्लाही हाल लालबन्दी न.पा. वडा नं.२ सर्लाही

धितोको विवरण
हिरुवा पासवानको बुहारी रतिया पासवानको पत्नी साविक नेत्रगंज गा.वि.स वडा नं.०१, सर्लाही हाल लालबन्दी न.पा. वडा नं.२ सर्लाही बस्ने पजेव देविको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको नेत्रगंज गा.वि.स वडा नं.२ क, हाल लालबन्दी न.पा. वडा नं.२ स्थित कि.नं. १५१८ को क्षेत्रफल ०-७-१० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. **बिन्दावन गाई पालन फर्म, प्रो.सिलु कुमारी**
दर्ता नं.८२६२/०७६/०७७
मिति २०७६/०८/२९ मा घरेलु तथा साना उद्योग कार्यालय सर्लाही मलंगवाबाट जारी भएको
प्यान नं.६१२६४४७५५
मिति २०७६/०८/२९ आन्तरिक राजस्व कार्यालय जनकपुरबाट जारी भएको
ठेगानाः जिल्ला सर्लाही हरिपुर न.पा. वडा नं. ७

संस्थागत धनजमानी दिने
१. सिलु कुमारी
ना.प्र.प.नं. : १९-०१-७४-०३९२३, सर्लाही
जारी मिति : २०७४/०४/१०
बाबुको नाम : सिहेश्वर राय
पतिको नाम : नागेन्द्र राय
ससुराको नाम : चौधरी राय
ठेगाना : सर्लाही जिल्ला हरिपुर नगरपालिका वडा नं. ७

व्यक्तिगत धनजमानी दिने
१. नागेन्द्र राय
ना.प्र.प.नं. : १९१०९३/१२१, सर्लाही
जारी मिति : २०६५/०३/११
बाबुको नाम : चौधरी राय
बाजेको नाम : ध्यानी राय
ठेगाना : सर्लाही जिल्ला हरिपुर गा.वि.स वडा नं.५, हाल हरिपुर न.पा., वडा नं. ७, सर्लाही

२. चौधरी राय यादव
ना.प्र.प.नं. : ८२८६०८०६, सर्लाही
जारी मिति : २०४४/११/२९
बाबुको नाम : ध्यानी राय
बाजेको नाम : किसुन अधिकारी
ठेगाना : सर्लाही जिल्ला मोतीपुर गा.वि.स वडा नं.-८, हाल हरिपुर न.पा वडा नं. ७, सर्लाही

३. सज्ञान देवी यादव
ना.प्र.प.नं. : ८२८६०८६७, सर्लाही
जारी मिति : २०४४/१२/०३
बाबुको नाम : रुदल राय यादव
पतिको नाम : चौधरी राय यादव
ससुराको नाम : ध्यानी राय
ठेगाना : सर्लाही जिल्ला मोतीपुर गा.वि.स वडा नं.८, हाल हरिपुर न.पा वडा नं. ७, सर्लाही

धितोको विवरण
ध्यानी राय यादवको बुहारी चौधरी राय यादव को पत्नी जिल्ला सर्लाही हरिपुर न.पा वडा नं. ७ बस्ने सज्ञान देवी यादवको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला हरिपुर १(ख) हाल जिल्ला सर्लाही हरिपुर ७ स्थित कि.नं. ६६ को क्षेत्रफल ०-१-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. **सिलु कुमारी**
ना.प्र.प.नं. : १९-०१-७४-०३९२३, सर्लाही
जारी मिति : २०७४/०४/१०
बाबुको नाम : सिहेश्वर राय
ससुराको नाम : चौधरी राय
पतिको नाम : नागेन्द्र राय
ठेगाना : सर्लाही जिल्ला हरिपुर नगरपालिका वडा नं. ७

व्यक्तिगत धनजमानी दिने
१. नागेन्द्र राय
ना.प्र.प.नं. : १९१०९३/१२१, सर्लाही
जारी मिति : २०६५-०३-११
बाबुको नाम : चौधरी राय
बाजेको नाम : ध्यानी राय
ठेगाना : सर्लाही जिल्ला हरिपुर गाउँ विकास समिति वडा नं. ५, हाल सर्लाही जिल्ला हरिपुर नगरपालिका वडा नं. ७

२. चौधरी राय यादव
ना.प्र.प.नं. : ८२८६०८०६, सर्लाही
जारी मिति : २०४४-११-२९
बाबुको नाम : ध्यानी राय
बाजेको नाम : किसुन अधिकारी
ठेगाना : सर्लाही जिल्ला मोतिपुर गा.वि.स.वडा नं. ८, हाल सर्लाही जिल्ला हरिपुर न.पा. वडा नं.७

३. सज्ञान देवी यादव
ना.प्र.प.नं. : ८२८६०८६७, सर्लाही
जारी मिति : २०४४-१२-०३
बाबुको नाम : रुदल राय यादव
पतीको नाम : चौधरी राय यादव
ससुराको नाम : ध्यानी राय यादव
ठेगाना : सर्लाही जिल्ला मोतिपुर गा.वि.स. वडा नं. ८, हाल सर्लाही जिल्ला हरिपुर न.पा. वडा नं. ७

धितोको विवरण
१. ध्यानी राय यादवको बुहारी चौधरी राय यादवको पत्नी जिल्ला सर्लाही हरिपुर न.पा वडा नं. ७ बस्ने सज्ञान देवी यादव को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला लक्ष्मीपुर को. गा.वि.स वडा नं.८ ख, हाल हरिपुर न.पा. वडा नं.५ स्थित कि.नं. २२९ को क्षेत्रफल ०-२-० (बि-क-धु-क) र कि.नं. र २२ को क्षेत्रफल ०-३-३ (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. चौधरी रायको बुहारी नागेन्द्र रायको पत्नी जिल्ला सर्लाही हरिपुर न.पा वडा नं. ७ बस्ने सिलु कुमारीको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको रहेको सर्लाही जिल्ला हरीपुर गा.वि.स वडा नं. ३, हाल हरिपुर न.पा. वडा नं.७ स्थित कि.नं. ८०१ को क्षेत्रफल ०-०-१०-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

लिलामीका शर्तहरु

१. गोप्य शिलबन्दी बोलपत्र फारम यस संस्थाको शाखा कार्यालयहरु बर्दिबास र लालबन्दीबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/ कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको शाखा कार्यालय बर्दिबास र लालबन्दीमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंमले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल कार्तिक महिना ९ गते आइतबार कार्यालय समय भित्र ।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ साल कार्तिक महिना ११ गते मंगलबार दिनको ३ बजे ।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, शाखा कार्यालय बर्दिबास र लालबन्दी ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np, वेबसाइटः www.centralfinance.com.np

आइसिसी टी-२० विश्वकप छनोट

नेपालसहित सुपर-६ मा छनोट हुने टिम कस्ता ?

रमेश सुवेदी/नयाँ पत्रिका

दक्षिण एसियाली मुलुक भारत र श्रीलंकामा आगामी वर्ष आयोजना हुने आइसिसी पुरुष टी-२० विश्वकप एसिया तथा इएपी छनोटको सुपर-६ पक्का भएको छ। नौ टिम सहभागी भएको छनोटबाट नेपालसहित जापान, ओमान, कतार, सामोआ र संयुक्त अरब इमिरेट्स (युएई)मा छनोट भए। अब, एसिया र इएपीबाट तीन टिम छनोट भएसँगै विश्वकप खेल्ने २० टोलीको टुंगो लाग्नेछ।

समूह 'ए'बाट युएई र कतार छनोट हुँदा मलेसिया लगातार दुई खेलमा पराजित हुँदै बाहिरियो। समूह 'बी'मा नेपाल लगातार विजयी हुँदा जापान उपविजेता भयो। कुवेत भने अप्रत्याशित दुवै हार निकाल्दै अगाडि बढ्न सकेन। समूह 'सी'मा ओमानले दुवै जित निकाल्दा सामोआ पहिलोपटक सुपर ६ मा स्थान बनायो। यो समूहबाट अर्को अप्रत्याशित हार व्यहोर्ने टोली बन्यो पपुवा न्युगिनी। अब, सुपर-६ को तालिकामा शीर्ष तीनभित्र रहने टोली सीधै विश्वकपमा छनोट हुनेछन्। सुपर-६ सुरु नहुँदै समूहमा लगातार दुई खेल जितेका नेपालसहित ओमान र युएईले दुई अंक जोडेका छन्। यी तीन टिमलाई नै विश्वकप पुग्ने सम्भावित राष्ट्रको रूपमा हेरिएको छ।

▸ नेपाल (लगातार दुई जित)



नेपाल लगातार दोस्रो तथा समग्रमा तेस्रोपटक विश्वकप खेल्ने योजनामा छ। पछिल्लोपटक विश्वकपमा सानदार प्रदर्शन गरेको नेपाल योपटक पनि भारत र श्रीलंकाको टिकट काट्ने योजनामा छ। नेपाल बलियो दाबेदारीको रूपमा उभिएको छ। यसको छाँटकाँट समूह चरणमा पनि देखियो। समूह चरणको खेलमा नेपालले कुवेतलाई ५८ तथा जापानलाई पाँच विकेटले पराजित गरेको थियो। नेपालले ब्याटिङमा औसत प्रदर्शन गऱ्यो। बलिङ र फिल्डिङमा भने नेपाली खेलाडीले बहादुरी प्रदर्शन गरेका छन्। छनोटमा नेपालको तर्फबाट सन्दीप लामिछानेले सर्वाधिक चार विकेट लिएका छन्। ब्याटिङतर्फ ओपनर कुशल भुर्तेलले ८७ रन बनाएका छन्।

▸ संयुक्त अरब इमिरेट्स (दुवै खेलमा जित)



पछिल्लोपटक अन्तिम समयमा विश्वकप छनोटबाट बाहिरिएको थियो युएई। यसपटक टोलीले विश्वकपमा स्थान बनाउने योजनासहित तयारी गरेको थियो। युएई तेस्रोपटक विश्वकप खेल्ने योजनामा छ। टोली यसअघि सन् २०१४ र सन् २०२२ मा विश्वकप खेलेको थियो। सायद अजिजको कप्तानीमा रहेको उसले विश्वकप छनोटको समूह 'ए'मा लगातार दुई जित निकाल्यो। पहिलो खेलमा मलेसियालाई ६ विकेट र दोस्रो खेलमा कतारलाई सात विकेटले पराजित गरेको हो। युएईका लागि पूर्वकप्तान मोहम्मद वासिमले मलेसियाविरुद्ध सर्वाधिक ८४ रन बनाएका थिए। उनी नै समूह चरणमा सर्वाधिक ९५ रन बनाउने पहिलो खेलाडी बनेका छन्।

▸ ओमान (दुवै खेलमा जित)



ओमानले समूह 'सी'मा लगातार दुई जित निकाल्दै विजेता बन्यो। पहिलो खेलमा पिएनजीलाई ५२ रन तथा दोस्रो खेलमा सामोआलाई पाँच विकेटले पराजित गऱ्यो। ओमान चौथोपटक विश्वकप खेल्ने योजनामा छ। यसअघि टोलीले सन् २०१६, सन् २०२१ तथा सन् २०२४ मा खेलेको थियो। दुवैपटक समूह चरणबाट माथि बढ्न सकेन। छनोट खेलमा ओमानको तर्फबाट नदिम खान र सकिल अहमदले सर्वाधिक समान तीन विकेट लिएका छन्। ५६ रन बनाएका ३१ वर्षीय विनायक शुक्ला समूह चरणमा सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा १४औँ स्थानमा छन्।

▸ जापान (एक जित, एक हार)



जापान पहिलोपटक विश्वकपमा छनोट हुने योजनामा छ। जापानले यसपटक क्रिकेटमा लगानी गऱ्यो र प्राथमिकतामा पनि राख्यो। उसले जापानमा जन्मिएर विभिन्न मुलुकमा रहेका खेलाडीलाई पनि टिममा समावेश गरेको छ। श्रीलंका, भारत, पाकिस्तान मूलका खेलाडी जापानको टिममा छन्। जापानले पहिलो खेलमा कुवेतविरुद्ध ऐतिहासिक जित निकालेको थियो। उसले छनोट निकालेको यो नै पहिलो जित हो। कुवेतले दिएको १७७ रनको लक्ष्य जापानले पाँच विकेट गुमाएर तीन बलअघि पूरा गरेको थियो। दोस्रो खेलमा उसले नेपाललाई चुनौती दियो। तर, अन्तिममा जापानले नेपाली खेलाडीअघि घुँडा टेक्न बाध्य भयो। खेलमा नेपाल पाँच विकेटले विजयी भयो।

▸ कतार (एक जित, एक हार)



कतार पनि पहिलोपटक विश्वकप खेल्ने योजनामा छ। भारतीय र पाकिस्तानी मूलका खेलाडी समावेश गरेको कतारले योपटक समूह चरणमा उत्कृष्ट प्रदर्शन गऱ्यो। पहिलो खेलमा उसले बलियो मलेसियालाई १७ बलअघि आठ विकेटले पराजित गरेको हो। दोस्रो खेलमा भने नौ बलअघि युएईसँग सात विकेटले पराजित भयो। यो समूहमा मलेसियाविरुद्ध कतारले अप्रत्याशित जित निकालेको थियो। छनोटमा कतारका ओवाइस अहमेदले तीन विकेट लिएका छन्। उनी सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा नवौँ स्थानमा छन्। ६५ रन बनाएका जुबाइर अली सातौँ स्थानमा छन्।

▸ सामोआ (एक हार, एक जित)



सामोआ पहिलोपटक विश्वकप छनोट हुने योजनामा छ। यसले छनोटमा यसको छाँटकाँट पनि देखाएको छ। समूहमा ओमान र पिएनजीलाई बलियो प्रत्याशीको रूपमा हेरिएको थियो। तर, सामोआले उत्कृष्ट प्रदर्शन गर्दै सुपर ६ मा स्थान बनायो। पहिलो खेलमा सामोआले उत्कृष्ट प्रदर्शन गर्दै पिएनजीलाई ६ विकेटले हरायो।

ओमानसँग भने पाँच विकेटले पराजित भएको हो। न्युजिल्यान्डबाट खेलेका विश्वविख्यात ब्याटर रस टेलर सामोआबाट खेलिरहेका छन्। यद्यपि, उनी पहिलो खेलमा एक रन बनाउँदा 'रिटायर्ड हर्ट' भए। दोस्रो खेलमा ओमानविरुद्ध भने २८ बलमा मात्र २२ रन बनाएका थिए। छनोट खेलमा १९ वर्षीय सोलोमन मेने नासले सर्वाधिक पाँच विकेट लिएका छन्।

सुपर सिक्समा नेपालको खेल

नेपालविरुद्ध युएई-२६ गते, समयः अपराह्न ४:१५

नेपालविरुद्ध कतार- २७ गते, समयः बेलुकी ८:४५

नेपालविरुद्ध ओमान - २९ गते, समयः बेलुकी ८:४५

नेपालविरुद्ध सामोआ - ३१ गते, समयः अपराह्न ४:१५

खेल संक्षेप

भलिबलको राष्ट्रिय टिम घोषणा

काठमाडौं/ नेपाल भलिबल संघ (एनभिए)ले बंगलादेशमा आयोजना हुने काभा पुरुष नेसन्स कप २०२५ को लागि नेपाली राष्ट्रिय टिमको घोषणा गरेको छ। शनिबार मुख्य प्रशिक्षक भरत यादवले अन्तिम १४ खेलाडीको नाम सार्वजनिक गरे। जसमा आठजना खेलाडी नयाँ छन्। यद्यपि, उनले कप्तानी जिम्मेवारी कुनै खेलाडीलाई दिएका छन्। मानबहादुर श्रेष्ठ अस्ट्रेलिया पलायन भए पनि नेपाली टिम कप्तानविहीन छ। नेपालले कात्तिक ०५ देखि ११ गतेसम्म हुने प्रतियोगिताका लागि आश्विन २ बाट तयारी थालेको थियो। पहिलो चरणमा १८ जना खेलाडी प्रशिक्षणमा थिए। छनोटमा स्थान बनाउने खेलाडीमा पूर्वकप्तान हरिहजुर थापासँगै धनबहादुर भट्ट क्षेत्री, धीरजकाजी बस्नेत, सुनील बोहरा, पहल गहतराज, शरण सामरी क्षेत्री, शैलेन्द्र यादव, विनोद चन्द, अर्जुन नेपाली, सफल विक, रबिन नगरकोटी, नृपध्वज बस्नेत, सुजन सुनार र सन्तोष राई छन्।

नेपाली टिमको प्रशिक्षक बन्न आवेदन खुला

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले महिला राष्ट्रिय क्रिकेट टिमका लागि मुख्य प्रशिक्षक पदमा आवेदन खुला गरेको छ। क्यानले विदेशी प्रशिक्षक नियुक्त गर्ने चासो देखाएको हो। त्यसका लागि इसिबी वा सिए लेभल-३ वा सोसरहको प्रमाणपत्र भएको र कम्तीमा पाँच वर्षको व्यावसायिक क्रिकेट प्रशिक्षण अनुभव भएको व्यक्ति माग गरिएको छ। क्यानका अनुसार नियुक्त हुने प्रशिक्षकलाई नेपालमा पूर्ण बोर्ड आवास, प्रतिस्पर्धात्मक तलब र टिमको भ्रमण खर्चको व्यवस्था गरिनेछ। इच्छुकले आफ्नो व्यक्तिगत विवरण (सिभी) र पोर्टफोलियो २०२५ अक्टोबर २५ भित्र क्यानलाई बुझाइसक्नुपर्नेछ। नेपाली महिला टोलीले सन् २०२६ को जनवरीमा नेपालमै हुने महिला टी-२० विश्वकपको ग्लोबल छनोट खेल्दै छ।

डेनियल र एनीलाई उपाधि

काठमाडौं/ केभिआर समिट च्यालेन्ज तेस्रो संस्करणको पहिलो चरणमा पुरुषतर्फ डेनमार्कका डेनियल मोयलर र महिलातर्फ नेदरल्यान्ड्सकी एनी माइ बानले उपाधि जितेका छन्। ट्रेलमान्डु नेपालको आयोजनामा शनिबार भएको २१ किलोमिटर दौड पूरा गर्न डेनियलले दुई घण्टा २१ मिनेट ३२ सकेन्ड समय लगाए। नेपालका दीपकमान तामाङ दोस्रो हुँदा भरत गुरुङ तेस्रो स्थानमा रहे। एनीले दुई घण्टा ४५ मिनेटको समय निकालिन्। अमेरिका-जर्मनीकी सोन्या मार्टिन दुई घण्टा ५८ मिनेट ३० सकेन्डका साथ दोस्रो तथा आइसल्यान्डकी सोफी स्टाइनकर तीन घण्टा ० ९:१३ सकेन्डको समय निकाल्दै तेस्रो स्थानमा रहे। यस्तै, सात किलोमिटरको फन रन-हाइकमा पुरुषतर्फ नेपालका डा. आकार शेर्पाली पहिलो, अमृत शाही ठकुरी दोस्रो र सुजन श्रेष्ठ तेस्रो भए।

नेपाली टिम थाइल्यान्ड पुग्यो



नयाँ पत्रिका

एएफसी यू-१७ महिला एसियन कप छनोट खेल्न नेपाली राष्ट्रिय टिम थाइल्यान्ड पुगेको छ। शुक्रबार अखिल नेपाल फुटबल संघ (एन्फा)ले बिदाइ गरेपछि नेपाली टिम राति नै थाइल्यान्ड पुगेको थियो। नेपाली टिमलाई अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई लगायतले विदाई गरेका थिए। समूह 'एफ'मा रहेको नेपालले अक्टोबर १५ मा तुर्किमिनिस्तान र १७ मा थाइल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। सिंगल राउन्ड रोबिन पद्धत्तिको प्रतिस्पर्धापछि समूहको शीर्ष स्थानमा रहने टोलीले अर्को वर्ष चीनमा हुने एसियन कपको १०औँ संस्करणमा स्थान बनाउनेछ।

नेपाली टोलीको गोलकिपरमा झरना डुम्राकोटी, लक्ष्मी ओली र भूपिका शाही छन्। डिफेन्डरमा दीक्षा रायमाझी, अलिजा कुमारी बिक, ग्यान्सु डोल्मा लो, सम्झना चन्द, पूर्णिमा ताडी, अनु माझी, मीनमाया श्रेष्ठ र अन्सु विक छन्। यता, रविना विक, कृतिशा तामाङ, आशिका कार्की, सहारा लिम्बू, बबतिका कार्की, कप्तान भूमिका बुढाथोकी, आयुषा रेउले र सिर्जना बडुवालले मिडफिल्डरको जिम्मेवारी पाएका छन्। नेपाली टिमको अग्रपंक्तिमा अस्मिता मगर, पूजा गिरी, यमकुमारी विक, अनिता रानामगर छन्। प्रशिक्षक चेतनारायण श्रेष्ठले नेपाली टिम फाइनल चरणमा पुग्ने बताएका छन्।

एन्फालाई नौ क्लबको सुझाव

'स्वतन्त्र लिग समिति बनाउनुहोस्'

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)लाई सहिद स्मारक ए डिभिजन लिगका १४ मध्ये नौ क्लबले स्वतन्त्र लिग समिति बनाएर डिभिजन लिग आयोजना गर्न अनुरोध गरेका छन्। एन्फाले प्रस्तावित 'होम एन्ड अवे' लिगका बारेमा छलफल गर्न आइतबार क्लबहरूलाई बैठकमा बोलाएको छ। त्यसअघि शनिबार पत्रकार सम्मेलन गर्दै क्लबहरूले एन्फाको विषयमा असन्तुष्टि राख्दै लिग आयोजना गर्न दबाब बढाएका हुन्। उनीहरूले स्वतन्त्र लिग समिति बनाएर मात्रै डिभिजन लिगलाई व्यवस्थित ढंगले निरन्तर सञ्चालन गर्न सकिने पनि सुझाव दिए।



पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाले तीनवर्षे कार्यकाल पूरा गरिसक्दा मात्र एकपटक सहिद स्मारक डिभिजन लिगको साइकल पूरा गरेको छ। सहिद स्मारक ए डिभिजन लिग गर्न नसकेको दुई वर्ष बढी भइसकेको छ। यसैबिच क्लबहरूले भने एन्फालाई लिग गर्न दबाब बढाएका छन्। एन्फा निर्वाचन नजिकिँदै गर्दा एन्फा नेतृत्व भने विभिन्न बहाना बनाएर पन्छिरहेको क्लबहरूले आरोप पनि लगाएका छन्।

'एन्फाले क्लबहरू नै लिग खेल्न तयार छैन भन्न सक्छ। तर, हामी लिग खेल्न तयार छौं,' हिमालयन शेर्पा क्लबका अध्यक्ष कर्मा छिरिङ शेर्पाले भने, 'हामीलाई होम एन्ड अवे लिग गर्ने भनिएको छ। तर, एन्फाकै तयारी छैन।'

पत्रकार सम्मेलनमा हिमालयन शेर्पासँगै एनआरटी, फ्रेन्ड्स क्लब, श्री भगवती क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मर्स्याङ्दी क्लब, सातदोबाटो युथ क्लब, संकटा क्लब र मच्छिन्द्र क्लबका प्रतिनिधिहरूको उपस्थिति थियो। तीन विभागीय टिमसँगै बढुवा भएका प्लानिङ ब्वाइज र जावलाखेल युथका प्रतिनिधि पत्रकार सम्मेलनमा उपस्थित भएनन्।

एन्फा उपाध्यक्ष दावा लामा प्लानिङ र कार्यसमिति सदस्य महेन्द्र क्षेत्री जावलाखेल युथका अध्यक्ष हुन्। त्यसैले पनि दुई क्लबका प्रतिनिधि पत्रकार सम्मेलनमा देखिएनन्। यसअघि एन्फाले गत असोज ४ गते पत्र लेख्दै १४ क्लबलाई आइतबारको पत्रकार सम्मेलनमा बोलाएको थियो। यही बैठकमा रोकिएको एन्फा यू-१६ युथ लिगका बारेमा पनि छलफल हुने बताइएको छ।

हिमालयन शेर्पाका अध्यक्ष कर्मा छिरिङ शेर्पा भन्छन्-



एन्फाले ए डिभिजन लिग खेल्न क्लबहरूले मानेन भन्न सक्छ। तर, हामीले अहिलेसम्म लिग खेल्दैनौं भनेको छैन। एन्फाले होम मैदान दिन्छौं भनेर प्रस्ताव ल्यायो। तर, हामीलाई नै हाम्रो होम मैदान थाहा छैन। होम मैदान त कम्तीमा १० वर्षका लागि दिनुपर्‍यो। कि एक वर्षअघि नै होम मैदान तयार गर भन्नुपर्थ्यो। हामी त्यो पनि गराउन सक्थ्यौं। तर, खेल नै कहाँ हुने हो थाहा छैन।

१० वर्षका लागि घरेलु मैदान माग

क्लबहरूले होम एन्ड अवे लिग आयोजना गर्न कम्तीमा १० वर्षका लागि मैदानको माग गरेका छन्। उनीहरूले भनेका छन्, 'एएफसी र एन्फा स्वयंको मापदण्डअनुसार कम्तीमा १० वर्षका लागि घरेलु मैदानको कानुनी अधिग्रहण गरी मैदान र प्रशिक्षण मैदान उपलब्ध गराउनुपर्नेछ।' क्लबहरूको जारी विज्ञप्तिमा अन्तर्राष्ट्रिय अभ्यासअनुसार क्लबहरूलाई 'टिम लजिस्टिक' र खेल सञ्चालन खर्च उपलब्ध गराउन र शीर्ष ६ भित्र अटाउने क्लबहरूको पुरस्कार रकम बढाउने माग पनि उल्लेख गरिएको छ। यसैगरी, सम्बन्धित सरकारी निकायसँगको समन्वयमा नेपालको कानुनअन्तर्गत 'म्याच फिक्सिङ' र सट्टेबाजीजस्ता आपराधिक कार्यलाई कडाइका साथ रोक्न आधिकारिक निकाय गठन गर्ने प्रस्ताव पनि क्लबहरूले गरेका छन्।

वेस्ट इन्डिजविरुद्ध दोस्रो टेस्टमा पनि भारत नै बलियो

पहिलो टेस्टमा भारतले इनिङ्ससहित वेस्ट इन्डिजलाई १४० रनले हराएको थियो

एजेन्सी

आयोजक भारतले दिल्लीमा चलिरहेको दोस्रो टेस्टमा पनि वेस्ट इन्डिजविरुद्ध सानदार सुरुवात गरेको छ। भारतले कमजोर देखिएको वेस्ट इन्डिजविरुद्ध दोस्रो टेस्ट पनि सहजै जित्ने संकेत गरेको छ। दोस्रो दिन वेस्ट इन्डिजले ब्याटिङ सुरु गरेको छ। यद्यपि, टोलीको प्रदर्शन निकै कमजोर रहयो। लगातार विकेट गुमाएको छ।

दोस्रो दिनको खेल सकिँदा भारत तीन सय ७८ रनले अगाडि छ। भारतले शनिबार टी-ब्रेकसँगै पाँच विकेट गुमाएर पाँच सय १८ रन बनाउँदै इनिङ्स समाप्ति घोषणा गरेको थियो। दोस्रो दिनको खेल सकिँदा वेस्ट इन्डिजले चार विकेट गुमाएको छ। मात्र एक सय ४० रन बनाएको छ। साई होप ३१ तथा टेबिन इमलाक १४ रन बनाएर खेलिरहेका छन्।

भारतीय स्पिनर रवीन्द्र जडेजाले कप्तान रोस्टन चेजलाई शून्य, तेगनारायण चन्द्रपालले ३४ रन, जन कैम्पवेलले १० रन बनाएर आउट भए। ४१ रन बनाएका एलिक एथनाजलाई कुलदीप यादवले पेभिलियन फर्काएका थिए। यसअघि भारतले दोस्रो दिनको खेल तीन सय १८ रनबाट सुरु गरेको थियो। यो समयसम्म मात्र चार विकेट गुमाएको थियो। यसश्वी जैसवाल एक सय ७५ रन बनाएर रनआउट भएका थिए। जैसवालले २२ चौका प्रहार गरेका थिए। कप्तान शुभमन गिल एक सय २९ रन बनाउन सफल भएका हुन्। उनले करिअरको १०औँ शतक बनाउँदा १६ चौका र दुई छक्का हिर्काएका थिए। साई सुदर्शनले १२ चौकासहित ८७ रन बनाएका हुन्। पछिल्लो खेलमा शतक बनाएका ध्रुव जुरेलले ४४ तथा नितिशकुमार रेड्डीले ४३ रन बनाएका थिए। वेस्ट इन्डिजका जोमल वारिकनले सर्वाधिक तीन विकेट झारेका थिए।

पहिलो टेस्टमा इनिङ्ससहित एक सय ४० रनले जितेको भारत दोस्रो टेस्ट पनि सहजै जित्दै सिरिज २-० ले 'क्लिन स्विप' गर्ने योजनामा छ। यो टेस्टपछि भारतले अस्ट्रेलियासँग खेल्दै छ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com